राजपा–फोरम प्रतिस्पर्धाको परिणाम

आइतबार • ११ असार २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com
राष्ट्रिय साप्ताहिक

टप टेन प्लस टू

२०७४

www.civilbank.com.np
सिभिल बैंक
खुशीका
योजना
धेरै सुविधा धेरै खुशी...
मुद्दती
१२.७५%*
(९ महिना अवधि)
१२.२५%*
(६ महिना अवधि)
बचत
८.२५%*
सम्मका वार्षिक ब्याजदर
आस्वा
निःशुल्क*
*शर्तहरू लागु हुनेछ
प्रधान कार्यालय/मुख्य शाखा : क्लासीक कम्प्लेक्स, तीनधारा रोड, कमलादी, काठमाण्डौं-३१
पोष्ट बक्स: ९७९९, फोन नं : ४१६९०३०/४१६९०३३/४१६९०४०, फ्याक्स नं : ४१६९०३८
CIVIL BANK
सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार
जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

मित्र
आइतबार, ११ असार २०७४ (वर्ष १७, अंक ४५)
NEPAL National Weekly, 25 June 2017 (Vol. 17, No.45)
नेपाल
www.nepal.ekantipur.com



टप टेन प्लस टू २०७४

आवरण ३०

१६ हवाई सुरक्षा
भगवान् भरोसा

२० शिक्षा
बिचौलियाजस्ता विद्यालय

२४ निर्वाचन
राजपा–फोरम प्रतिस्पर्धाको परिणाम

३६ प्रवृत्ति
देउवालाई भाग्यको भर

५४ झल्याकझुलुक
निशाको प्रतीक्षा

४२ वित्त
ब्याजदर बढेको बढ्यै

४२ वर्षदेखि निर्माणाधीन	१५
दृष्टिकोण : हस्त गुरुङ	१८
विमर्श : अच्युत वाग्ले	२८
फरक मत : उज्ज्वल प्रसाईं	४०
अन्योलमा आयोजना	४४
नगरभित्रको पीडित गाउँ	४५

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप–सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने

कपी डेस्क : ईश्वरी ज्ञवाली, विमल आचार्य, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ४ असार २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

शंकाको लाभ

तीन तहको चुनाव गराउने उद्देश्यसाथ सरकारको नेतृत्व सम्हाल्न पुगेका कांग्रेस सभापति शेरबहादुर देउवाबारे अहिल्यै शंका नगरौँ *(चुनाव, चुनाव, मात्र चुनाव, ४ असार)* । चुनाव नै अहिले उनका लागि अवसर र चुनौती बनेको हो । देउवा सरकार सफल हुने र नहुने कुरा पनि दोस्रो चरणको स्थानीय तहको चुनाव र त्यसपछिका दुईवटा निर्वाचनमा अडेको छ । केही समय काम पनि त गर्न दिनुपर्छ । शंकाको लाभ दिने कि !

● किरण भट्टराई
विराटनगर-५, मोरङ

- विगत सरकारमा आफ्ना काम र व्यवहारका कारण असफल भएको आरोप खेपिरहेका देउवा यसपटक पनि असफलताको ट्याग सिउरिने पक्षमा छैनन् । पार्टी र सरकारमा पठाउने व्यक्तिहरूको जिम्मेवारी बाँडफाँटमा कुशलतापूर्वक सफलता प्राप्त गर्न सके निर्वाचनमा पनि उनले सफलता पाउने निश्चित छ ।

● केशव भाट
पुनर्वास-३, कञ्चनपुर

कहिलेसम्म यस्तो ?

प्रमुख तीन दलका शीर्ष नेता पार्टी विधि, अनुशासन र पद्धतिविपरीत चल्दाको परिणाम हो निवासमा लागेको त्यो भीड *(निवासको हालीमुहाली, ४ असार)* । कुनै पनि महत्त्वपूर्ण निर्णय पार्टी कार्यालय र पार्टी पद्धति अनुरूप गर्ने भन्दा पनि नेताका घर-घरबाट हुन थालेपछि मानिसहरूको भीड लाग्नु कुन अनौठो भयो र ? समय छँदै नेताहरू सुधिएनन् भने यो प्रवृत्ति अझ व्यापक बन्ने निश्चित छ ।

● ठाकुर पाठक
गौरादह, झापा

सोझै लुट

आउँदो माघदेखि अस्तित्वमै नरहने निर्वाचन क्षेत्र र सांसदका लागि ठूलो मात्रामा रकम विनियोजन गर्नु भनेको सोझै लूट हो *(विकृतिको निरन्तरता, ४ असार)* । सांसदका नाममा बजेट विनियोजन गरेर तिनलाई योजना र पैसा बाँड्ने काममा सरिक गराउनै हुँदैन । कार्यपालिका र व्यवस्थापिकाको शक्ति सन्तुलन खलबलिने भएकाले सांसद र संसद्लाई अधिकांश

मुलुकमा विधायकी भूमिकामै केन्द्रित गरिन्छ । तर, हामी यसविपरीत हिँड्न खोजिरहेका छौँ ।

● मिलन तुलाधर
इन्द्रचोक, काठमाडौँ

निराशामा प्रहरी

कानुन नियामक निकाय हो प्रहरी तर उसको भूमिका यतिमै सीमित हुन्न *(क्रमशः कमजोर, ४ असार)*।जनतालाई सुरक्षाको प्रत्याभूति गराउने गहन जिम्मेवारी प्रहरीले तब मात्र गर्न सक्छ, जब प्रहरी सेवाभित्रै नियम अनुसार सुविधा र पदोन्नति हुन्छ । तर, यो सामग्री पढेपछि लाग्यो, त्यसरी आफैंभित्र पिल्सिएका प्रहरी अधिकृतले कानुनबमोजिम सेवा गर्ने माहोल र मनोविज्ञान कसरी प्राप्त गर्लान् ? जबसम्म आफूले न्याय पाएको महसुस गर्दैनन्, तबसम्म कुनै कर्मचारीले काम गर्न सक्दैनन् । समयमै बढुवा नहुँदा नेपाल प्रहरीका काबिल अधिकृतहरू निराशाको दलदलमा फसेका छन् । कम्तीमा प्रहरीजस्तो संवदेनशील निकायलाई राजनीतिको फोहोरी खेलबाट टाढा राखे उत्तम हुने थियो ।

● विवेक आचार्य
निजगढ, बारा

- प्रहरी संगठनभित्र प्रवेश गर्न चाहने सक्षम युवालाई प्रवेशको ढोका बन्द गरिदिएपछि हुने यस्तै हो । वरिपरिका आसेपासेहरूको चंगुलमै प्रहरी प्रमुख फस्न थालेपछि यसभन्दा राम्रो परिणामको आशा गर्न सकिन्न । 'कर्म अनुसारको फल' भनेको सायद यही हो ।

● घनेन्द्र अधिकारी
चाबहिल, काठमाडौँ

KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।
गुनासो,
जानकारी,
परामर्श
सुझाव...
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन।
KANTIPUR PUBLICATIONS PVT. LTD.
Radio Kantipur
KANTIPUR TELEVISION NETWORK (P) LTD.
KANTIPUR DIGITAL CORP
KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group
कान्तिपुर
kathmandupost
साप्ताहिक
नेपाल
नारी
ekantipur
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।
www.kmg.com.np

विदेशबाट

एसिड हमलामा परिवर्तित कानुन !

संगीता मगर, १६, लाई ताकेर ०७१ फागुनमा काठमाडौंको एक ट्युसन सेन्टरमा भएको एसिड हमलाको क्षतिपूर्ति अझै दिइएको छैन । एसिड प्रहारबाट मगर र उनकी एक सहपाठी घाइते भएका थिए । मगरको अनुहार, छाती, पेट र खुट्टामा एसिडको असर परेको थियो । तत्काल क्षतिपूर्तिका लागि नेपालको कानुनमा व्यवस्था नै छैन । महिला कानुन तथा विकास मञ्चले रिट दायर गरेपछि सर्वोच्च अदालतले उक्त व्यवस्था परिवर्तन गर्न लागेको छ । गत महिना सर्वोच्चले नेपाल सरकारलाई त्यससम्बन्धी कानुन निर्माण गरी तत्काल क्षतिपूर्ति र आवश्यक पर्ने संवेदनशील तवरको रेखदेखको व्यवस्था गर्न आदेश दिएको थियो ।

नेपालमा बर्सेनि औसत ४० एसिड प्रहारका घटना हुने गरेका छन् । दाइजो नल्याएका कारण परिवारभित्रै पनि यस्ता घटना हुने गरेको पाइएका छन् । दोषीलाई भने आठ वर्षको सजाय र दोषीलाई तीन लाख रूपियाँ क्षतिपूर्ति तिराउने भन्ने छ । बेलायती समाचार संस्था रोयटर्सले लेखेको छ, 'धेरैले त्यसमध्ये पनि निकै कम क्षतिपूर्ति पाउँछन्, त्यो पनि विलम्ब गरी अदालतले फैसला सुनाएपछि मात्र । त्यसबीचमा भने पीडितले दृष्टि गुमाउने र अनुहार छियाछिया हुनेजस्ता थुप्रै खाले मूल्य चुकाइसकेका हुन्छन् ।' ◆

सुर-बेसुर

"अब हामीले सोच्नुपर्छ, टोपी र धोतीप्रति एकअर्काको सम्मान कसरी बढाउने ? एकअर्काको भाषा, भेष, रहनसहन, संस्कृतिप्रति सकारात्मक भाव कसरी जगाउने ? यस्ता कुरा संविधानमा लेखेर हुँदैन । यी सबै व्यावहारिक कुरा हुन् । आखिर हामी एउटै हौं नि ।"

सुरेन्द्र लाभ
अर्थशास्त्री
कान्तिपुर

तस्बिरमा इतिहास

नामै दया : ५५ वर्षअघि रक्तदान गर्दै समाजसेवी दयावीरसिंह कंसाकार । नेपालमा सर्वप्रथम रक्तदान गर्ने व्यक्ति पनि उनै हुन् ।

सोझै



तथ्यचित्र



सातका चर्चित

मनीषा कोइराला
अभिनेत्री

वाग्मती सफाइ महाभियानको सद्भावना दूतमा मनोनीत भएकाले । ५ जेठ ०७० देखि सातामा एकपटक वाग्मती सफाइ कार्यक्रम जारी छ । व्यक्तिगत जीवनमा आएका उतारचढाव र क्यान्सरसँग जुझ्नुपरेपछि एक समय निराशामा धकेलिएकी उनको जीवन अहिले नयाँ ढंगले अघि बढिरहेको छ । पछिल्लो समय निकै आत्मविश्वासी देखिने मनीषाले नेपाल र भारत दुवै देशलाई आफ्नो कार्यथलो बनाएकी छन् । भारतीय फिल्म *डियर माया*बाट बलिउडमा पुनरागमन गरेकी मनीषाले यसमा गरेको अभिनयबाट पनि निकै स्याबासी बटुलेकी छन् ।

पूर्व-सम्माननीयज्यूप्रति...

सरकारी मुद्दामा पेसी स्थगित गरी न्यायमा अवरोध गरेको भन्ने पूर्वसम्माननीयज्यूको भनाइप्रति मेरो कडा आपत्ति छ । यो त सरासर मेरो कामको अवमूल्यन हो । के म यत्ति गरेर बसें हुंला ? मलाई यत्ति कामका लागि नियुक्त गरिएको हो ? मेरो हैसियत यत्ति हो ?

मैले के मात्र गरिनँ ? पद र जिम्मेवारीले मलाई कानुनको टोपी लगाइदिए पनि मेरो दायरा त्यसले सीमित गर्न सक्दैन । र, मेरो मूल्यांकन पनि कानुन र संविधानले गर्न सक्दैन । मेरो वास्तविक जिम्मेवारी महाबिचौलिया हो । महा यस अर्थमा कि

सानातिना मुद्दा-मामिला मेरो प्राथमिकतामा पर्दैनन् । बहालवाला प्रधानमन्त्रीदेखि हुनेवाला प्रधानमन्त्रीसँग मेरो खास कारोबार हुन्छ । तिनका आदेश र निर्देशन तामेल गर्नु मेरो प्रमुख दायित्व हो । मेरो यो दायित्वमा प्रश्न उठाउने कोही माइकालाल छ ? स्वयं नयाँ प्रधानमन्त्रीले समेत मेरो महाबिचौलियागिरीप्रति सन्तुष्ट भएर मेरो जागिरको थमौती गरिदिने भएका छन् । पुराना प्रधानमन्त्रीले लाखलाख प्रशंसा गरेका छन् । पेसी-सेसी त आउँछन्, जान्छन् ।

■ रुन्चे राईँलो

सबै उपसभापति, सबै महामन्त्री



देउवा दाइ कांग्रेसको सभापति चुनिएको १५ महिना भइसक्यो । तर, उनको कार्यशैली हेर्दा १५ दिन पनि बितेजस्तो लाग्दैन । प्रधानमन्त्री भएको १५ दिनमै बरू दोस्रो चरणको चुनाव सार्न ठिक्क परेका छन् । अब कांग्रेसी कार्यकर्तालाई पाँच वर्षभित्र पार्टी पदाधिकारी बन्लान् भन्ने पनि विश्वास छैन, विभाग गठन होला भन्ने पनि पत्यार छैन । देउवा दाइ कहिले नेविसंघको अधिवेशनपछि भनेर टार्छन्, कहिले तरूण दलको । पहिले पहिलो चरणको चुनावपछि भन्थे, अब दोस्रो चरणको चुनावपछि भन्दै छन् । बिस्तारै दसैं-तिहारपछि, चैते दसैंपछि या नयाँ वर्ष आएपछि भन्दै जालान् । एवंरीतले पाँच वर्ष त सजिलै बितिहाल्छ । देउवा दाइलाई त पदाधिकारी बनाउनुभन्दा नबनाउनु नै सुरक्षित छ । आफू सभापति भइहालियो, अन्य आकांक्षीजति सबै उपसभापति, महामन्त्री, सहमहामन्त्री । बनाएपछि त सक्किहाल्यो नि ! मिडियाले के लेख्ने ? नेताले के माग्ने ? देउवा दाइका लागि कांग्रेसका सबै नेता उपसभापति हुन्, सबै नेता महामन्त्री, सबका सब सहमहामन्त्री ।

■ लाल कुमाल

नाममा के छ हजुर !

भन्न त भनिन्छ, नाममा के छ र ! तर, केही भएरै त होला हामी सन्तानका नाम राख्न कति निधार खुम्च्याउँछौं । हाम्रा नयाँ नगरपालिका र गाउँपालिकाका नाम यस्ता छन् कि बडो विचित्र विचित्रका । एउटा नाम त यस्तो पनि छ, खाल्सा छिन्ताङ सहिदभूमि गाउँपालिका । यो ठाउँका मानिसले भौचर भर्दा, फर्म भर्दा, नागरिकतामै लेख्न पनि ठाउँ त पुग्ला के ? लम्बेतान त छँदै छ, नामको पनि बडा खडेरी परेजस्तो देखिन्छ । महालक्ष्मी, सुनकोसी, वाग्मती, त्रिवेणी, व्यास, लिखु, धनगढी, मालिका, कालिका गाउँपालिका/नगरपालिका नै यो देशमा तीन/चारवटासम्म छन् । हैन, आखिर नाममा के छ र ?

■ चाणक्य नेपाली

जनप्रेमी जनार्दन

जथाभावी सडक पार गर्नु, बाटोमा थुक्नु, सडकमा हिंड्दा अरूलाई धकेल्नु, बसमा चढ्दा दाँत कोट्याउनु, भीडभाडमा उभिंदा अरूलाई धकेल्नु, पान खाएर भित्तामा थुक्नु, चुइगम चपाएर जहाँ पायो त्यही टाँसिदिनु, कमोडमा उभिएर पिसाब गर्नु, मौका मिल्नेबित्तिकै नाक कोट्याउनु, कोही भेटिएमा हात मिलाउन विशेष अग्रस

पुत्र कमरेडको छाया

तेस्री श्रीमती भित्र्याएको आरोप लगाउँदै बहुजन शक्ति पार्टीका महासचिव मेघराज परियारलाई पार्टीको सदस्यसमेत नरहने गरी निष्कासन गरिएछ । यो खबरले कमरेड प्रचण्ड खुबै मर्माहत भए । किन होला त ? सायद

उनमा आफ्नै पुत्र कमरेडको छाया देखे कि कुन्नि ? त्यही भएर मेघराजलाई टपक्क टिप्न भ्याइहाले । उनले यौटा भव्य कार्यक्रमको आयोजना गरी पीडित मेघराजलाई आफ्नो पार्टीमा प्रवेश गराए । साह्रै मुनासिब कदम । तर, कमरेड ! होस गर्नूस् है, अब छिट्टै पुत्र प्रकाशलाई जनमानसले दिएको बहुपत्नी सेवा पदक तिनै मेघराजले खोस्लान् नि फेरि ! पुत्र कमरेडको चित्त दुखाउनु त भएन नि !

■ छुल्याहा गुरु



हुनु, बाइक चलाउँदा जहाँसुकैबाट ओभरटेक गर्नु आदि सीपमा मजति अब्बल कोही छैन । यीमध्ये एउटा विशेष सीपचाहिं मैले पूर्वगृहमन्त्री वामदेव गौतमबाट सिकेको हुं । गृहमन्त्री हुंदा उनले सडकको बीचबाटै बाटो काटेको देखेपछि मलाई बाटो काट्न जेब्राक्रस जरूरी परेन । दुर्भाग्य ! प्रहरीले जथाभावी बाटो काटे दुई सय रूपियाँ जरिवाना तिर्नुपर्ने नियम लगायो । क्याबात् ! जनप्रेमी गृहमन्त्री जनार्दन शर्माले मेरो रूचि बेलैमा बुझेर जरिवाना हटाइदिए । शर्माको कदमबाट मजति खुसी को होला ? मनपरी बाटो काट्नुमा जति आनन्द अरू केहीमा छ ?

■ जुवाडे जेठो

झटारो | ■ लक्ष्मण गाम्नागे

राष्ट्रसेवकहरूका पक्षमा !

एक जना वरिष्ठ राष्ट्रसेवक र उहाँका साथीहरू मिलेर राज्यलाई सघाउन खोज्दा उल्टै उहाँहरू कारबाहीमा परेको समाचार सुनेपछि हाम्रो देशलाई सतीले सरापेकै हो भन्ने थप पुष्टि भएको छ । सरकारले नै गठन गरेको कर फछ्र्योट भन्ने एउटा चमत्कारी आयोगमार्फत उहाँहरूले राज्यलाई कर उठाउनुपर्ने झमेलाबाट मुक्ति दिन खोज्नुभएको थियो । उहाँहरूले केही गरिब उद्योगी, व्यापारी, व्यवसायीहरूले सरकारलाई बुझाउनुपर्ने केही अर्ब रकम मिनाहा गरिदिएर सरकार र व्यापारी दुवैथरीलाई तनावमुक्त पारिदिन खोज्नुभएको थियो । उहाँहरूले खर्बपति साहूहरूको खाताबाट राज्यका ढुकुटीमा जम्मा गर्नुपर्ने केही अर्ब रकम आफ्ना ढुकुटीमा खसाल्नुभएको हो । सोझै सरकारको ढुकुटीबाट झिकेर आफ्ना ढुकुटीमा खन्याएको होइन । हिनामिना गर्नुभएको हो, भ्रष्टाचार गरेको होइन ।

त्यो आयोगले व्यापारी-व्यवसायीहरूलाई केही शून्यहरू मात्र छूट दिएको हो । उदाहरणका लागि कुनै व्यापारीले नतिरेको चार अर्ब बक्यौतामा पछाडिका केही शून्यहरू हटाई चार करोड रकम उहाँहरूले सरकारको ढुकुटीमा जम्मा गराउनुभएको र ती छुट्याएका शून्यहरू मात्रै आफूले राख्नुभएको हो । मह काढ्दा हात त जुनसुकै मूर्खले पनि चाट्छ । तर, उहाँहरू जस्तो विशिष्ट राष्ट्रसेवकले हात चाट्ने फोहोरी काम किन गर्नु भनेर चाका नै सुरक्षित गर्नुभएको हो ।

असल नियतले कमाउने काम गर्दागर्दै आयोगका एक जना धुरन्धर राष्ट्रसेवक सदस्यलाई अख्तियार भन्ने आततायी संस्थाले समातेको र अरू सदस्यलाई पनि पत्र काटेको भन्ने खबरले हामी उहाँहरूका अनुयायी, चेला, पालितपोषित, सेक्युरिटी गार्ड र शुभचिन्तकहरू स्तब्ध भएका छौं । किनभने, उहाँहरू हामी सम्पूर्ण राष्ट्रसेवकका पथप्रदर्शक हुनुहुन्छ, आर्थिक क्रान्तिका नायक हुनुहुन्छ । उहाँहरूको जीवनको एक मात्र लक्ष्य धन आर्जन गर्नु रहेको छ । उहाँहरूको सपना, जपना, ध्यान, योग, तीर्थ, व्रत, मान, प्रतिष्ठा, बाबु, आमा, आफन्त, सन्तान, नातेदार, कागज, कलम, मसी, हस्ताक्षर, बैठक, भेटघाटलगायत हरेक कुरा पैसासँग मात्र जोडिन्छन् । आय आर्जन नहुने कुरामा उहाँहरूले एक मिनेट समय पनि नाश गर्नुहुन्न । त्यस्ता लगनशील, सिर्जनशील र निडर राष्ट्रसेवक संसारमा कमै जन्मन्छन् । उहाँहरू बिरलाकोटी राष्ट्रसेवक हुनुहुन्छ ।

उहाँहरूका मस्तिष्कमा नित्य निरन्तर पैसाको डिजाइन भइरहेको हुन्छ । उहाँहरू पैसा सेटिङ गर्नुहुन्छ । पैसा छाप्नुहुन्छ । पैसा छाम्नुहुन्छ, सुम्सुम्याउनु हुन्छ, पट्याउनु हुन्छ, चुम्नुहुन्छ, चाङ लगाउनुहुन्छ, भण्डारण गर्नुहुन्छ । उहाँहरूले पैसै पैसाका बिटा लगाएर महल बनाउनुभएको छ, उहाँहरू त्यहीं राज गर्नुहुन्छ । पैसा ओछ्याएर सुत्नुहुन्छ, पैसै ओड्नुहुन्छ । पैसाको पलङ, पैसाको डसना, पैसाको तन्ना, पैसाकै सिरक । उहाँहरू पैसै खानुहुन्छ, पैसा पिउनुहुन्छ । पैसाकै सास फेर्नुहुन्छ । नेता, मन्त्री वा ठूलठूला हाकिमहरूलाई उहाँहरूले मागबमोजिमको तलब दिएर आफ्ना वरिपरि सेक्युरिटी गार्ड राख्ने गर्नुहुन्छ । यस्ता भीभीआईपी व्यक्तित्व हुनुहुन्छ, उहाँहरू । यस्ता प्रतिभा जन्माउन, हुर्काउन एउटा मुलुकलाई दशकौं समय लाग्छ । अख्तियारलाई चेतना भया !

त्यस्ता दक्ष, अनुभवी र उच्चकोटिका दौलतप्रेमी राष्ट्रसेवकहरूमाथि भइरहेको अपमानको हामी घोर भर्त्सना गर्दछौं । साथै उहाँहरू जस्ता अद्वितीय प्रतिभाहरूको कारबाही तुरुन्तै फुकुवा गरी ससम्मान पदमा बहाली गरी हामीलाई थप रमिता हेर्ने अवसर प्रदान गरियोस् भनी जोडदार माग गर्दछौं । र, अन्त्यमा एउटा नारा लगाउन चाहन्छौं- अख्तियार आतंक बन्द गर, बन्द गर !

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
BRANDING
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
What makes a good Brand? What attracts people?
What can companies do to establish their message? Can we find a balance?
Find all you need to know about Branding.
the kathmandupost
escalate
BRAND
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the
form of cutting edge information, analytical knowledge and expert insight
on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

खड्गजीत बराल

त्यो नखोतलिएको दु:खदायी घटना

बैरगनिया सम्मेलनको 'गर या मर' प्रतिबद्धता अनुरूप सशस्त्र संघर्ष उत्कर्षतर्फ लम्किरहेको थियो । एकाएक नेताहरू दिल्ली पुगे । दिल्लीमै राजा, भारत र नेपाली कांग्रेसबीच त्रिपक्षीय सम्झौता भयो । उक्त सम्झौता धोका हो भन्ने भैरहवा क्याम्पस्थित हाम्रो मुक्ति सेनाको निष्कर्ष थियो । राणाशाही पूर्ण रूपमा निर्मूल नभएसम्म सशस्त्र आन्दोलन जारी रहन्छ भन्ने उद्घोष गर्दै डा केआई सिंहको नेतृत्वमा रहेको हाम्रो मोर्चाले संघर्ष जारी राख्ने निर्णय गऱ्यो ।

९ फागुन २००७ को बिहान ३ बजेको हुँदो हो । भैरहवास्थित कदमहवामा रहेको हाम्रो क्याम्पमा भीषण आक्रमण भयो । एक्कासि चारैतिरबाट मोर्टार, सेल र ठूला फायरपावरबाट धावा बोलियो । तर्साउने र नियन्त्रणमा लिने उद्देश्यभन्दा पनि मुक्ति सेनाका प्रजातन्त्र सेनानीको नामोनिसान समाप्त पार्ने किसिमले भारतीय फौजलाई विधिवत् रूपमा नेपाल प्रवेश गराएर हामीमाथि उक्त जघन्य आक्रमण भएको थियो ।

राजा त्रिभुवन मुलुक छोडेर भारत (दिल्ली) जाने क्रममा उनले जुगाड गरेको रसदपानी र सरसामग्री हेर्दा उनी छिट्टै स्वदेश फर्किने छनक थिएन । मुलुकमा तुरुन्तै प्रजातन्त्र आउने संकेत पनि थिएन । सायद राजाले पनि यही रहस्य बुझेर उक्त कदम चालेका थिए । राजाको प्रजातान्त्रिक विचारका बाबजुद भारतीय दूतावास एवं कूटनीतिक क्षेत्रले अपनाएको हस्तक्षेपकारी अभियान त्यतिबेलै पनि आलोच्य थियो । तर, कसैले यसतर्फ ध्यान दिएन । वास्तवमा मुलुकमा भारतीय हस्तक्षेप र हेपाहा प्रवृत्तिको सुरुआत त्यही घटनाबाट सुरु भएको थियो । यसरी राजा त्रिभुवनलाई शरण दिने नाममा सुरु भएको नेपाली भूमिमाथिको हस्तक्षेपकारी घटना भारतीय सुरक्षा फौजलाई मुलुकमा भित्र्याएर सार्वजनिक रूपमै पटाक्षेप गर्ने काम यस घटनाले गरेको थियो ।

दिल्ली सम्झौताका क्रमका नेपाली भूमिमाथि कुनै किसिमको आक्रमण, दंगा र फसाद सिर्जना भए भारतीय फौजले सहयोग गर्ने समझदारी बनेको रहेछ । सोही अनुरूप हामीमाथि आक्रमण भएको अनुमान लगाउन कठिन भएन । तर, नेपाली सीमा क्षेत्रसँग जोडिएका भारतीय क्यान्टोनमेन्टका फौजभन्दा धेरै टाढा पुगेर दक्षिण भारतको मराठा पल्टन झिकाएर हामीमाथि आक्रमण गरिनुको रहस्य पनि धेरै समय रहेन । सीमा नजिकका र नेपाली भूमिसँग जोडिएका पल्टनलाई ल्याएर आक्रमण गर्न लगाउँदा सहानुभूति र मानवीय पक्षलाई मध्यनजर गर्न सक्ने आकलन गरेरै त्यति टाढाको फौजलाई झिकाइएको रहेछ ।

मराठा पल्टनको आक्रमणका क्रममा हाम्रा नौ जना वीर जवानले सहादत प्राप्त गरे भने झन्डै ३ सय ५० को संख्यामा रहेका मुक्ति सेनाका सेनानीलाई नेल-हत्कडी र जनसाधरणलाई डोरीले बाँधेर नेपाली सेनाको जिम्मा लगाइयो । राजनीतिक संघर्षका योद्धाका रूपमा होइन कि कुनै आतंककारी वा अपराधीलाई गर्नेजस्तो व्यवहार भारतीय फौजले हामीसँग गऱ्यो ।

मराठा पल्टनका जवानले त्यस क्षेत्रमा मच्चाएको बितन्डा यति दर्दनाक र बीभत्स थियो कि जसको बयान गरिसाध्य छैन । गाउँगाउँबाट मुक्ति सेनाका सेनानी मात्र होइन, उनीहरूलाई समर्थन र सहयोग गर्ने जनसाधारणलाई खोजीखोजी उक्त सैनिक जत्थाले धरपकड गरेको थियो । आफ्ना बुट र बन्दुकको कुन्दाले टाउको र संवेदनशील अंगमा प्रहार गरेर ज्यादै ठूलो यातना र पीडा दिएको थियो । कतिसम्म भने उनीहरूले दिएको यातनाकै कारण कति सर्वसाधारणले पनि आफ्नो जीवन गुमाउनुपरेको थियो । तर, दुर्भाग्य ! यसको यकिन जानकारी र तथ्यांक न त तत्कालीन सरकारसँग छ, न मुक्ति सेनाको नेतृत्व पंक्तिसँग नै ।

त्यो आक्रमणका क्रममा वीरगति प्राप्त गर्ने नौ जना सहिदको समेत आजसम्म पहिचान खुल्न सकेको छैन । ती अज्ञात सहिदबारे संयुक्त सरकारले त खोजबिन गरेन नै, आफूलाई प्रजातान्त्रिक बताउने र मुक्ति सेनाको त्यही जगमा निर्माण हुन पुगेको नेपाली कांग्रेसको सरकारले पनि ध्यान पुऱ्याएन ।

आफ्ना जनतालाई विदेशी सेना लगाएर हत्या गरिनुजस्तो लज्जापूर्ण र घृणित कार्य अरू हुन सक्दैन । नेपाली सेना परिचालन गरेर सहजै ढंगले नियन्त्रणमा लिन सकिने अवस्थामा विदेशी सेना नेपाली भूभागमा उतारेर मच्चाइएको त्यो तान्डव वास्तवमै नेपालको राजनीतिक इतिहासमा कालो दिन हो ।

राणा प्रधानमन्त्री मोहनशमशेरको नेतृत्वमा रहेको कथित संयुक्त प्रजातान्त्रिक सरकारले यतिसम्मको क्रूरता प्रदर्शन गर्ला भन्ने लागेको थिएन । राणाहरूले ओछ्याएको मायाजालमा नेताहरू फसेका कारण यो घटना भएको थियो । शासनसत्तामा पुगेपछि जस्तै प्रजातान्त्रिक भनिने शक्ति पनि आफ्नो पद र प्रतिष्ठा जोगाउन कतिसम्म तल झर्दो रहेछ भन्ने एउटा उदाहरण थियो त्यो ।

भारतीय फौजले हामीलाई नियन्त्रणमा लिएपछि नेपाली सेनाको जिम्मा लगायो । झन्डै तीन महिना हामी जेल बस्यौँ । विद्यार्थीहरूलाई रिहा गर्ने सरकारी निर्णय भएसँगै हामी जेलमुक्त भयौँ । मेरो ९० वर्षको जीवनमा सबैभन्दा दुःखदायी सम्झना यही हो ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

KMG
KANTIPUR MEDIA GROUP

बल्ल पायौं, अब नगुमाऔं निरन्तरताका लागि जुटौं

न्यूनतम लोडसेडिङका कारण हरेक घर तथा परिवारमा खुसी र उत्साहको माहोल छाएको छ । बिगत १० वर्षदेखि हामीलाई निरीह तुल्याइरहेको लोडसेडिङ फेरि कहिल्यै भोग्न नपरोस् यसका लागि प्रण गरौं ।

अध्यारोमा बिताएका समयबाट ज्ञान लिई, भविष्यमा फेरि यस्तो अवस्था कहिल्यै भोग्न नपरोस् । यसका लागि अग्रसर हौं ।

पिक आवरको समय साँझ ५:३० देखि ८:३० बजे मित्र हिटर, इलेक्ट्रिक आइरन, वासिङ मेसिन जस्ता अत्यधिक ऊर्जा खपत गर्ने उपकरणहरु नचलाऔं। आफ्ना उपकरणलाई अनावश्यक समयमा जडित अवस्थामा नराखी विद्युत बचत गरौं।

KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group

An Initiative of Kantipur Foundation.

तस्बिर : लालप्रसाद शर्मा

पोखरा बसपार्क

४२ वर्षदेखि निर्माणाधीन

अतिक्रमित क्षेत्र मुख्य समस्या

लालप्रसाद शर्मा/पोखरा

२१ कात्तिक ०३४ मा पोखरा उपत्यका नगरविकास समितिका अध्यक्ष एवं कास्कीका अञ्चलाधीश रामचन्द्रबहादुर सिंहले गरेको एउटा निर्णयले पोखरालाई दूरगामी प्रभाव पार्‍यो। सिंहले पोखरा विमानस्थलको छेउछाउमा सामान्य होटल व्यवसाय गरिरहेकाहरूलाई प्रस्तावित बसपार्क थलोमा स्थानान्तरण गर्ने जुन निर्णय गरे, त्यही निर्णय नै बसपार्क निर्माणका लागि गलपासो बन्न पुग्यो । काठमाडौंभन्दा पहिले नै आधुनिक बसपार्क बनाउने योजनासाथ ०३२ मा अधिग्रहण गरिएको जग्गा सिंहको त्यही निर्णयका कारण आखिर सुकुमबासी बस्तीमा परिणत हुन पुग्यो।

नगरपालिका, उप-महानगरपालिका हुँदै महानगरको यात्रा तय गरिसकेको छ पोखराले। चार नम्बर प्रदेशको निर्विकल्प राजधानी भनिएको पोखरा सुन्दर, शान्त र प्राकृतिक सम्पदाले रमणीय सहर मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आकर्षणको केन्द्र पनि हो। अन्तर्राष्ट्रिय विमानस्थल निर्माणले गति लिइरहे पनि पोखरावासीका लागि आधुनिक बसपार्क निर्माण विगत ४२ वर्षदेखि देखिरहेको एउटा सपना मात्र बन्न पुगेको छ।

दीर्घकालीन विकासको अवधारणामा टेकेर १५ वर्षे गुरुयोजना अन्तर्गत सहरको बीच भाग पृथ्वीचोकमा १ सय ९६ रोपनी जग्गा बसपार्कका लागि अधिग्रहण गरिएको थियो। तर, बसपार्क त बनेको छैन नै, बरू सुकमबासी, जग्गाधनीलगायत विविध आवरणका नाममा तीव्र अतिक्रमणमा परेको छ, जग्गा। विगत चार दशकमा व्यवस्था फेरिए, विभिन्न दलका सरकार बने, नगर विकास समितिका पदाधिकारी तथा महानगर (तत्कालीन नगर र उपमहानगर)का प्रमुख फेरिए पनि लथालिंग अस्थायी बसपार्कले रूप फेर्न भने सकेन। पोखरा उपत्यका नगर विकास समितिका पूर्वअध्यक्ष प्रकाशमोहन खनाल भन्छन्, "बसपार्क क्षेत्र ओगट्नेलाई नै बल पुग्ने गरी काम भएका छन्। अतिक्रमित क्षेत्र हटाउन नसक्दा समस्या भयो।"

बसपार्कको जग्गामा अहिले चारवटा टोलमा ४ सय ५० सुकुमबासी परिवारका घर-टहरा छन्। ०४६ अघि ६४ घर रहेकामा अतिक्रमण बढेर त्यति पुगेका हुन्। टहरा भाडामा लिने/दिने र आपसी सहमतिमा जग्गा किनबेच पनि भइरहेकै छ। टहरो मात्र होइन, प्रस्तावित बसपार्कभित्र बिनाअनुमति दुई सय बढी पक्की घर बनाइए पनि त्यसलाई रोक्न महानगरपालिका असफल रह्यो। "बसपार्कको समस्या निकै जटिल भइसकेको छ," हालै नियुक्त नगर विकास समितिका अध्यक्ष सुन्दरकुमार श्रेष्ठ भन्छन्, "सर्वपक्षीय, सर्वदलीय सहमतिबिना केही गर्न सकिँदैन।" हालै मात्र जनप्रतिनिधि निर्वाचित भएकाले अब यसको समाधानमा उनीहरूको भूमिका हुनसक्ने कुरामा भने श्रेष्ठ आशावादी छन्।

समितिले नै विभिन्न मितिमा गैरकानुनी रूपमा घडेरी बिक्री गर्दा समस्या झन् बल्झिएको हो। सुरुमा १ सय ९६ रोपनी ११ आना क्षेत्रफल रहेकामा पृथ्वी राजमार्गको सडक मापदण्ड कटाउँदा १ सय ८७ रोपनी १० आना बाँकी रहेको जग्गा पनि अतिक्रमित हुन पुग्यो। जग्गाधनी मुआब्जा विषयलाई लिएर अदालत गएपछि ०५२ मा सर्वोच्च अदालतबाट क्षतिपूर्ति दिनुपर्ने फैसला भएको थियो। २१ जेठ ०६० मा सर्वदलीय, सर्वपक्षीय बैठकले जग्गाधनीलाई जग्गाको १३.७५ प्रतिशत जग्गा राजमार्ग र बसपार्क मोहोडा पारेर घडेरी दिने समितिबाट निर्णय गराएको थियो। जग्गाधनी, विमानस्थलबाट सारिएका होटल व्यवसायी, पञ्चरत्न पेट्रोल पम्प र पृथ्वीचोकमा बाटो निर्माण गर्दा जग्गा परेकालाई गरी ४० रोपनी जग्गा खर्च भएको थियो।

होटल व्यवसायीलाई पनि न्यून मूल्यमा जग्गा बेचिएको थियो। यसले बसपार्कको नक्सांकन हुँदा ८१ रोपनी मात्रै बच्न पुगेको छ। "हातकै लाखौं मूल्य पर्नेमा कम मूल्यमा घडेरी बेचेपछि विकृति सुरु भएको हो," खनाल भन्छन्, "भोट बैंकका रूपमा राजनीतिक दलहरूले सुकुमबासीलाई प्रयोग गर्दा पनि समस्या भएको हो।"

बसपार्क कति रोपनी क्षेत्रफलमा के कसरी बनाउने भन्ने विभिन्न समितिको कार्यकालमा प्रतिवेदन तयार भएका छन्। प्रतिवेदनहरूले ८१, १ सय २५, १ सय ५५, १ सय ८७ रोपनीमा बसपार्क बनाउन सक्ने प्रस्ताव गरिएको छ। तर, गहिरो अध्ययन, राजनीतिक, प्रशासनिक इच्छाशक्तिको अभावमा कार्यान्वयन हुन सकेको छैन। प्रत्येक वर्ष बसपार्क निर्माणका लागि आठ करोड रुपियाँ छुट्याउने परम्परा भने निरन्तर छ।

सहरको मध्यभागमा भएकाले पृथ्वीचोकमा अब ठूलो बसपार्क नभई नगर बसपार्क बनाउनुपर्ने तर्क पनि उठ्न थालेको छ। लेखनाथको लामेआहालमा ३ सय ५५ रोपनी जग्गामा प्रदेशस्तरको बसपार्कको प्रस्तावसमेत गरिएको छ। तर, राज्यले मुआब्जा दिन नसक्दा जग्गा अधिग्रहण प्रक्रिया अघि बढ्न सकेको छैन। जसरी ४२ वर्षअघि पोखराको पृथ्वीचोकमा देखिएको बसपार्क निर्माणको सपनाले अहिलेसम्म साकार रुप लिन सकेन। ♦

भगवान् भरोसा

जोखिमपूर्ण क्षेत्रका विमानस्थलमा आधारभूत उपकरणकै अभाव

मनबहादुर बस्नेत

प्रसंग हो, ६ वर्षअघिको । जर्मनीका एक पाइलटले लुक्ला विमानस्थल ओर्लनासाथै नेपाल एअरलाइन्सका क्याप्टेन उद्धव घिमिरेलाई लामो श्वास फेर्दै सुनाए, 'यहाँ तीन किसिमका व्यक्तिले मात्र विमान उडाउन सक्छन्, मूर्ख, सन्की वा बहादुर ।'

खासमा यी जर्मन पाइलटले विश्वमै चर्चित सगरमाथाको काखमा रहेको तेन्जिङ हिलारी विमानस्थलको ज्यादै अप्ठ्यारो भौगोलिक अवस्थिति र दुर्घटनाबाट जोगाउन आवश्यक न्यूनतम उपकरणसमेत नभएको इंगित गर्न यस्तो टिप्पणी गरेका थिए । हुन पनि २ हजार ८ सय ४६ मिटर उचाइमा रहेको यो संसारकै जोखिमपूर्ण विमानस्थलमध्ये पहिलो नम्बरमा पर्छ । सन् २०१० मा अमेरिकाको हिस्ट्री च्यानलले लुक्लालाई संसारकै एक्स्ट्रिम विमानस्थलमा सूचीकृत गरेको थियो ।

हुन पनि अहिलेसम्म यो विमानस्थलले सातवटा दुर्घटना बेहोरिसकेको छ, जसमा २० जनाले ज्यान गुमाएका छन् । १३ जेठमा भएको सातौं दुर्घटनामा पाइलट पारस राई र को-पाइलट सिर्जन मानन्धरको जीवन गयो ।

मौसममा भइरहने बदली, हावाको चाप, जटिल भूगोल, छोटो रन-वेका कारण यो विमानस्थल जोखिमपूर्ण छ। त्यसैले काठमाडौंदेखि विमान चढेर लुक्लामा सकुशल ओर्लिएपछि प्रायः यात्रीले आफूलाई भाग्यमानी सम्झन्छन् ।

यात्रा अवधिभर डराइरहनुपर्ने लुक्ला मात्र एक्लो विमानस्थल होइन । लुक्लामा वायुयान दुर्घटना भएको तीन दिनपछि नै नेपाली आकाशमा यस्तै कठिन विमानस्थलमा पर्ने बाजुराको कोल्टीमा अर्को दुर्घटना भयो । १६ जेठमा कोल्टीमा नेपाली सेनाको हेलिकप्टर दुर्घटना हुँदा महासेनानी कैलाश गुरुङले ठाउँको ठाउँ ज्यान गुमाए ।

नागरिक उड्डयन प्राधिकरण नेपालका अनुसार सञ्चालनमा रहेका यस्ता खतरनाक विमानस्थल देशभर सातवटा छन् । यी विमानस्थललाई प्राधिकरणले 'वन बी' कोडमा वर्गीकरण गरेको छ । लुक्लासहित मुस्ताङको जोमसोम, बाजुराको कोल्टी, हुम्लाको सीमकोट, मुगुको ताल्चा, जुम्ला, डोल्पाको जुफाल विमानस्थल यस सूचीमा पर्छन् । यी विमानस्थलमा १९ पटक दुर्घटना भइसकेका छन् । छोटो रन-वे, जटिल भूगोल, छिनछिनमै भइरहने मौसमी बदली, प्रतिकूल मौसमलाई आधार मानेर यी विमानस्थललाई जोखिमपूर्ण मानिएको हो ।

मरिन्छ कि बाँचिन्छ भनेर यात्रा अवधिभर भगवान्को पुकारा गर्नुपर्ने अवस्था रहे पनि उच्च जोखिमयुक्त यस्ता विमानस्थलमा प्राविधिक सबलीकरणको पाटो भने जहिल्यै ओझेलमा छ । अत्यधिक दुर्घटना हुने यी विमानस्थलमा एकातिर सुरक्षा उपकरणहरूको अभाव छ भने अर्कातिर भएका उपकरणले समेत काम गर्दैनन् । लुक्लामा भएको पछिल्लो हवाई दुर्घटनाका बेला हावाको दिशा मापन गर्ने उपकरण नै बिग्रिएको थियो । दुर्गम क्षेत्रका विमानस्थलमा यस्ता उपकरण अक्सर सही तथ्य दिने हालतमै हुँदैनन् । पहाडी क्षेत्रमा लामो समय उडान भरेका गोमा एयरका वरिष्ठ पाइलट विनोद पुरीको अनुभवमा अधिकांश ठाउँमा यो उपकरण बिग्रिएको हुन्छ । भन्छन्, "यस्तो उपकरण बिग्रिनु सामान्य मान्न सकिएला । तर, बिग्रिएपछि लामो समयसम्म बनाएको पाइँदैन । यो गम्भीर कुरा हो ।"

नेपालका अधिकांश विमानस्थलहरू सर्ट टेकअफ एन्ड ल्यान्डिङ (स्टल) हुन् । पहाडी र हिमाली भेगका त सबै विमानस्थलहरू यही 'अप्रोच'मा बनेका छन्, रनवे एकदमै छोटो हुने भएकाले अवतरण र उडान छोटो स्वरूप र समयमा गरिसक्नुपर्छ । संसारभरि नै स्टल विमानस्थलहरू समथर भागमा अवस्थित ठूला रन-वे भएका विमानस्थलहरूको तुलनामा असुरक्षित मानिन्छ । तर, प्रविधि र आधुनिक उपकरणहरूको सहायताले स्टल विमानस्थलको असुरक्षालाई कम गर्न सकिन्छ, जसलाई नेपालमा

असुरक्षित आकाश

सन् १९६१ देखि हालसम्म

चासो दिइएको छैन ।

अझ पहाडी भेगका विमानस्थलमा त सुरक्षाका आधारभूत कुराकै अभाव छ । जोखिमयुक्त मानिएका कुनै पनि विमानस्थलमा 'लाइट सिस्टम' छैन। जबकि, लाइट सिस्टमलाई विमानस्थलको आधारभूत पूर्वाधार मानिन्छ । 'गाइडेन्स लाइट सिस्टम' समेत भनिन्छ, यसलाई। यो प्रणालीले 'भिजिबिलिटी' (दृष्टि क्षमता) कम भएको बेला विमानलाई सुरक्षित अवतरणमा सहयोग गर्छ । विभिन्न रङमा बल्ने बत्तीले चालकलाई संकेत दिइरहेको हुन्छ, जसले विमानस्थल पहिचान गर्न सहज हुन्छ । साथै, निर्धारित क्षेत्रभन्दा यताउता जाने/नजाने भन्ने संकेतसमेत दिइरहेको हुन्छ यसले । "तर, हाम्रोमा झन्डा देखाएको भरमा विमान अवतरण गर्नुपर्ने अवस्था छ," पूर्वपर्यटनमन्त्री एवं पाइलट जीवनबहादुर शाही भन्छन् । नेपालका पहाडी भेगका विमानस्थलहरूमा मनसुनयाममा बाक्लो कुहिरो र हुस्सुले छोप्ने गर्छ । यस्तो बेलामा लाइट सिस्टमको सहायताले विमानलाई सुरक्षित अवतरण गराउन सकिन्छ । "विदेशतिर बाक्लो हुस्सु लाग्दासमेत स्टल विमानस्थलहरूमा विमान उड्ने र अवतरण गर्छन्," उनी भन्छन्, "हाम्रोमा यो प्रविधि नै छैन ।"

सबैभन्दा बढी दुर्घटना हुने विमानस्थल लुक्लामा प्राधिकरणले यो प्रणाली राख्दै नराखेको भने होइन । दुई वर्षअघि नै त्यहाँ यस्तो प्रविधि जडान भइसके पनि सञ्चालनको साइत पर्खेर बसिरहेको छ। प्राधिकरणका उपमहानिर्देशक एवं प्रवक्ता वीरेन्द्रप्रसाद श्रेष्ठका अनुसार जहाजले 'क्यालिब्रेसन' परीक्षण नगरेकाले उक्त सिस्टम लुक्लामा चलाउन नसकिएको हो । लाइट सिस्टम जडान गरिसकेपछि एक खालको विशेष विमानको उडान गरेर यो ठीक भए/नभएको परीक्षण गरिन्छ। नेपालसँग यस्तो जाँचकी जहाज छैन । "यस्तो जहाज कहिले ल्याउने भन्ने टुंगो लागेको छैन," श्रेष्ठ भन्छन् ।

दुर्घटनाका हिसाबले जोखिमयुक्त मानिए पनि यीमध्ये कुनै पनि विमानस्थलमा अग्नि नियन्त्रण र उद्धारका साधनसमेत छैनन् । न त त्यस्तो जनशक्ति नै छ। पाँच वर्षअघि प्राधिकरणले गरेको अध्ययनमा त यीमध्ये अधिकांश विमानस्थलमा रनवे चिह्न नै नरहेको पत्ता लागेको थियो । लुक्ला, जुम्ला र जोमसोममा मात्रै यस्तो 'मार्किङ' राखिएको क्यापासिटी डेभलपमेन्ट अफ सिभिल एभियसन अथोरिटी अफ नेपाल' नामको त्यस अध्ययनमा उल्लेख छ ।

प्राधिकरणद्वारा गत वर्ष प्रकाशित एभिएसन सेफ्टी रिपोर्टले बितेको दस वर्षमा नेपालमा भएका हवाई दुर्घटनामध्ये बहुसंख्यक स्टल विमानस्थलमा भएको देखाउँछ । उक्त रिपोर्ट अनुसार प्रतिकूल मौसमका कारण रुट नै पहिचान गर्न नसक्दा, रुटको मौसमी अवस्था थाहा पाउन नसक्दा दुर्घटना हुने गरेका छन् । नेपालमा जति पनि हवाई दुर्घटना भएका छन्, त्यसको मुख्य कारक प्रतिकूल मौसम, मानवीय त्रुटि, भौगोलिक कठिनतालाई दिने गरिन्छ। तर, आश्चर्यको कुरा त के छ भने मौसमबारे बेलैमा सूचना पाउन नसक्दा बढी दुर्घटना निम्तिरहेको तथ्य बाहिर आए पनि यस्तो सूचना दिने प्रणाली भने एकदमै कमजोर छ । जस्तो : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआईए)बाहेकका कुनै पनि विमानस्थलमा वेदर रडार प्रविधि छैन । टीआईएमा समेत जापानले यो प्रविधि जडान गरिदिएको हो । वेदर रडारले भिजिबिलिटी र मौसमबारे पूर्वजानकारी दिन्छ ।

अझ उडान र अवतरणका बीचमा पर्ने रुटको मौसमबारे पाइलटहरू बेखबर बनेर नै उडान भर्नुपर्छ । संसारभर पाइलटको नाँगो आँखाले देख्ने भिजुअल फ्लाइट रुल्स (भीएफआर)मा र उपकरणहरूको सहायताले उडान भरिने इन्स्ट्रुमेन्टल फ्लाइट रुल्स (आईएफआर) प्रणालीमा आधारित भएर उडान भर्ने गरिन्छ । भीएफआर प्रणालीमा पाइलटले उडान गर्दागर्दै देखेका आधारमा मौसमबारे तुरुन्त भविष्यवाणी गरेर निर्णय लिनुपर्छ । "हामीसँग विकल्प नै छैन। यस्तो बेलामा अति सामान्य त्रुटि भएमा पनि दुर्घटना हुने खतरा रहन्छ," नेपाल एअरलाइन्सका क्याप्टेन घिमिरे भन्छन्, "मौसमबारे जानकारी दिने प्रविधि हुने हो भने यस्ता जोखिमलाई पन्छाउन सकिन्छ।"

आईएफआर प्रणालीमा चाहिँ उपकरणहरूले दिएको सूचनालाई आधार मानिन्छ । यी सूचना र चालकको आत्मविश्वासका आधारमा निर्णय गर्दा दुर्घटनाको जोखिमलाई पक्कै पनि न्यूनीकरण गर्न सकिन्छ । "तर, शतप्रतिशत भने हुँदैन," प्राधिकरणका महाप्रबन्धकसमेत रहिसकेका पूर्वपर्यटनसचिव यज्ञ गौतम भन्छन्, "उपकरणहरू राखेर पनि भीएफआर फ्लाइट गर्नैपर्ने हुन्छ ।" अनि, पाइलटले ठम्याउन सकेन भने यस्तोमै दुर्घटनाको जोखिम बढी रहन्छ । ◆

सीमकोट
२,९७१ मि

२
१

डोल्पा
२,५०३ मि

२

जुम्ला
२,३७५ मि

२
९

रारा
२,७२० मि

१
४

स्रोत : नागरिक उड्डयन प्राधिकरण, नेपाल

दृष्टिकोण

॥ हस्त गुरुङ

आठ जिल्लामा सीमित रा

अन्ततः प्रदेश-२ को स्थानीय निर्वाचन तीन महिना सरेर असोजमा पुगेको छ । 'भागते भूतका लङ्गौटी काफी' भन्ने सिद्धान्त पछ्याएर राष्ट्रिय जनता पार्टीले मध्य मधेसका आठ जिल्लामा मात्र आफूलाई सीमित पार्ने आत्मघाती रणनीति लिएको छ। राजपाले सिर्जना गरेको अहिलेको राजनीतिक गोलचक्करले तराई मधेसमा दुइटा कित्ता पनि सिर्जना गरिदिएको छ । एउटा कित्ता मधेसवासीको हुन गएको छ भने अर्को कित्ता राजपा केन्द्रित कट्टरवादीको ।

संघीय समाजवादी फोरमका उपेन्द्र यादव र विजय गच्छदारको फोरम (लोकतान्त्रिक)ले सबै चरणको चुनावमा भाग लिएर मधेसवासीका लागि राष्ट्रिय राजनीति गरिरहेका बेला राजपा भने मध्य-मधेस खण्डको स्थानीय तहको राजनीतिमा झरेर आफूलाई खुम्च्याउन उद्यत भएको छ । प्रदेश-१, ५ र ७ मा परेका तराई मधेसका अन्य १२ जिल्लामा १४ असारमै निर्वाचन हुने भएपछि राजपाले मधेसवासीको होइन, मधेसीको मात्र राजनीति गर्न चाहेको स्पष्ट पारेको छ ।

यहाँ स्पष्ट पारौँ, अबको राजनीतिक दृश्यपटलमा मधेसवासी भन्नाले ती सबै हुन्, जसको बसोवास तराई मधेसका २० वटै जिल्लामा छ । जो राजपाबाहेक वा समेत कुनै पनि राजनीतिक पार्टीलाई मतदान गर्न चाहन्छन् । उनीहरू नेपालको संविधान कार्यान्वयन भएको देख्न चाहन्छन् । र, राष्ट्रिय राजनीतिमा जोडिन चाहन्छन् । यसविपरीत अब ती मानिस मात्र मधेसी रहन पुगे, जो राजपालाई मात्र मतदान गर्न चाहन्छन् । उनीहरू राजपाको पछि लागेर आठ जिल्लाको स्थानीय राजनीतिमा रुमल्लिन चाहन्छन् ।

प्रदेश-२ मा पनि राजपाका कार्यकर्तामा कट्टरवादीहरूको भन्दा उदारवादीको संख्या ठूलो छ । उनीहरू मतदानका लागि तयार हुँदाहुँदै पनि राजपाको कट्टरवादी धारका कारणले दोस्रो चरणको मतदानमा पनि भाग लिन नपाउने भए ।

अबको तीन महिनामा राजनीतिले कुन मोड लिन्छ, यसै भन्न सकिने स्थिति छैन । तर, यति पक्का छ- आफूलाई आठ जिल्लामा सीमित राख्ने राजपाको राजनीतिक शक्ति भने घटेर स्थानीय तहको हुन जानेछ । त्यो राजनीति समग्र मधेसवासीका लागि नभएर सीमित मधेसीहरूका लागि मात्र हुनेछ । १४ असारमा दोस्रो चरणको चुनाव भएर स्थानीय सरकार बनेको क्षणदेखि नै राजपाको हैसियत खुम्चिनेछ ।

अब भने मधेसवासीहरू एउटा बृहत् राजनीतिक धारमा उभिनेछन् । मधेसी राजनीति गर्नेहरूचाहिँ प्रदेश-२ मा सीमित हुनेछन् । चुनावमा भाग नलिएको अवस्थामा राजपाले अन्य प्रदेशको स्थानीय सरकारमा स्थान बनाउन पाउने छैन । यसका स्थानीय नेतृत्व र कार्यकर्ताहरू अहिले नै अप्ठ्यारोमा परिसकेका छन्, निर्वाचनपछि झनै कठिन अवस्थामा पर्ने छन् ।

दुवै चरणको निर्वाचनको परिणाम आउनेबित्तिकै संसद्मा पनि राजपाको हैसियत घट्नेछ । अहिले राष्ट्रिय स्तरको राजनीति गरिरहेको राजपाले दोस्रो चरणको निर्वाचन परिणाम आएपछि आफ्नो शक्ति

घटेको महसुस गर्नेछ । त्यसबेला यसले संविधानमा संशोधन गराउन झनै कठिनाइ झेल्नुपर्नेछ । राष्ट्रिय राजनीतिमा यसको शक्ति अहिले नै अपुग छ तथापि मधेसका २० जिल्लामा बलियो जनाधार छ भनेर राजपाले जुन भ्रम छरिरहेको थियो, त्यो च्यातिएर जानेछ । जनाधार नभएको अवस्थामा अन्य पार्टीले राजपालाई गर्ने व्यवहार र हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन आउनेछ ।

राजपाले आफ्ना पूर्ववर्ती माग पूरा गराउन यसै गरी पुरानै अडान राखिरह्यो भने असोजमा पनि चुनावमा जाने परिस्थिति बन्न सक्ने छैन । त्यसको नकारात्मक असर मधेसवासीहरूमाथि पर्न जानेछ । असोजमा पनि चुनाव नभए राजपाका कार्यकर्ता बनेका

जपा र यसको भविष्य

कट्टरवादीहरूले पनि विकल्प खोज्न थाल्नेछन् । राजपाले टीकापुर काण्डलाई राजनीतिक तिलाञ्जली दिएर थारू बहुल क्षेत्र पश्चिम तराईको विश्वासमा आघात गरिसकेको छ। टीकापुर काण्डमा साथ र समर्थन खोजिरहेका पश्चिमका थारू समुदायलाई राजपाले निर्वाचनमा धकेलिदिएर उनीहरूका मुद्दासँग आफूहरूको सम्बन्ध पनि विच्छेद गरेको सन्देश दिएको छ ।

यतिचाहिँ स्पष्ट भइसकेको छ, अब राजपाले स्थानीय सरकारमा आफ्नो शक्ति प्रदर्शन गर्ने थलो प्रदेश-२ मात्र बाँकी छ । यहाँ पनि उसले नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, नयाँ शक्ति, राष्ट्रिय प्रजातन्त्र पार्टी तथा उपेन्द्र यादव र विजय गच्छदारको राजनीतिको सामना गर्नुपर्नेछ । यी पुराना शक्तिहरूसँगको स्पर्धामा राजपाले जति स्थान सुरक्षित गर्न सक्छ, त्यही नै उसको राजनीतिक आधार र शक्ति हुनेछ ।

राजपाको राजनीतिक समस्या आफैंभित्र छ । यसले मधेसका सम्पूर्ण बासिन्दालाई आफ्नो मतदाता मान्दैन । यो पार्टी आफैं नश्लीय दृष्टिकोणले पीडित छ । मधेसमा बसेका पहाडी मूलका सम्पूर्ण मतदातालाई उसले बहिष्कार र निषेध गर्दै आएको छ। उपेन्द्र यादवले संघीय समाजवादी पार्टीसँग एकीकरण गरेर मधेसवासी र जनजातिहरूको राजनीति एकैसाथ अघि बढाइरहेका छन् भने विजय गच्छदारको फोरम लोकतान्त्रिकले पनि यही बाटो पछ्याएको छ। तर, राजपाले भने यस्तो राजनीतिलाई पूर्णतः वर्जित गरेको छ । जसका कारण प्रदेश-२ का आठ जिल्लामा यस पार्टीको भोट बैंक ज्यादै फराकिलो छैन ।

> **टीकापुर काण्डमा साथ र समर्थन खोजिरहेका पश्चिमका थारू समुदायलाई राजपाले निर्वाचनमा धकेलिदिएर उनीहरूका मुद्दासँग आफूहरूको सम्बन्ध पनि विच्छेद गरेको सन्देश दिएको छ ।**

अर्कोतिर राजपाको हिन्दु सवर्ण राजनीतिबाट मधेसी मूलका जनजाति र दलितहरू लगातार तर्किरहेका छन् । उनीहरू राजपाको नजिक पर्न चाहँदैनन्। मध्य मधेसमा विजय गच्छदारले पखेटा फैलाएका हुनाले थारूहरूले पनि राजपासँग दूरी बढाइरहेका छन् । राजपाको हिन्दु सवर्णको राजनीतिलाई मुस्लिम मतदाताहरूले धेरै पहिलेदेखि नै रुचाएका छैनन्। खासमा मुस्लिम र दलित समुदायको राजनीतिबाट राजपा आफैं पनि टाढा बसेको छ। यहीँनिर मुस्लिम तथा दलित समुदायको नजिक पुग्न माओवादी केन्द्रले लगातार प्रयास गर्दै आएको छ ।

राजपाले अहिलेसम्म चलाएको राजनीतिक मिसनको प्रमुख धार तराई मधेसमा कम्युनिस्ट शक्तिको उन्मूलन गर्नु थियो। विशेष गरी नेकपा एमालेका अध्यक्ष केपी ओलीको शक्ति घटाउनु मधेस आन्दोलनको एउटा लक्ष्यमध्येको थियो । तर, मधेसी राजनीति गर्न होमिएका महेन्द्र यादवले यस अभियानमा प्रभावकारी भूमिका खेल्न सकेनन्। नेपाली कांग्रेसको मधेस वर्चस्व घटाउन भनेर महन्थ ठाकुर आफैं होमिए पनि उनले चुनावमा राम्रो प्रदर्शन गर्न सकेनन् । माओवादी केन्द्रले पनि मधेसमा सांगठनिक आधार बनाइसकेको छ। मधेसवादी दिग्गज नेताहरूको पराजय भएको समयमा पनि प्रचण्डले त्यहाँबाटै चुनाव जितेका हुन । एमालेले पनि मधेसमा संगठनको बलियो सञ्जाल निर्माण गरिसकेको छ। यसले मधेसमा बसेका पहाडिया मूलका मतदाताहरूलाई आफूतिर आकर्षित गरिरहेको छ। यस्तो पृष्ठभूमिमा मधेसबाट कांग्रेस र कम्युनिस्टको शक्ति उन्मूलन गर्न राजपालाई धेरै मुस्किल पर्नेछ ।

नवलपरासीमा निर्वाचन भइरहँदा राजपाका नेतृत्व समूहमा रहेका हृदयश त्रिपाठीलाई भने आफूले के गर्ने भन्ने संकट पर्न जानेछ। यस्तै संकट झापा, सुनसरी, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका राजपाका स्थानीय नेताहरूलाई पनि पर्नेछ । किनभने, आ-आफ्नो क्षेत्रको निर्वाचनमा भाग लिन जान सक्ने सुविधा भए पनि, उनीहरूसँग मतदाताहरूलाई रिझाउने कुनै गतिलो उपहार छैन। राजपाको बहिष्कारवादी राजनीति गर्ने कार्यकर्ताहरू पनि कुनै पार्टीको उम्मेदवारका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिन पुग्नेछन् । किनभने, राजनीति गर्ने र जुवा खेल्नेहरू आफ्नो दाउ नआए पनि अर्काको दाउमा भए पनि च्याँखे थाप्न पुगिहाल्छन्। निर्वाचनका बेला च्याँखे थाप्नेहरूले नै बढी फाइदा लिने गरेका छन्। यसरी च्याँखे थाप्दा उनीहरू मधेसीको राजनीति बिर्सिएर मधेसवासीको राजनीतिमा मिसिन पुग्छन् ।

त्यसैले अबको राष्ट्रिय राजनीतिमा राजपाले पनि 'मधेसी होइन, मधेसवासी भनौं, मधेसवासी बनौं' भन्ने अभियान चलाउन सक्नुपर्छ। यस्तो अभियान चलाउन सकेन भने यसको राजनीतिले स्थानीय स्तरमा पनि ठक्कर खाइरहनेछ । मधेसको राष्ट्रिय राजनीति मधेसीका लागि मात्र होइन, समग्र मधेसवासीका लागि हुनुपर्छ भन्ने आवाज लगातार उठिरहेका बेला त्यहाँ जे जति राजनीति हुन्छ, त्यसको केन्द्रमा समग्र मधेसवासी हुनुपर्छ भन्ने सोच राजपाका नेताहरूमा पलाएन भने त्यसले निषेध, बहिष्करण र द्वन्द्वको मैदान निर्माण गर्न सक्छ। जसको नकारात्मक असर अन्ततः मधेसमा नै पर्न जानेछ । र, यो मधेसका लागि हितकर हुनेछैन ।

माओवादीको देखासिकी गरेर आन्दोलन गर्दै सहिद घोषणा गर्दै जानाले पछि गएर राजपाका नेतृत्व समूहको मुहारमा पनि माओवादी नेताहरूका अनुहारमा देखापरेका जस्तै हिंसा, हत्याका अनेकन् दाग लाग्न सक्छ। त्यस कारण आफ्नो अनुहार त्यसरी विकृत हुनबाट जोगाउनु राजपा नेता तथा कार्यकर्ताहरूको प्रमुख लक्ष्य हुनुपर्छ यतिखेर । ♦

बिचौलियाजस्ता विद्यालय

स्कुले विद्यार्थीलाई जथाभावी र मनपरी मूल्यमा किताब भिडाएर वार्षिक करिब ६९ करोड रुपियाँ कमिसनको खेल भइरहेको अनुमान

■ बाबुराम विश्वकर्मा

निजी विद्यालयहरूले शिक्षाका नाममा बालबालिकालाई उभिनै नसक्ने गरी किताबको भारी बोकाउने प्रवृत्ति हदै भएपछि सन् २००९ मा भारतको नयाँ दिल्लीस्थित उच्च अदालतले ऐतिहासिक फैसला गऱ्यो । फैसला थियो- प्राथमिक तहका बालबालिकालाई पानीको बोतल र टिफिनसहित चार किलोभन्दा बढी तौल, निम्न माध्यमिक तहमा ६ र माध्यमिक तहमा आठ किलोभन्दा बढीको झोला बोकाउन नपाइने । उच्च अदालतको यो फैसलाले निजी विद्यालयहरूले फर्माइस गरेका किताब किनेर हैरान भएका अभिभावकले मात्र राहत पाएनन्, आफ्नै शरीर सम्हाल्न पनि कठिन हुने उमेर समूहका कलिला नानीहरूको बोझ धेरै हलुका भयो ।

भारतीय अदालतको यो फैसलाको प्रभाव नेपालमा पनि पऱ्यो, पाठ्यक्रम विकास केन्द्रले ०६९ मै दिल्लीकै मापदण्ड अनुसार प्राथमिक तहमा चार, निम्न माध्यमिकमा ६ र माध्यमिक तहमा आठ किलोभन्दा बढी तौलको झोला बोक्न नपाइने मापदण्ड लागू गऱ्यो । विडम्बना ! यो मापदण्ड पाठ्यक्रम विकास केन्द्रको संस्थागत विद्यालयसम्बन्धी निर्देशिकामा मात्र सीमित छ । अहिले पनि कक्षा-१ का विद्यार्थीलाई न्यूनतम नौ देखि १४ वटा किताब र झन्डै त्यत्तिकै संख्यामा कापी किन्न बाध्य पारिएको छ । विद्यालय जाँदा यी सामग्री त बालबालिकाले बोक्नैपर्छ, थपमा टिफिन र पानीको बोतल पनि । सेन्टजेभियर्स स्कुलका अभिभावक दीपेन्द्र लकान्द्री भन्छन्, "कक्षा-४ मा पढ्ने मेरो छोराको झोला पाँच किलोभन्दा बढी नै छ ।" जबकि, पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तहमा पाँचवटा भन्दा बढी किताब किन्नु नपर्ने मापदण्ड बनाएको छ । विडम्बना ! सन्दर्भ पुस्तकका नाममा निजी विद्यालयले मनोमानी पुस्तक किनाएर सरकारी मापदण्डको धज्जी मात्र उडाएका छैनन्, आर्थिक रूपमा अभिभावकको डाढ नै सेकेका छन् भने

तस्बिर : रवि मानन्धर

कलिला नानीहरूलाई किताबको भरिया बनाएका छन् ।

यो त भयो प्राथमिक तहको प्रसंग, निम्न माध्यमिक र माध्यमिक तहमा पनि पाठ्यक्रम विकास केन्द्रले तोकेका पाठ्यपुस्तकको संख्या आठभन्दा बढी छैन । तर, निजी विद्यालयले निम्न माध्यमिक र माध्यमिक तहमा न्यूनतम १० देखि १६ वटासम्म पाठ्यपुस्तक किन्न र प्रयोग गर्न बाध्य पारेका छन्, अभिभावक र विद्यार्थीलाई । निजी विद्यालयपिच्छे नै किताबको संख्या र गुणस्तर फरक-फरक छ । विद्यार्थी र अभिभावकलाई असीमित किताब थोपर्दा निजी विद्यालयका सञ्चालकले पाउने कमिसनका कारण कलिला नानीहरूलाई यसरी अनावश्यक किताबको भारी बोकाइएको हो, गुणस्तरीय र बालमैत्री शिक्षासँग कुनै साइनो छैन । सरकारी विद्यालयमा प्राथमिक तहमा पाँचवटा र त्यसभन्दा माथिल्लो तहमा आठवटा मात्र पाठ्यपुस्तक भए पुग्ने, निजीमा चाहिँ जतिसक्दो धेरै पुस्तक राखिनुमा किताब प्रकाशक, बिक्रेता र निजी विद्यालयको बलियो गठबन्धन र स्वार्थले काम गरेको छ ।

सरकारले निःशुल्क पाठ्यपुस्तक, पाठ्यक्रममा आधारित पठनपाठन अनि पठनपाठनलाई बालमैत्री र प्रविधिमैत्री बनाउने नारा घन्काउन थालेको एक दशकभन्दा बढी भयो । तर, निजी विद्यालयले गरेको पाठ्यपुस्तकको धन्दाले सरकारी नीति र नारा दुवैलाई चुनौती दिएको छ । पाठ्यक्रम विकास केन्द्रका निर्देशक कृष्ण काप्री भन्छन्, “नीति र मापदण्ड सबै छन् । तर, तिनलाई बेवास्ता गर्ने र चुनौती दिने प्रवृत्ति पनि उस्तै छ ।”

केन्द्रले निजी विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तकको सूची र तौल मात्र तोकेको छैन, त्यसको मूल्य निर्धारण पनि गरेको छ । खास गरी पाठ्यपुस्तकको खरिद-बिक्री तथा प्रकाशनमा प्रकाशक, बिक्रेता र निजी विद्यालयको मनोमानी बढपछि यसरी निर्धारण गरेको हो । तर, ती मापदण्ड कागजमै सीमित छन् । जस्तो : कक्षा-१ मा जम्मा पाँचवटा किताब भए पुग्छ भने कक्षा-१० मा आठवटा । तर, कमिसनका लागि निजी विद्यालयहरूले जतिसक्दो धेरै किताब किन्न अभिभावकलाई बाध्य पारेका छन् । जस्तो : बसुन्धरास्थित पाञ्चायन सेलेस्टियल स्कुलका कक्षा-४ का विद्यार्थीलाई विद्यालयले १६ वटा किताब किन्न लगाएको छ तर ती सबै विषयको परीक्षाचाहिँ हुँदैन, जम्मा सातवटा विषयको मात्र परीक्षा लिइन्छ, त्यहाँ । पढाइ र परीक्षा दुवै नहुने किताब अभिभावकलाई भिडाउनुमा किताब बिक्रेता र विद्यालयबीच हुने लेनदेनले काम गरेको बुझ्न कठिन छैन ।

पुस्तक प्रकाशक, बिक्रेता र निजी विद्यालयको गठबन्धनले महँगो मूल्य राखेर किताब छाप्न थालेपछि त्यसमा सरकारले ०७० देखि नै अंकुश लगाएको हो । त्यतिबेला निजी स्तरबाट छापिने पुस्तकको मूल्य श्यामश्वेत प्रतिपृष्ठ ८९ पैसा, दुई कलरलाई प्रतिपृष्ठ एक रुपियाँ र बहु कलरलाई प्रतिपृष्ठ १ रुपियाँ १५ पैसा निर्धारण गरिएको थियो । त्यो मूल्यलाई ०७३ मा संशोधन गरेर श्यामश्वेत प्रतिपृष्ठ १ रुपियाँ १० पैसा, दुई कलर १ रुपियाँ २५ पैसा र बहुकलर १ रुपियाँ ४५ पैसा बनाइएको छ । पाठ्यपुस्तकको मूल्यसम्बन्धी यो मापदण्ड कक्षा-१ देखि १० सम्म मात्र लागू गरिएको छ ।

निजी स्तरबाट छापिने पुस्तकको मूल्य निर्धारण भएपछि सबै किताब यही मूल्यमा छाप्न थालिएको छ । तर, कमाउने जुक्तिचाहिँ पुस्तक प्रकाशक, बिक्रेता र निजी विद्यालयको गठबन्धनले नयाँ निकालेको छ । त्यो हो, सरकारी मापदण्डमै किताब छाप्ने र बिक्री गर्ने तर किताबको संख्या सरकारले तोकेभन्दा बढी राख्ने । यसले अभिभावकमाथि आर्थिक भार थपेको छ । जस्तो : सामान्य स्तरको निजी विद्यालयमा पढ्ने विद्यार्थीले कक्षा-१ का लागि औसत दुई हजार रुपियाँ र कक्षा-१० का लागि औसत ६ हजार रुपियाँभन्दा बढी मूल्यका किताब खरिद गर्नुपर्छ । यसबाट निजी विद्यालयले न्यूनतम १५ देखि ३५ प्रतिशत कमिसन लिन्छन् ।

पाठ्यक्रम विकास केन्द्रको मापदण्डले कक्षा-१० सम्मलाई मात्र समेटेका कारण पाठ्यपुस्तक प्रकाशकले कक्षा-११ र १२ का किताबको मूल्य तुलनात्मक रूपमा महँगो राख्ने गरेका छन् । जस्तो : रत्न पुस्तक भण्डारले कक्षा-१२ का लागि निकालेको *न्युमेरिकल एक्जामपल्स* (पृष्ठ २३७) को मूल्य ५.९० अमेरिकी डलर (६ सय रुपियाँभन्दा बढी) राखेको छ । रत्नका सबै किताबको मूल्य डलरमै राखिएको छ । यस्तै, एकता बुक्सले प्रकाशित गरेका कक्षा-११ र १२ का विज्ञानका किताब पनि महँगै छन् । जस्तो : कक्षा-१२ का लागि निकालिएको *एडभान्स लेभल केमेस्ट्री*को मूल्य ७ सय ९५ रुपियाँ छ ।

किताब प्रकाशकहरूले निजी विद्यालयलाई फर्माइस गर्न किताबको मेनु निकै व्यापक बनाएका छन् । एकता बुक्सले सबैभन्दा प्रारम्भिक तहका बालबालिका जाने प्ले ग्रुपका लागि समेत १९ थरी किताब निकालेको छ । जसमा सबैभन्दा महँगो छ, *अल इन वान जुनियर*, जसको मूल्य छ, २ सय ९५ रुपियाँ । एकताले कक्षा-१ का लागि ३३ थरी

किताब प्रकाशन गरेको छ । तीमध्ये सबैभन्दा महँगो परेको छ, *सिम्फोनी: एन इङ्लिस कोर्स बुक वान*, जसको मूल्य २ सय ६० रुपियाँ छ ।

एकताको मात्र के कुरा, विद्यालयको पाठ्यपुस्तक उत्पादन र बिक्री गर्दै आएको रत्न पुस्तक भण्डारले कक्षा-१ का लागि आठवटा किताब छाप्छ । रत्नले ९८ पृष्ठको *नौलो नेपाली*को मूल्य २ दशमलव २० अमेरिकी डलर (करिब २ सय २५ रुपियाँ) राखेको छ ।

शिक्षा मन्त्रालयको आँकडा अनुसार अहिले देशभरिका निजी विद्यालयमा कक्षा-१ देखि १२ सम्म करिब १५ लाख ५० हजार विद्यार्थी छन् । निजी विद्यालयले खुद्रा बिक्रेताबाट एक विद्यार्थी बराबर न्यूनतम १५ प्रतिशत कमिसन पाउँछन् । एउटा विद्यार्थीले वार्षिक औसत तीन हजार रुपियाँको किताब किन्दा विद्यालयलाई प्रतिविद्यार्थी ४ सय ५० रुपियाँ कमिसन जान्छ। यस हिसाबले १५ लाख ५० हजार विद्यार्थीबाट निजी विद्यालयहरूले किताबको धन्दाबाट मात्र न्यूनतम वार्षिक ६९ करोड रुपियाँ कमिसन पाउने गरेको आँकडा आउँछ। अभिभावक संघका पूर्वअध्यक्ष सुप्रभात भण्डारी भन्छन्, "यो साह्रै न्यूनतम हो, अभिभावकलाई धेरै किताब थोपरेर कमिसन खाने चक्कर डरलाग्दो छ र यसबाट निजी विद्यालयले करोडौं रुपियाँ कमाएका छन् भने अभिभावकले थेग्नै नसक्ने अवस्था आएको छ ।"

किताबको व्यापारमा निजी विद्यालयको संलग्नता पनि थरीथरीको छ । जस्तो : बाँसबारीस्थित चाँदबाग स्कुलले अभिभावकलाई किताबको सूची दिएर बागबजारको न्यु आदर्श स्टेसनरीमै पठाउँछ । यति टाढा किन ? नजिकैका स्टेसनरीमा ती किताब किन पाइन्न ? जवाफ सरल छ, बिक्रेता र विद्यालयको सेटिङले गर्दा अभिभावक विद्यालयले तोकेको स्टेसनरी जतिसुकै टाढा भए पनि धाउन बाध्य छन् ।

यस्तै अर्को उदाहरण हो, धापासीस्थित त्रियोग हाइस्कुल, जसले अभिभावकलाई किताब किन्न आफ्नो सूची दिएर हेरिटेज पब्लिसर एन्ड डिस्ट्रिब्युटर भोटाहिटी पठाउँछ। अधिकांश निजी विद्यालयले भर्नाकै बेलामा किताबको सूचीसहित स्टेसनरी वा किताब पसल तोकेर किन्न पठाउँछन्, जसको कतैबाट पनि विरोध भएको छैन । विद्यालयले बिक्रेता तोकेर किताब किनाउने प्रचलन नयाँचाहिँ होइन । सानातिना विद्यालय मात्र होइन, नाम चलेका ठूला विद्यालयले पनि यस्तै गर्दै आएका छन् । जस्तो : ललितपुरको सेन्टजेभियर्स तथा सेन्टमेरिज स्कुलका अभिभावक विद्यालयले दिएको सूची बोकेर बागबजारकै सीमित पसलमा आउँछन्, किताब तथा स्टेसनरी खरिद गर्न ।

त्यसो त निजी विद्यालय स्वयं पनि अस्पतालले औषधी पसल खोलेजसरी विद्यालयमै किताब तथा स्टेसनरी पसल खोलेर व्यापार गरिरहेका छन् । जस्तो : काठमाडौं प्याब्सनका पूर्वअध्यक्ष थकिनकुमार गुरुङको विद्यालय हो, धापासीको ग्रिनल्यान्ड स्कुल । विद्यालयबाहिरको

सटरमा उनले शैक्षिक सत्र सुरु भएको करिब एक महिना पुस्तक तथा स्टेसनरीको व्यापार गर्छन्। त्यसपछि अर्को शैक्षिक सत्रसम्म त्यो सटर बन्द हुन्छ। एक महिनाको व्यापारबाट ६ सय विद्यार्थी रहेको गुरुङको विद्यालयले हरेक वर्ष १२ लाख जतिको व्यापार गर्छ भने त्यसबाट करिब तीन लाख रुपियाँ नाफा कमाउने गरेको स्रोतको दाबी छ। देशका करिब ५० प्रतिशतभन्दा बढी निजी विद्यालयले यही प्रवृत्ति अपनाउँछन्, किताब र स्टेसनरीको कमिसनबाट। प्याब्सनकी उपाध्यक्ष दीपिका थापा भन्छिन्, "अस्पतालमा औषधी बिक्री हुन्छ भने विद्यालयमा किताब-कापीको व्यापार गर्न किन नहुने ?"

काठमाडौंबाहिरका धेरैजसो निजी विद्यालयले विद्यार्थीका लागि आवश्यक पर्ने पाठ्यपुस्तक विद्यालयबाट सोझै बिक्री हुन्छन्। प्रकाशकबाट कमिसनमा विद्यालयले नै किताब किन्ने र विद्यार्थीलाई भिडाउने गरिएको छ । यो छड्के विधिबाट चाहिँ निजी विद्यालयहरूले प्रकाशकबाट झन्डै ३५ प्रतिशत कमिसन पाउँछन् । काठमाडौं जिल्ला शिक्षा अधिकारी जयप्रसाद आचार्य भन्छन्, "नियम र मापदण्ड उल्लंघन गरेर जभाभावी किताब भिडाउने काम रोक्न सशक्त अनुगमन जरुरी छ। गुनासो आएसम्म हामीले कारबाही गरेका छौं । तथापि, यसलाई नियमन गर्नु चुनौतीपूर्ण नै छ ।"

अभिभावकलाई अनावश्यक किताब भिडाउन प्रकाशक र निजी विद्यालयको मिलेमतो झन् डरलाग्दो छ । अहिले निजी विद्यालयका लागि पुस्तक प्रकाशन गर्नेको संख्या झन्डै ६० को हाराहारीमा छ । सुरुमा एकता बुक्स, विद्यार्थी पुस्तक भण्डार र रत्न पुस्तक भण्डारले विद्यालय तहका पाठ्यपुस्तक प्रकाशन तथा वितरण गर्थे । तर, अहिले युनाइटेड, आठराई प्रकाशन, युनिक, अक्सब्रिज, ओएसीस, जेबीडीलगायतका प्रकाशन गृहले निजी विद्यालयका किताब छाप्ने र बेच्ने काममा हात हालेका छन् । प्रकाशकहरूबीचको अस्वस्थ प्रतिस्पर्धाले जथाभावी किताब छाप्ने र विद्यालयलाई प्रभावमा लिने होड नै चलिरहेको छ। विद्यालयहरूले ४० देखि ५० प्रतिशत कमिसनमा प्रकाशकबाट सीधै किताब लगेर अभिभावकलाई भिडाएपछि गत वर्ष पुस्तक व्यवसायी संघले आन्दोलन गरेर त्यसलाई रोक्यो । सुनकोसी पब्लिकेसन्सका तारानिधि रेग्मी भन्छन्, "अहिले स्कुलले सीधै प्रकाशकबाट लिएर बेच्न सक्दैनन्, बिक्रेताबाटै जानुपर्छ। तर, कमिसनको चक्कर त उस्तै हो, स्कुलले जताबाट कमिसन पाउँछन्, त्यतैबाट किताब लिन्छन् ।"

निजी विद्यालयलाई किताब भिडाउन प्रकाशकहरूले अनेक जुक्ति लगाउने गरेका छन् । विद्यालयलाई कम्प्युटर, आर्थिक सहयोग दिनेदेखि विद्यालय सञ्चालकलाई रसरंगसम्मको व्यवस्था मिलाउँछन्, प्रकाशकहरू । मस्ती उनीहरूलाई हुने भए पनि मार भने विद्यार्थी र अभिभावकलाई नै पर्ने हो। निजी विद्यालयहरूले बिचौलिया प्रवृत्ति नत्यागेसम्म यस्तो अवस्था दोहोरिइरहनेछ । ◆

KANTIPUR DIGITAL CORP

KMG

GLOBAL COLLEGE OF MANAGEMENT | PRESENTS

ekantipur

onlinexpo

STUDY FAIR 2017

Nepal's first online exhibition

IN ASSOCIATION WITH UNIGLOBE COLLEGE Pokhara University Affiliate

POWERED BY HERALD COLLEGE KATHMANDU

Find all the colleges, consultancies and educational institutions to further your career, right here!

expo.ekantipur.com

TITLE SPONSOR: GLOBAL COLLEGE OF MANAGEMENT

IN ASSOCIATION WITH: UNIGLOBE COLLEGE Pokhara University Affiliate

POWERED BY: HERALD COLLEGE KATHMANDU

SPONSORS: LANDMARK EDUCATION; EEVS EXPERT EDUCATION & VISA SERVICES; Kangaroo EDUCATION FOUNDATION; KIEC; PHOENIX COLLEGE OF MANAGEMENT BBA MBA; Mate's education; hub int'l education; GLOBAL REACH education matters

PARTNER: NIC ASIA; VMAG; Einstein International Inc.; Sparrow; EVEREST GLOBAL EDUCATION; Nesfield INTERNATIONAL COLLEGE

ekantipur

It's time for the next.

निर्वाचन

राजेन्द्र महतो र उपेन्द्र यादव (दायाँ)

अनिश्चयको यात्रा

संघीय समाजवादी फोरम र राजपा नेपालबीचको शत्रुता र प्रतिद्वन्द्विताका कारण प्रदेश–२ को राजनीतिक भविष्य अन्योलमा

सीताराम बराल

वीरगन्ज पुगेका राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका नेता राजेन्द्र महतोले संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवलाई अंग्रेजकालमा बंगाललाई धोका दिएर आफ्नो मातृभूमि अंग्रेजलाई सुम्पने मीर जाफरसँग तुलना गरे, ३१ जेठमा। दोस्रो चरणको स्थानीय तह चुनावमा पनि भाग लिने फोरमको निर्णयप्रति कटाक्ष गर्दै महतोले यादवलाई मधेसको गद्दारको आरोपसमेत लगाए।

आफूमाथि मीर जाफरको आरोप लाग्नुअघि यादवले पनि राजपा नेपालका नेता राजेन्द्र महतो विदेशी नागरिक भएको बताउँदै उनको घर सीमापारि कोहरवा भन्ने भारतीय गाउँमा भएको दाबी गरेका थिए। यतिबेला मधेसी जनता र माटोले चुनाव चाहेको बताउँदै यादवले 'सीमापारिबाट मान्छे ल्याएर कसैले चुनाव रोक्न खोजे त्यसलाई नेपाली जनताले डन्डा लगाएर खेद्ने' चेतावनीसमेत दिएका थिए। यादवको यो चेतावनी पनि महतोप्रति नै लक्षित थियो।

मधेस केन्द्रित दुई राजनीतिक दलबीच कटुताको पछिल्लो दृश्य मात्र हो, फोरम र राजपा नेपालका शीर्ष नेताको यो अभिव्यक्ति। खासमा नवगठित राजपा नेपालमा सामेल विभिन्न ६ दल र पहिलो मधेस आन्दोलनपछि मधेसको राजनीतिक परिदृश्यमा उदाएको फोरमबीच सुरुदेखि नै प्रतिद्वन्द्विता छ। र, यो प्रतिद्वन्द्विता मधेस आन्दोलनबाट प्राप्त उपलब्धिको जस कसले लिने भन्नेमा केन्द्रित छ। तर, दुःखको कुरा के छ भने उनीहरूबीचको जस लिने प्रतिद्वन्द्विताको मारचाहिँ मुलुकले बेहोर्नु परिरहेको छ।

दोस्रो संविधानसभा चुनावमा समानुपातिक तर्फको मत परिणामलाई हेर्ने हो भने मधेसवदी दलहरूमध्ये प्रदेश-२ को सबैभन्दा ठूलो दल हाल राजपा नेपालको एक घटक राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टी थियो। तर, संगठन, मधेस आन्दोलनको

विरासत र जातीय (यादव) भोट बैंक आदिका कारण यादव नेतृत्वको फोरमको हैसियत पनि कमजोर थिएन, छैन । टुटफुटका बाबजुद प्रदेश-२ मा यादवको यही मजबुत हैसियत नै मधेसवादी राजपाका लागि ईर्ष्याको विषय बन्दै आएको छ ।

त्यही कारण हो, महतो नेतृत्वको सद्भावना, महन्थ ठाकुर नेतृत्वको तमलोपा, महेन्द्र यादव नेतृत्वको तमलोपा नेपाल, शरत्सिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेस समाजवादी पार्टी, अनिल झा नेतृत्वको संघीय सद्भावना पार्टी र राजकिशोर यादव नेतृत्वको फोरम (गणतान्त्रिक) मिलेर राजपा नेपाल गठन भयो, जसको मुख्य उद्देश्य यादव नेतृत्वको फोरमलाई टक्कर दिनु नै थियो (हेर्नूस् : *एकका विरुद्ध ६, २४ वैशाख ०७४*)।

तत्कालका लागि प्रतिस्पर्धाको मूल जरो प्रदेश-२ मा कब्जा जमाउने होड भए पनि यसको पृष्ठभूमिचाहिँ वैचारिक नै हो। किनभने, फोरम अध्यक्ष यादव वामपन्थी पृष्ठभूमिका हुन् । अहिले पनि उनको एकता र निकटता वामपन्थी पृष्ठभूमिका नेतासँग छ। महेन्द्र यादवबाहेक राजपाका बाँकी पाँच शीर्ष नेताचाहिँ गैरवामपन्थी पृष्ठभूमिका छन् । ०६३ अघि एक्लो मधेसवादी दलका रूपमा रहेको सद्भावना पार्टीलाई उपेन्द्र यादव नेतृत्वको पहिलो मधेस आन्दोलनले कमजोर बनाइदियो । यही आन्दोलनपछि हो, मधेसवादी दल खोल्ने र मधेसवादी हुने होड र लहर चलेको पनि । आफ्नो प्रभाव कमजोर गराएकाले पनि राजेन्द्र महतो उपेन्द्र यादवलाई मन पराउँदैनन्। यादव पनि महतो आदिलाई मधेसका नाममा फाइदा मात्रै उठाउने ठान्छन् र उनलाई खासै भाउ दिन चाहन्नन् । उनीहरूबीचको यो प्रतिद्वन्द्विता संविधान जारी भएपछिको मधेस आन्दोलनमा पनि प्रकट भएको थियो। यादवको जिम्मामा रहेका सीमानाकाको धर्नाको नेतृत्व गर्न महतो पुगेका थिए । औपचारिक रूपमा निर्णयबिना नै २१ माघ ०७२ मा धर्ना फिर्ता लिएको भन्दै महतोलाई कारबाही गराएर मात्र मधेसी मोर्चाले २५ माघ ०७२ मा धर्ना फिर्ता लिएको औपचारिक घोषणा गरेको थियो। महतोमाथिको त्यो कारबाहीमा यादवकै भूमिका थियो ।

राजपा नेपाल र फोरमबीचको प्रतिस्पर्धा प्रदेश-२ मा कसले पकड जमाउने भन्ने होड नै हो । हुन त, तमलोपाको प्रभाव दुई नम्बर प्रदेशभन्दा पाँच नम्बरमा धेरै छ । तर, यी दुई प्रदेशबीच के फरक छ भने पाँच नम्बर प्रदेशमा राप्ती र लुम्बिनीका पहाडी जिल्ला पनि छन्, त्यसविपरीत दुई नम्बरमा चाहिँ पहाडी जिल्ला छैनन् । पाँच नम्बरकै जस्तो स्थिति यादवको गृहजिल्ला समेटिएको एक नम्बर प्रदेशको पनि छ। यही कारण दुवै दल दुई नम्बर प्रदेशमा निर्वाचनमार्फत पकड जमाउन चाहन्छन् । राजपा नेपालका लागि त झन् दुई नम्बर प्रदेश किन महत्त्वपूर्ण छ भने यो दलका सबै प्रमुख नेता यही प्रदेशकै छन् । त्यसैले उनीहरूका लागि पनि दुई नम्बर प्रदेशमा विजय हासिल गर्नु प्रतिष्ठाको विषय बनेको छ ।

प्रस्तावित स्थानीय चुनावमा यादव नेतृत्वको फोरमको सामना गर्न ६ मधेसवादी दल सहज रूपमा एक त भए तर एकतालगत्तै हुने भनिएको स्थानीय चुनाव उनीहरूका लागि चुनौतीविहीन हुनेचाहिँ देखिएन । किनभने, संगठन थिएन, चुनावका लागि आवश्यक रकमको जोहो पनि थिएन । सबैभन्दा ठूलो समस्या टिकट वितरणको थियो । एकतासँगै राजपामा टिकटका आकांक्षीहरूको संख्या बढ्न थाल्यो । त्यही भएर नयाँ पार्टीको गठन चुनाव लक्षित भए पनि टिकट संकट टार्न राजपा नेपालका नेताहरूले आन्दोलनको कुरा गर्न थाले, चुनावको होइन । र, अन्ततः प्रदेश-२ को चुनाव हाललाई स्थगित नै हुन पुगेको छ ।

राजपा गठनको भित्री तयारी हुँदै गर्दा फोरम अध्यक्ष यादव भने आन्दोलनको कुरा गरिरहेका थिए, चुनावको होइन । २९ फागुनमा सप्तरी पुगेका यादवले संविधान संशोधनबिना चुनाव गरिए सशक्त बहिष्कार मात्र होइन, सशक्त प्रतिकार नै गरिने चेतावनी दिएका थिए । उनले केसम्म भनेका थिए

द्वन्द्वको परिणति

- ०६३ को परिवर्तनपछिको सात दलीय अन्तरिम सरकारमा नेपाल सद्भावना पार्टी पनि सामेल थियो । अन्तरिम संविधानप्रति असन्तुष्टि जनाउँदै उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरम आन्दोलनमा उत्रियो । सरकारमा रहेको सद्भावना पार्टी समस्याको निकास खोज्ने भन्दा फोरमलाई रोक्ने ध्याउन्नमा लाग्यो, जसका कारण समस्या झन् चर्किन पुग्यो । र, सद्भावना आफैं सरकारबाट हट्यो ।
- पहिलो मधेस आन्दोलनको निकासका लागि १३ भदौ ०६४ मा सरकार र फोरमबीच संघीयता ग्यारेन्टीको प्रतिबद्धतासहितको २२ बुँदे सहमति भयो । जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण नभएको भन्दै तराई मधेस लोकतान्त्रिक पार्टीको गठनका साथ ०६४ मा दोस्रो मधेस आन्दोलनको सुरूआत गरियो । खासमा दोस्रो आन्दोलन सरकार-फोरमबीचको सहमतिप्रतिको असन्तुष्टि थियो ।
- संविधानसभाको पहिलो चुनावपछि बनेका सबैजसो सरकारमा कुनै न कुनै मधेसवादी दल सहभागी भए । सरकारमा पुगेर मधेस आन्दोलनका माग पूरा गराउनेमा होइन, उनीहरूको चासो आफू सत्तामा जाने र प्रतिस्पर्धी मधेसवादी दललाई सत्तामा जानबाट रोक्नेमा केन्द्रित भयो ।
- पहिलो संविधानसभा विघटनअघि २ जेठ ०६९ मा १० संघीय प्रदेशसहितको संविधान जारी गर्ने सहमति दलहरूबीच भयो, यसमा अन्य मधेसवादी दलको पनि सहमति थियो । तर, फोरम अध्यक्ष यादवले असहमति जनाए । फोरमभन्दा क्रान्तिकारी देखिन अरूले पनि यसमा असहमति पोखे । अलिखित सहमति रातारात असहमतिमा परिणत भयो । परिणाम, बिनासंविधान पहिलो संविधानसभा विघटन हुन पुग्यो । त्यो सहमतिसहितको संविधान जारी हुन दिएको भए न संविधानबिना पहिलो संविधानसभा विघटन हुन पुग्थ्यो, न त अहिलेको सीमांकनको समस्या देखिन्थ्यो ।
- स्थानीय तहको चुनावका सन्दर्भमा पनि मधेसवादी दलहरूले पालैपालो सहमति र असहमति व्यक्त गर्दै आएका छन् । सुरुमा यादव नेतृत्वको फोरम संविधान संशोधनबिना चुनावमा भाग नलिने पक्षमा थियो भने राजपा नेपालचाहिँ चुनावको पक्षमा उदार । तर, आपसी प्रतिद्वन्द्विताका कारण दुवैको 'यू-टर्न' भएको छ । फोरम स्थानीय चुनावको पक्षमा छ भने राजपा नेपालचाहिँ संविधान संशोधनबिना चुनाव हुनै नदिने अडानमा ।

KMG
KANTIPUR MEDIA GROUP

एक कर्म तीन धर्म

एक पिन्ट रक्तदान गरी तपाई तीन 'अमूल्य जीवन जोगाउन सक्नु हुन्छ ।



हरेक दिन देशभरका अस्पतालमा रगत अभाव हुँदा बिरामी गहन समस्या झेल्न बाध्य छन् ।

'आउनुहोस् उनीहरूको जीवन बचाऔं ।

KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group

An Initiative of Kantipur Foundation.

भने संघीय संसद् र प्रादेशिक संसद्को साटो स्थानीय तहको चुनाव गरेर मुलुकलाई उल्टो बाटोमा लैजान खोजिएको छ । यादवका त्यतिबेलाका अभिव्यक्तिहरू हेर्ने हो भने उनी कसरी चुनावमा आए होलान् भन्ने लाग्छ ।

माओवादी केन्द्रका एक नेताका भनाइमा जब राजपा नेपालको गठन भयो, यही दल नै मधेसको मूलधार बन्ने ठानेर सरकार र राजनीतिक दलहरूले स्थानीय तहको चुनाव गराउने योजना बनाएका थिए । विजय गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम त अझ चुनावको पक्षमा मात्र थिएन, सरकारमा नै आएकाले यादवको धम्कीलाई दलहरूले गम्भीर रूपमा लिएका थिएनन् । यिनै कारण थिए, जसले सत्तारूढ कांग्रेस-माओवादी केन्द्रलाई चुनावमा जाने निर्णयमा पुर्‍यायो । फोरमले चुनाव बहिष्कार गरे पनि राजपा नेपाल र फोरम लोकतान्त्रिकले चुनावमा भाग लिने भएपछि केही फरक पर्दैन भन्ने उनीहरूको ठहर थियो ।

तर, टिकटसम्बन्धी लफडा र छिट्टै चुनावमा जाँदा परिणाम आफ्नो पक्षमा नआउने देखेपछि राजपा नेपालका नेताहरू चुनावबाट भाग्ने उपायको खोजीमा लागे । जब राजपा नेपाल चुनावमा जाने मुडमा नरहेको यादवले बुझे, त्यसपछि 'यू-टर्न' लिए र फोरमलाई चुनावमा होम्ने निर्णय गरे । राजपा नेता मनीष सुमनका भनाइमा राजपा नेपालको अनुपस्थितिमा चुनाव लड्दा मधेसी मत आफ्नो पक्षमा आउने यादवको विश्लेषण हुन सक्छ, त्यसैले उनी चुनाव लड्ने पक्षमा पुगेका हुन् । भन्छन्, "बाबुराम भट्टराईको नयाँ शक्तिसमेत फोरमकै चुनाव चिह्न लिएर लड्ने भएकाले पनि यादवको पार्टी चुनावमा गएको हो ।"

मेचीदेखि महाकालीसम्मको तराईमा ५० प्रतिशत जनसंख्या भए पनि नेपालभित्र मधेसी मूलको संख्याचाहिँ कुल जनसंख्याको एकतिहाइ मात्र हो । त्यसैले चुनावमा सफलता हासिल गरेर मात्र माग पूरा गर्ने हैसियतमा मधेस केन्द्रित दलहरू छैनन् । कि आन्दोलनमार्फत ठूला दललाई बाध्य बनाएर, कि आफैं नरम बनी आफ्ना मागमा अरूलाई सहमत गराउन सके मात्र माग पूरा हुन सक्छ । तर, दोस्रो उपायको प्रयोग उनीहरूले गरेका छैनन् भने पूरा हुन लागेका कतिपय माग पूरा गर्ने अवसर आफ्नै कारण गुमाएका पनि छन् । यसको सबैभन्दा ठूलो उदाहरण पहिलो संविधानसभाकालमा १० प्रदेशमा हुन लागेको सहमति हो, जुन फोरम अध्यक्ष यादवको एक मधेसको माग पूरा नभएका कारण मान्न नसकिने अडानले गर्दा भाँडिन पुगेको थियो ।

आपसी प्रतिद्वन्द्विता

मधेसी मोर्चालाई प्राथमिकता	प्राथमिकता (०७२-०७३)	संघीय गठबन्धनलाई प्राथमिकता
नेताहरू गैरमधेसी दलहरूमा	आन्दोलनको विरासत (०६३)	मधेस आन्दोलनको सफल नेतृत्व
फोरमको पकड कमजोर पार्न तमलोपा गठन	दाउपेच (०६३-०६४)	विदेशीको डिजाइनमा तमलोपा गठन भएको आरोप
रामराजाप्रसाद सिंहको पक्षमा	राष्ट्रपति चुनाव (०६५)	रामवरण यादवको पक्षमा
माओवादी नेतृत्वको सरकारको विपक्षमा	माओवादी सरकार (०६५)	माओवादी नेतृत्वको सरकारको पक्षमा
घटक दलहरू माधव नेपाल नेतृत्वको सरकारमा	कांग्रेस-एमाले गठबन्धन (०६६-०६७)	माधव नेपाल नेतृत्वको सरकारको विपक्षमा
झलनाथ खनाल नेतृत्वको सरकारको विपक्षमा	एमाले-माओवादी गठबन्धन (०६७-०६८)	झलनाथ खनाल नेतृत्वको सरकारमा सहभागी
बाबुराम भट्टराईको सरकारमा सहभागी	माओवादी-मधेसी गठबन्धन (०६८-०६९)	बाबुराम भट्टराईको सरकारमा असंलग्न
संविधानसभा चुनावमा एकताको पक्षमा	चुनावी एकता (०६४ र ०७०)	संविधानसभाका दुवै चुनावमा एकताको विपक्षमा

राजपाका नेता जितेन्द्र सोनल के कुरामा सहमत छन् भने अस्वस्थ प्रतिस्पर्धाका कारण मधेसले पाउनुपर्ने उपलब्धि हासिल गर्न सकेको छैन, आन्दोलन लम्बिएको छ र त्यसको मार मुलुकले भोग्नु परिरहेको छ । पहिलो संविधानसभाको असफलताको एउटा कारण मधेसी दलबीचको क्रान्तिकारी देखिने होड पनि थियो भने उनीहरूबीचकै प्रतिस्पर्धाले १४ असारका लागि तय भएको प्रदेश-२ को चुनाव फेरि सार्नु परेको छ । राजनीतिक संक्रमण लम्बिनुको एउटा कारण उनीहरूबीचको आपसी प्रतिस्पर्धा पनि बनेको छ ।

फोरम नेतृ सरिता गिरी पनि दुई दलबीचको ईर्ष्यापूर्ण प्रतिद्वन्द्विताले मधेस राजनीतिलाई थुप्रै घाटा पुर्‍याएको बताउँछिन् । भन्छिन्, "दुवै दल आ-आफ्नै बाटो हिँडे भइहाल्यो । तर, दुईबीच जस्तो शत्रुतापूर्ण सम्बन्ध विकसित हुँदै छ, यसले मधेसलाई त फाइदा पुर्‍याएको छैन नै, देशको पनि हित गरिरहेको छैन ।" ◆

अच्युत वाग्ले

घातको पुनरावृत्ति

प्रदेश-२ को स्थानीय चुनाव फेरि सरेको छ। यसअघिको, पुष्पकमल दाहाल नेतृत्वको सरकारले गत ३१ वैशाखका लागि तय भएको स्थानीय तहको निर्वाचन देशैभर एकैपटक नगराएर मुलुकलाई ठूलै घात गरेको हो। प्रदेश-१, २, ५ र ७ को निर्वाचन पहिले ३१ जेठका लागि सारेर पछि पुनः दुईपटक सार्दै १४ असारका लागि तय गरिएको थियो। अहिले फेरि प्रदेश-२ को चुनाव चौथोपटक २ असोजलाई सारेर शेरबहादुर देउवाको सरकारले पनि त्यही घातलाई दोहोर्‍याएको छ।

१ असारमा चुनाव सार्ने निर्णय आउनुअघिसम्म प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले १४ असारको निर्वाचन सार्न नसकिने अडान लिएको खबर आएको थियो। यादवको यो अडान प्रधानमन्त्री र सत्ता साझेदार दलहरूको दबाबअगाडि तीन घन्टा पनि टिकेन। ६ महिनाअघि निर्वाचन ऐन पारित गर्दा नै निर्वाचनको मिति तोक्ने अधिकार निर्वाचन आयोगबाट झिकेर सरकारको क्षेत्राधिकारमा राखिनुको निहितार्थ यतिखेर देखिँदै छ। आयोग व्यहारमा संवैधानिक हैसियतशून्य भएको छ।

किन सारेको चुनाव ?

दाहाल नेतृत्वको सरकार र अहिलेको देउवा सरकारले स्थानीय चुनाव सार्नुपर्ने प्रस्ट कारण खुलाएका छैनन्। मधेसवादी दलहरू मिलेर बनेको राष्ट्रिय जनता पार्टी (राजपा) नेपाललाई पनि चुनावमा सहभागी गराउन यसो गरिएको हो भन्ने तर्क एकतर्फी रूपमा सत्तामा भएका दलका नेताहरूले गर्ने गरेका छन्। तर, राजपाले कति समयका लागि चुनाव सार्दा आफू सहभागी हुने हो, कहिल्यै खुलाएको छैन। यस्तो चुनाव सार्ने निर्णय गरेपछि राजपा पनि चुनावमा आइहाल्ला भन्ने अनुमानका आधारमा मिति सारिएको हो भने त्यो सरकार र राज्यको केटाकेटीपन हो। होइन, राजपाले पनि, अनौपचारिक रूपमै भए पनि यसरी चुनाव सार्दा आफू पनि चुनावमा आउने वचन दिएको हो भने त्यही कुरा सार्वजनिक गरिनु आवश्यक थियो। यही तर्क, सरकारले हतारहतार गराएका निर्वाचनसम्बद्ध ऐनहरूको संशोधनका हकमा पनि लागू हुन्छ। विधेयक पारित गर्नका लागि आधा दर्जन संसदीय कार्यविधिहरू नै निलम्बन गरेर जसका लागि भनेर ती ऐन संशोधन गरिएको हो उसले नै तिनको स्वामित्व नलिएपछि त्यो सम्पूर्ण कसरत स्वतः निरर्थक भएको छ।

औपचारिक दाबीकै कुरा गर्ने हो भने राजपाको 'संविधान संशोधन नभई चुनावमा सहभागी नहुने' अडान सुरुदेखि नै यथावत् छ। १ असारको 'सहमति'बारे पनि सरकारको दाबीसँग उनीहरूको प्रतिक्रिया मेल खाएको छैन। उनीहरू अझै किन्तु-परन्तुमै छन्। संविधान संशोधन खास गरी प्रदेश सीमांकनको हकमा उसले चाहे अनुरूप नै हुनुपर्ने अड्डी कायम छ। मधेसवादी दलहरूले केपी ओली नेतृत्वको सरकारले गरेको संविधानको पहिलो संशोधन र अहिले संसद्मा विचाराधीन प्रदेश-५ को सीमांकन हेरफेरसहितको संशोधन प्रस्तावको पनि स्वामित्व लिएका छैनन्। यदि तराईलाई दुई प्रदेशमा सीमित गर्ने गरी हुने संविधान संशोधन नै उनीहरूको 'बटमलाइन' हो भने चुनाव सार्ने, कानुन बदल्ने आदि खेलले मात्रै राजपा असोजको चुनावमा पनि सहभागी नहुने प्रस्टै छ। यस्तो प्रस्टता हुँदाहुँदै सरकार चुनाव सार्ने अर्थहीन काममा किन अल्झेको हो ? सरकारको वार्ता त संविधानको त्यस्तो संशोधनको औचित्य, आवश्यकता, सम्भावना र परिणतिमा केन्द्रित हुनुपर्ने हो।

जहाँ चुक्यो राज्य

अहिले चुनाव सारेकै कारण मुलुक जस्तो जटिल चेपुवामा फसेको छ, त्यसबाट सहजै निस्कन सक्ने अवस्था छैन। यो जटिलता उही प्रदेश सीमांकनमै गएर जेलिएको छ। यतिखेर मुलुकमा जारी राजनीतिक बहसका सार र स्वरूप हेर्दा मधेसवादी दलको तराईलाई पहाडी भूभागबाट छुट्याएर प्रदेशहरूको सीमांकन गर्ने माग प्रश्नातीत रूपले स्थापित भएजस्तो लाग्न थालेको छ। यसरी सीमांकन हुँदा मात्र तराई मधेसको अधिकार स्थापित हुन्छ भन्ने प्रचार मधेसवादी दलहरूले गरेका छन्। र, यही माग अनुरूप संविधान संशोधन गर्दा मात्र 'समस्या' समाधान हुन्छ भन्ने मान्यतामा मूलधारका खास गरी नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र अघि बढ्न चाहेको देखिन्छ। हो, यहींनिर हो राज्य नराम्ररी चुकेको।

मधेसका केही राजनीतिकर्मीहरूले दाबी गरेझैँ तराई मधेस मुलुकका अरू भूखण्डभन्दा अधिकारमा वञ्चित भएको सत्य होइन । र, उनीहरूले भनेबमोजिम सीमांकन हुँदा अहिले नभएका अधिकार स्वतः जनताको हातमा पुग्ने होइनन् । तर, सत्तामा बस्ने प्रमुख दलहरूले अधिकार मागको बहसलाई तथ्य र तथ्यांकका आधारमा परख र स्थापित गर्न चाहेनन् । सकेनन् ।

राजपा समानान्तर राज्य होइन । प्रमुख प्रतिपक्ष पनि होइन । लोकतान्त्रिक हिसाबले स्थापित उसको कुनै वैधानिकता पनि छैन । राजपा अध्यक्ष मण्डलका ६ मध्ये पाँच जना अध्यक्ष चुनाव हारेका नेता हुन् । लोकतान्त्रिक मूल्यका दृष्टिमा उनीहरूलाई राज्यले चिन्दैन । तराईका जनताका नाममा राजनीति गर्ने उनीहरूमध्ये धेरैले समानुपातिक मनोनयनमा आफ्ना श्रीमती, प्रेमिका वा नातेदारलाई सांसद पद दिएका छन् । यो नैतिक स्खलनको पाटो हो । निश्चय नै हो, उनीहरू तराईका केही जिल्लामा चुनाव भाँड्ने हदसम्म अशान्ति फैलाउने हैसियत राख्लान् । तर, त्यसको अर्थ उनीहरू मात्रै त्यहाँका एकल जनप्रतिनिधि हुन् भन्ने किमार्थ होइन । मूलधारका दलबाट चुनाव जितेका र क्षेत्रीय राजनीति नै गरिरहेका उपेन्द्र यादव र विजय गच्छदार नेतृत्वका शक्तिहरूले पाएको जनमत राजपाको समुच्च जनमतको कैयौँ गुणा बढी छ । तर, यी लोकतान्त्रिक मानकहरूलाई पूर्णतः बेवास्ता गरेर राज्यले उनीहरूलाई जसरी पनप्याएको छ, त्यसले समस्यालाई थप बल्झाएको छ ।

राजपा वास्तवमा कहिल्यै पनि खुसीसाथ चुनावमा जान तयार हुने अवस्थामा वा आवश्यकतामा छैन । किनभने, अहिले यसका नेताहरूले जुन हैसियतमा ठाँटबाँठ र रवाफ प्रदर्शन गरेर राज्यसँग व्यवहार गरिरहेका छन्, त्यो हैसियत चुनावपछि बाँकी नरहने लगभग प्रस्टै छ । त्यसरी चुनावमा गएर पराजित भएपछि अहिले गरिरहेको हलो अड्काउने राजनीति पनि स्वतः समाप्त हुनेछ । अहिले बाध्यता र बाहृय दबाबले एउटा पार्टी बनेको त्यो शक्तिभित्रै अराजनीतिक प्रकृतिको वैमनश्य चरममा छ । सारमा, राजनीतिक शक्तिका रूपमा यसको कुनै भविष्य देखिएको छैन । त्यसैले जति लामो समय सकिन्छ, अहिलेकै अवस्थालाई लम्ब्याएर राज्यलाई दंग्याउने र दोहन गर्ने उनीहरूको रणनीति अब नजाँनिदो छैन ।

चुनावमा भाग लिने वा नलिने भन्ने राजपा वा अन्य कुनै पनि दलको आफ्नो अधिकारको कुरा हो । मोहन वैद्य र नेत्रविक्रम चन्द अथवा तराईका अन्य स-साना दल पनि अहिलेको स्थानीय चुनावमा भाग लिँदै छैनन् । त्यसले राज्यको ध्यान तानेन । तर, राजपाले किन हो, अस्वाभाविक महत्त्व पाएको छ, जुन जरुरी थिएन ।

चुनाव सार्नु समाधान होइन

अहिले सरकारले जुन सर्तमा चुनाव सार्ने निर्णय गरेको छ, त्यसले स्थगित गरिएको तेस्रो चरणको चुनाव हुने सुनिश्चित गर्दैन । राजपाले अर्को चुनावको मितिसम्म संविधान संशोधन भए पनि वा नभए पनि चुनावमा सहभागी हुने निःसर्त वाचा गरेको छैन । त्यसका नेताहरूले सार्वजनिक गरेका भनाइमा सरकारले संविधान संशोधनका लागि समय मागेकाले सो पार्टी प्रदेश-२ बाहेकका प्रदेशमा चुनाव हुन दिन सहमत भएको हो । तर, संविधान संशोधन त अहिलेकै संसदीय गणित कायम रहँदासम्म सम्भव छैन । अहिले जुन कारणले संशोधनका लागि दुईतिहाइ मत नपुगेको हो, तीन महिनापछि त्यो अवस्थामा परिवर्तन हुने अवस्था देखिँदैन । संसद्मा प्रस्तुत संशोधन प्रस्ताव नै पारित हुँदा पनि राजपा सन्तुष्ट हुने हो वा अर्को प्रस्ताव लैजानुपर्ने हो भन्ने पनि प्रस्ट छैन । कथम् संसदीय अंकगणित पुगिहाल्यो भने पनि प्रदेश-५ मा यसअघि देखिएको जनप्रदर्शन दोहोरियो भने सीमांकन कार्यान्वयन गर्ने हिम्मत सरकारले गर्न सक्ला ? यी आदि प्रश्नबीच, देउवा सरकारको चुनाव पुनःस्थगन गर्ने निर्णय उचित देखिएको छैन ।

> प्रदेश-२ को उम्मेदवार चयनमै नेपाली कांग्रेसलगायतका सबै ठूला दलले देखाएको उदासीनता निकै अर्थपूर्ण छ । उनीहरूबीच चुनाव सार्ने कुनै अनौपचारिक सहमति पहिले नै भएजस्तो देखिन्छ ।

वास्तवमा, प्रधानमन्त्रीका रूपमा देउवा यसपटक निकै सुविधाजनक स्थितिमा थिए । नयाँदिल्ली उनलाई चिढ्याउने पक्षमा थिएन । उसले चुनावलाई सघाउने मनसाय देखाएको थियो । र, राजपा दिल्लीको सल्लाहविपरीत चुनावमा सहभागी नहुने हिम्मत देखाउने अवस्था थिएन । सहभागी नभए पनि भाँड्ने उद्यम गर्न तम्सिने थिएन । तर, देउवाले परिणाममुखी कूटनीति गर्ने आँट र चातुर्य देखाएनन् । प्रदेश-२ को उम्मेदवार चयनमै नेपाली कांग्रेसलगायतका सबै ठूला दलले देखाएको उदासीनता निकै अर्थपूर्ण छ । उनीहरूबीच चुनाव सार्ने कुनै अनौपचारिक सहमति पहिले नै भएजस्तो देखिन्छ । वास्तवमा चुनाव हुने कुरामा शंका भएको स्थानमा सबभन्दा पहिले सबै दलले यही प्रदेशमा उम्मेदवार तोकेको भए उम्मेदवारहरू नै आ-आफ्नो चुनावको वातावरण बनाउन तयार हुन्थे ।

तराई मधेसको मुद्दालाई अहिलेको जस्तै अनौपचारिक र अघोषित भनिएका सहमतिहरूले धेरै गिजोलेका छन् । केपी ओली सरकारकै पालामा, संशोधनअघि जस्तो भए पनि एकपटक संशोधन भएपछि मधेसी दलहरू सन्तुष्ट हुन्छन् भन्ने निरन्तर प्रचार गरिएको थियो । अहिले संसद्मा रहेको संशोधन पारित गराउन पनि यही प्रचार गरिएको छ । भर्खरै भएका कानुन संशोधनदेखि चुनाव सार्नेसम्मका कदम यस्तै अनौपचारिक सहमतिमा गरिएको भाव दिन बारम्बार खोजिन्छ । तर, यस्तो अभ्यासले समस्या समाधान गर्न सघाएको छैन । यस्तो सहमतिको दाबी गरेको केही दिनमै राजपा त्यसलाई अस्वीकार गर्छ । लोकतन्त्रमा यस्तो अपारदर्शिता सर्वथा अनावश्यक र हानिकारक हो । तर, फेरि यो दोहोरिएको छ ।

जे होस्, कालो बादल वरिपरिको चाँदीको घेरा भनौँ, सातमध्ये ६ प्रदेशमा स्थानीय चुनाव सम्पन्न भयो भने बाँकी एउटा प्रदेशका जनताले पनि राजनीतिक भयादोहनकारीहरूको ठाउँ जनप्रतिनिधिहरूले लिनुपर्छ भन्ने माग गर्लान् । जनतासँग आश गर्नुबाहेक विकल्प छैन । ◆

उत्कृष्ट प्लस टू २०७४

रामबहादुर रावल

गत वर्ष १५ असारबाट लागू भएको संशोधित शिक्षा ऐनले उच्च माध्यमिक विद्यालयको अवधारणालाई मेटाउँदै कक्षा-१२ सम्मलाई नै माध्यमिक विद्यालयमा रूपान्तर गर्ने प्रावधान ल्यायो । नयाँ कानुनी प्रावधान अनुसार अब उच्च माध्यमिक (प्लस टू) तह माध्यमिक विद्यालयमा परिणत हुनुपर्छ । केहीले यो प्रक्रिया सुरु गरिसकेका छन् भने केहीचाहिँ नयाँ शिक्षा नियमावली तथा नीतिगत स्पष्टताको पर्खाइमा छन् ।

जे भए पनि विद्यालय शिक्षाको सबैभन्दा उपल्लो तह हो, कक्षा-११ र १२ । मुलुकभरका ३ हजार ५ सय १५ वटा शैक्षिक संस्थाले गत वर्षसम्म यो तहको परीक्षामा आफ्ना विद्यार्थी सामेल गराएका छन् । तिनैमध्येबाट छानिएका उम्दा शैक्षिक संस्थाहरूको नतिजा विश्लेषणका आधारमा छानिएका हुन् यी । विगत चार वर्षमा लगातार उत्तीर्ण दर उच्च भएका विद्यालयहरूको सूचीमा केही विगत वर्षकै दोहोरिएका छन् भने केहीचाहिँ नयाँ थपिएका छन् ।

मानभवन, ललितपुरको प्रसादी एकेडेमीले १० वर्षदेखि अविजित रूपमा आफ्नो प्रथम स्थान कायम राखेको छ । नेपालको तथ्यांक विश्लेषणमा उसले गत वर्षको औसत ९८.३५ अंकको तुलनामा यस वर्ष उत्तीर्ण दर ९८.४८ प्रतिशत पुर्‍याएको छ ।

दोस्रो स्थान पनि गत वर्षकै माइतीघर, काठमाडौंस्थित सेन्ट जेभियर्स कलेजले आफ्नो स्थान सुरक्षित गरेको छ । उसको नतिजा गत वर्षको (९८.०७) भन्दा यसपटक केही घटेको (९७.६६) छ ।

गत वर्ष चौथो स्थानमा रहेको बागबजार स्थित काठमाडौं मोडेल कलेज (केएमसी) ९६.०७ प्रतिशत उत्तीर्ण दरका साथ एक स्थान माथि उक्लिएको छ । चौथो स्थानमा रहेको सेन्ट मेरिजको भने गत वर्षको (९६.१८) बाट ०.२८ अंक घटेको छ । र, उत्कृष्ट १० को सूचीमा परेका मध्ये यो एक मात्र छात्रा विद्यालय पनि हो ।

मध्यबानेश्वर, काठमाडौंको ग्लोबल कलेज अफ म्यानेजमेन्टले दुई वर्षदेखि पाँचौं स्थान ओगटेर व्यवस्थापन मात्र अध्यापन गर्ने संस्थाहरूमा सर्वोत्कृष्ट संस्थाका रूपमा निरन्तरता पाएको छ । यसको विद्यार्थी उत्तीर्ण दर पनि गत वर्षकै (९५.३३) कायम छ । गत वर्ष सातौं स्थानमा रहेको पोखराको सगरमाथा मावि यसपटक ९३.७१ अंकका साथ एक स्थान माथि उक्लिएको छ । तर, छैटौं र सातौंका बीचमा पर्याप्त दूरी (१.६२) छ । सगरमाथालाई पछ्याउन आइपुगेको

छ, साँगा, काभ्रेस्थित नेपाल प्रहरी विद्यालय। पछिल्ला चार शैक्षिक सत्रको कक्षा-११ र १२ को परीक्षामा यस संस्थाबाट औसत ९३.५८ विद्यार्थी उत्तीर्ण भएका छन्।

पकनाजोल, काठमाडौँको एनसीसीएस आठौँ स्थानमा उक्लिएको छ, जसले गत वर्षको आफ्नै अंक (९१.१९) मा १.६२ थपेको छ। गत वर्षको आठौँ उत्कृष्ट विद्यालय लिटिल एन्जल्स भने उत्कृष्ट १० को सूचीबाटै बाहिरिएको छ।

भक्तपुरको सैनिक आवासीय महाविद्यालयको भने गत वर्षको स्थान (छैटौँ) र उत्तीर्ण दर (९३.६३) दुवैमा गिरावट आएको छ। यसपालि यो संस्था ९२.३३ अंक ल्याएर नवौँ स्थानमा पुगेको छ।

जावलाखेल, ललितपुरको सेन्ट जेभियर्स स्कुलले पनि पहिलोपल्ट उत्कृष्ट १० को सूचीमा प्रवेश पाएको छ। अघिल्लो वर्षको अंक (९१) मा ०.४५ थप्दै यो विद्यालयले उत्कृष्ट १० मा नाम लेखाएको हो। गत वर्ष दसौँ स्थानमा रहेको दधिकोट, भक्तपुरको मोडर्न बोर्डिङ मावि ले भने यसपालि त्यो स्थान गुमाएको छ।

गत वर्षको टप टेन सूचीबाट लिटिल एन्जल्स र मोडर्न बोर्डिङ बाहिरिनेमा परे भने नेपाल प्रहरी विद्यालय र सेन्ट जेभियर्स जावलाखेल पहिलोपल्ट उत्कृष्ट १० को सूचीमा चढे। नेपाल प्रहरी आवासीय विगतमा राम्रो नतिजा भए पनि कम विद्यार्थी संख्याका कारण उत्कृष्ट १० छनोटको मापदण्डभित्र परेको थिएन।

यसै गरी सेन्ट जेभियर्स (माइतीघर), सेन्ट मेरिज, नेपाल प्रहरी, सैनिक आवासीय र सेन्ट जेभियर्स (जावलाखेल) अन्य निजी शैक्षिक संस्थाभन्दा भिन्न अर्थात् विभिन्न संस्थाहरूले सञ्चालन गरेका हुन्। यसपालि टप टेन सूचीमा विज्ञान मात्र पढाउने एउटा र व्यवस्थापन मात्र पढाउने दुईवटा प्लस टू परेका छन्। टप टेनमा उपत्यकाकै उच्च माविहरूको वर्चस्व यसपालि पनि कायम रह्यो। उत्कृष्ट १० माविको सूचीमा पोखराको सगरमाथाले उपत्यकाबाहिरबाट एक्लो उपस्थिति जनायो।

सर्वोत्कृष्टको सूचीमा नपरे पनि डेकोचा, भक्तपुरको ख्वःप मावि नगरपालिकाबाट सञ्चालित नमुना शैक्षिक संस्थाका रूपमा लिन सकिन्छ भने पोखराको अमर सिंह मावि सामुदायिक विद्यालयहरूमा उम्दा रहेको छ। तर, यीबाहेक सामुदायिक विद्यालयहरूको प्रदर्शन निजी तथा संस्थागत विद्यालयहरूको तुलनामा निकै कमजोर छ। स्रोतसाधनको अभाव, असीमित विद्यार्थी संख्यालगायतका कारणले सामुदायिक विद्यालयहरूको उत्तीर्ण दर कम भएको हो।



छनोट विधि

राष्ट्रिय परीक्षा बोर्ड (यसअघि उच्च माध्यमिक शिक्षा परिषद्)ले लिने वार्षिक परीक्षाको नियमिततर्फको परीक्षामा सहभागी भएका विद्यार्थीको संख्या र तिनको उत्तीर्ण दर यो वर्गीकरणको प्रमुख आधार हो। वर्गीकरणका क्रममा विगतको मापदण्डमा कुनै हेरफेर गरिएको छैन।

यसपटक पनि न्यूनतम १ सय १९ विद्यार्थीलाई परीक्षामा सहभागी गराउने उच्च माविलाई छनोटको प्रारम्भिक सूचीमा राखिएको थियो। त्यसै गरी ०७० देखि ०७३ सम्मका चार शैक्षिक सत्रका कक्षा-११ र १२ गरी आठवटा परीक्षाको उत्तीर्ण प्रतिशतको औसत अंकका आधारमा प्राप्तांक दिइएको छ। र, उत्कृष्टताको क्रम पनि त्यही अंकका आधारमा निर्धारण गरिएको छ। कक्षा-११ र १२ मा लिइएका कम्तीमा चार वर्षका आठवटा नतिजा एउटै स्तरमा कायम गर्न सक्ने विद्यालयहरू यो सूचीमा समावेश छन्। तीमध्ये केही यस्ता विद्यालय छन्, जो लगातार एक दशकदेखि सर्वोत्कृष्ट सूचीमा ठाउँ सुरक्षित गर्दै आएका छन्। यसको अर्थ हो, औसतभन्दा बढी विद्यार्थी भर्ना लिने, उत्कृष्ट नतिजा ल्याउने र त्यो उत्कृष्टतामा स्थिरता कायम राख्न सक्ने विद्यालय मात्र अब्बल ठहरिएका हुन्।

कम विद्यार्थी पढाएर शतप्रतिशत नतिजा हासिल गर्ने विद्यालय पनि नभएका होइनन्। तर, औसतभन्दा कम विद्यार्थी भएका विद्यालयलाई प्रतिस्पर्धामा सामेल गरिएन। त्यसै गरी न्यूनतम मापदण्डभित्र परेर पनि नतिजामा स्थिरता कायम गर्न नसक्ने उच्च माविहरू समग्र मूल्यांकनमा पछाडि परे। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र र सरकारका अन्य नियामक निकायको जाँचबुझका क्रममा परीक्षामा अमर्यादित गतिविधि गर्ने, परीक्षा केन्द्र आफू अनुकूल बनाउने, उत्तरपुस्तिका जाँच्ने क्रममा अनियमितता गर्नेजस्ता विकृतिमा संलग्न भएको प्रमाणित भएका विद्यालयलाई भने प्रारम्भिक सूचीबाटै हटाइएको छ।

राजनीतिक संक्रमणसँगै पछिल्लो एक दशकमा उच्च माध्यमिक शिक्षा नीतिगत अन्योल र अस्थिरताका बीच गुज्रियो। यही बीचमा धेरै शैक्षिक संस्था व्यवस्थापकीय अस्थिरताका कारण उतारचढावमा परे। सुरुमा राम्रो नतिजा दिएका र उम्दा कहलिएका केही विद्यालय यही कारण उत्कृष्टको सूचीबाट बाहिरिन पुगे। केही भने आफ्नो क्षमताभन्दा बढी विद्यार्थी भर्ना गरेका कारण नतिजा कायम राख्न सकेनन्। त्यसैले सीमित उच्च माविले मात्र आफ्नो पुरानो साख कायम राख्न सकेको विगत दशकको टप टेन सूची विश्लेषणबाट देखिन्छ।

गत वर्ष संशोधित शिक्षा ऐनका प्रावधानलाई व्यावहारिक कार्यान्वयनका निम्ति त्यस अनुरूपको नियमावली बन्न सकेको छैन। पुराना शैक्षिक संरचना पूर्णतः नयाँ कानुनी ढाँचामा आइसकेका छैनन्। तर, शून्य जोड दुई अर्थात् प्लस टू मात्र सञ्चालनरत संस्थाहरूले अब कम्तीमा कक्षा-९ देखि १२ सम्मको संरचनामा ढाल्नुपर्ने कानुनी बाध्यता छ। ♦

९८.४८% — १ — प्रसादी एकेडेमी उच्च मावि
मानभवन, ललितपुर

विज्ञान		व्यवस्थापन
४००	सिट संख्या	२८०
४,५५०	मासिक शुल्क	३,५५०
१४,९५०	भर्ना शुल्क	१४,९५०
२१,०००		१४,०००
२०		१४

- स्थापना: २०५५
- भवन: भाडामा
- क्षेत्रफल: १२ रोपनी
- शिक्षक: ८०

९७.६६% — २ — सेन्ट जेभियर्स कलेज
माइतीघर, काठमाडौं

- स्थापना: २०६६
- भवन: आफ्नै
- क्षेत्रफल: २० रोपनी
- शिक्षक: ५०

विज्ञान	
सिट संख्या	५०४
मासिक शुल्क	१,५००
भर्ना शुल्क	५,०००
	६४,५००
	५०

काठमाडौं मोडल उच्च मावि — ३ — ९६.०७%
बागबजार, काठमाडौं

- स्थापना: २०५७
- भवन: आफ्नै र भाडामा
- क्षेत्रफल: १६ रोपनी
- शिक्षक: ११५

विज्ञान		व्यवस्थापन
९६०	सिट संख्या	४००
५,५००	मासिक शुल्क	४,०००
८,०००	भर्ना शुल्क	८,०००
४०,५००		२२,५००
७५		४०

स्थापना भवन क्षेत्रफल शिक्षक सिट संख्या मासिक शुल्क (रुपियाँमा) भर्ना शुल्क (रुपियाँमा)

४ सेन्ट मेरिज उच्च मावि

जावलाखेल, ललितपुर

९५.९०%

२०५३ | आफ्नै

२५ रोपनी | ३२

	मानविकी	विज्ञान	व्यवस्थापन
	३०	८०	८०
	२,९००	२,९००	२,९००
	२०,०००	२०,०००	२०,०००
	३०,०००	३०,०००	३०,०००
	७	१५	१५

(गत वर्षको)

५ ग्लोबल कलेज अफ म्यानेजमेन्ट

बानेश्वर, काठमाडौं

९५.३३%

२०५८ | आफ्नै

७ रोपनी | ४४

	विज्ञान
	८००
	७,५००
	१५,०००
	६०,०००
	४०

६ सगरमाथा उच्च मावि

पोखरा, कास्की

९३.७१%

२०५७ | आफ्नै र भाडामा

१६ रोपनी | ३९

विज्ञान		व्यवस्थापन
१२०		२००
३,५००		३,०००
८,५००		८,५००
२०,९५०		२०,९५०
७		१२

भर्ना शुल्क (रुपियाँमा) | छात्रवृत्ति

७ नेपाल प्रहरी विद्यालय
सााँगा, काभ्रेपलाञ्चोक

९३.५८%

२०४० | आफ्नै

८०० रोपनी | २०

विज्ञान	व्यवस्थापन
१००	१००
५,०००	२,५००
१५,०००	१५,०००
-	-
-	-

८ एनसीसीएस मावि
पकनाजोल, काठमाडौं

९२.८१%

२०६१ | आफ्नै र भाडामा

५ रोपनी | ५२

व्यवस्थापन
५०१
३,५००
३,०००
२५,५००
२६

९ सैनिक आवासीय महाविद्यालय
सल्लाघारी, भक्तपुर

९२.३३%

२०४३ | आफ्नै

५८४ रोपनी | ८९

मानविकी	विज्ञान	व्यवस्थापन
४०	१६०	१६०
१,९८०	२,०६३	१,९८०
११,८००	११,८००	११,८००
१८,५५५	२१,३८७	१८,५५५
-	-	-

१० सेन्ट जेभियर्स उच्च मावि
जावलाखेल, ललितपुर

९१.४५%

२०६६ | आफ्नै

६७ रोपनी | २४

विज्ञान	व्यवस्थापन
१२०	४५
३,६३०	३,६३०
५,०००	५,०००
६२,८२०	४३,६२०
९	३

(गत वर्षको)

११ मोडर्न बोर्डिङ मावि
दधिकोट, भक्तपुर

१२ मदरल्यान्ड मावि
पोखरा, कास्की

१३ क्यापिटल मावि
कोटेश्वर, काठमाडौं

१४ युनाइटेड एकेडेमी
कुमारीपाटी, ललितपुर

१५ मेरिल्यान्ड मावि
विराटनगर, काठमाडौं

१६ लिटिल एन्जल्स मावि
हात्तीवन, ललितपुर

१७ जेभियर एकेडेमी
लाजिम्पाट, काठमाडौं

१८ ट्रिनिटी इन्टरनेसनल
डिल्लीबजार, काठमाडौं

१९ जेभियर इन्टरनेसनल मावि
कालोपुल, काठमाडौं

२० रिलायन्स इन्टरनेसनल मावि
चाबहिल, काठमाडौं

२१ द न्यु समिट मावि
पुरानो बानेश्वर, काठमाडौं

२२ सेन्ट लरेन्स मावि
चाबहिल, काठमाडौं

२३ नेसनल स्कुल अफ साइन्सेज
लैनचौर, काठमाडौं

२४ भीएस निकेतन
मीनभवन, काठमाडौं

२५ सगरमाथा मल्टिपल कलेज
डिल्लीबजार, काठमाडौं

भाग्यवादी कार्यकारी

तस्बिर : रवि मानन्धर

तेस्रोपटक प्रधानमन्त्री भएपछि बोका पूजा गर्ने क्रममा शेरबहादुर देउवा, बालुवाटारमा

प्रधानमन्त्री शेरबहादुर देउवाका एक–एक कदम ज्योतिषी र वास्तुशास्त्रीहरूको परामर्शमा

माधव बस्नेत

प्रधानमन्त्री शेरबहादुर देउवाले २४ जेठमा राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पद तथा गोपनीयताको शपथ लिए। शपथसँगै उनी शीतलनिवासबाट सीधै सरकारी निवास बालुवाटार जाने तयारीमा थिए, त्यस दिन। यसको जानकारी निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाललाई हुने नै भयो। त्यसैले उनको परिवार हतारहतार प्रधानमन्त्री निवास बालुवाटारबाट लाजिम्पाटस्थित निजी निवास सऱ्यो।

प्रचण्ड मात्र किन ! प्रधानमन्त्रीको सरकारी आवास बालुवाटारका कर्मचारीहरूलाई पनि यो सूचना दिइसकिएको थियो। यसर्थ, उनीहरू सरसफाइमा जुटिसकेका थिए। तर, शपथकै दिन अर्थात् २४ जेठ बिहान पौने १० बजेतिर देउवालाई बधाई दिन पाका ज्योतिषी अंगिरस न्यौपाने बूढानीलकण्ठस्थित उनको घरमा पुगे। चौथोपटक प्रधानमन्त्री भएकामा देउवालाई बधाई दिँदै न्यौपानेले ३ असारसम्म सरकारी निवास बालुवाटार नसर्न सुझाए। न्यौपानेले देउवालाई लामो समयदेखि ज्योतिष परामर्श दिँदै आएका छन्। बालुवाटारस्थित सरकारी निवास सर्न तम्तयारी अवस्थामा रहेका प्रधानमन्त्री देउवालाई न्यौपानेले दिएको सुझावले असमन्जसमा पाऱ्यो। ज्योतिषी न्यौपानेको सल्लाह थियो- '३ असारसम्म देउवाको राहु अष्टम पदमा छ, केतु द्वितीयमा। यस्तो बेला नयाँ ठाउँ सर्दा विघ्नबाधा आउने भएकाले ४ असारअघि बालुवाटार नसर्नुहोस्।' त्यसअघि पनि उनको ज्योतिषीय सेवा लिँदै आएका देउवाले न्यौपानेको सुझावलाई बेवास्ता गर्ने कुरै भएन। त्यही सुझावपछि हो, उनले शपथलगत्तै बालुवाटार सर्ने योजना एकाएक स्थगित गरेका। त्यसयता बालुवाटारमा रङरोगन लगाउनुपर्ने काम थाती रहेको भन्दै देउवाले निजी निवास बूढानीलकण्ठलाई नै प्रधानमन्त्रीले मुकाम बनाएका छन्।

"प्रधानमन्त्री देउवा र उहाँकी पत्नी आरजु ज्योतिष विद्यामा एकदमै विश्वास गर्नुहुन्छ," ज्योतिषी न्यौपाने भन्छन्, "परामर्श अनुसार नै उहाँहरू ४ वा ५ असार बिहान वा गोधूली साँझमा सरकारी निवास बालुवाटार सर्नुहुन्छ होला। किनभने, प्रधानमन्त्रीको ग्रह अनुसार ती दिनमा उत्तम साइत छ।" त्यसो त देउवाले प्रधानमन्त्रीको शपथ पनि ज्योतिषीको परामर्शमा साइत जुराएरै लिएका थिए, २४ जेठ दिउँसो १ बजेर ५७ मिनेटको शुभ मुहूर्त पारेर।

नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रधानमन्त्री देउवा ज्योतिष, वास्तु, तन्त्रमन्त्रजस्तो भाग्यवादमा कति विश्वास गर्छन् भन्ने प्रतिनिधि उदाहरण मात्र हुन् यी। देउवाका हातका औँलामा जडित फरक-फरक रङ र रत्नसहितका आधा दर्जन औँठीहरूले पनि भाग्यवादप्रतिको उनको मोहलाई प्रमाणित गर्छन्।

देउवा बालुवाटार निवास सर्नुअघि वास्तुविद्को परामर्श अनुसार रङरोगन लगाउनेदेखि पलङ, कुर्सी, टेबल, सोफा, पर्दा, भाँडाबर्तनलगायत सामान नयाँ खरिद गर्ने काम भइरहेको छ, यतिबेला। स्रोतका भनाइमा बैठक कक्ष, शयन कक्ष, मनोरञ्जन कक्ष र भान्सामा राखनधरन पनि वास्तुशास्त्रलाई केन्द्रमा राखेरै गरिँदै छ। यसका लागि महाराजगन्जस्थित भैरवनाथ गण नजिकैको प्रकाश राणाले सञ्चालन गरेको इम्पेरियल फर्निचरबाट वास्तु अनुसार सजावट सामग्री खरिद गरिएको छ। भवन निर्माण तथा सम्भार विभागले प्रधानमन्त्री देउवाको चाहना अनुसार नयाँ सामग्री खरिद गरेर सजावटको काम गरिरहेको छ। विभागका प्रमुख अम्बादत्त जोशी भन्छन्, "मर्मत, सजावटको काम हो। प्रधानमन्त्रीलाई मन पऱ्यो भने थोरैमा पनि सकिन सक्छ। मन परेन भने धेरै समय पनि लाग्न सक्छ।"

भवन निर्माण तथा सम्भार विभागका सिनियर डिभिजनल इन्जिनियर प्रकीर्ण तुलाधरको नेतृत्वमा कर्मचारीहरू खटिएका छन्, प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार सजाउन। विभाग प्रमुख जोशी थप्छन्, "हामीलाई यसरी सजावट गरिदिनुहोस् भनेपछि त्यसैगरी गरिदिने हो। ज्योतिषी वा वास्तुशास्त्री वा अरू कसैको सल्लाह लिए/नलिएको हामीलाई थाहा हुँदैन।"

वास्तुका समेत जानकार रहेका ज्योतिषी न्यौपानेका अनुसार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा कुर्सी कता फर्काएर राख्ने र मोहडा कता बनाउने भनेर उनैले सुझाव

KMG
KANTIPUR MEDIA GROUP

Radio Kantipur
रेडियो राष्ट्रको

We are Radio Kantipur, Radio Rastrako

Transforming ourselves to flourish the bond connected from heart to heart. We have become the change to embellish every new relationship. Now, we'd like to strengthen our bond, embracing the changing time and circumstances.

दिएका छन्। त्यही सुझाव अनुसार बालुवाटारमा उत्तरपूर्व मोहडा राखेर बस्ने प्रबन्ध गरिएको छ। भेटघाटमा आउनेलाई दक्षिण फर्काएर कुराकानी गर्न भनिएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा दक्षिण-पश्चिम पानी बग्छ। निवासको दक्षिण-पश्चिम पानी बग्नुलाई वास्तुशास्त्रमा शुभ मानिँदैन। उत्तर-पूर्व बगेमा मात्रै शुभ मानिन्छ। आवासका लागि इशान कोण अन्य कोणभन्दा अग्लो भए ठीक मानिँदैन। बालुवाटार प्रवेश गर्ने द्वार इशान कोणमा पर्छ। अर्थात् अग्लो ठाउँ हुँदै होचो स्थानबाट निवासभित्र पस्नुपर्छ। निवास दक्षिण-पश्चिम उठेको हुनुपर्छ। बरू पूर्व-उत्तर गहिरो भए पनि फरक पर्दैन। तर, बालुवाटार यस विपरीत दक्षिण-पश्चिम भिरालो र पूर्व-उत्तर उठेको छ। त्यसैले वास्तुशास्त्रीहरूले यसलाई बदल्न प्रधानमन्त्री देउवालाई सुझाव दिएका छन्।

उनलाई यो पनि सुझाइएको छ कि उनका लागि पूर्वमा खाना खाने ठाउँ उपयुक्त हुन्छ र बैठक कक्ष पुग्नुअघि रहेको भान्सा घर सार्नु उचित हुन्छ। सुझाव अनुसार पश्चिम कुनामा शौचालय, स्नान घर, पानी ट्याङ्की राख्नु फलदायी छ। उत्तरपट्टि अध्ययन, मनोरञ्जन कक्ष छुट्याउँदा राम्रो हुन्छ भनेकाले बालुवाटारमा त्यसै अनुरूपको व्यवस्थापन भइरहेको छ। प्रधानमन्त्रीको शयन कक्ष भने दक्षिण मोहडामै भएकाले त्यसलाई फेर्नु नपर्ने सुझाव दिइएको छ। प्रधानमन्त्री निवासमा उत्तर इशान कोणमा अग्लो स्थानमा सिसाको ट्याङ्कीमा सफा पानी दिनदिनै फेरेर त्यसको बिर्कोमा रातो फूल राखे शुभ हुन्छ भनेकाले त्यसै गर्न लागिएको सजावटमा खटेका एक कर्मचारी बताउँछन्।

बालुवाटारमा ज्योतिषीहरूको सल्लाह अनुसार सजावट गराइरहेका प्रधानमन्त्री देउवाले पार्टी सभापति भएपछि सानेपास्थित पार्टी कार्यालयको आफ्नो कार्यकक्ष पनि फेरबदल गरेका थिए। जस अनुसार ज्योतिषीले पुरानो कार्यकक्ष अशुभ भनेपछि देउवाले तीनवटा कोठा भत्काएर वास्तुशास्त्र अनुसार नयाँ बनाउन लगाएका थिए। ती कोठामा तत्कालीन महामन्त्री प्रकाशमान सिंह, कोषाध्यक्ष सीतादेवी यादव र मुख्यसचिव ऋषिकेश तिवारीको कार्यकक्ष फोरेर सभापति देउवाले आफ्ना निम्ति कार्यकक्ष बनाएका थिए। त्यो बनाउन एक महिनाभन्दा बढी समय लागेको थियो। ३ चैत ०७२ मा सभापति निर्वाचित भएको प्रमाणपत्र बुझ्नेकै भोलिपल्ट उनले ज्योतिषी/वास्तुविद् माधवमंगल जोशीलाई डाकेर कार्यकक्ष हेर्न लगाएका थिए। जोशीले वास्तु मिलाउन ठाउँ सार्न सुझाए। यसपछि वास्तु अनुसार पूर्वतिर मोहडा फर्काएर बस्न देउवाले अन्य कोठा भत्काउन लगाएर नयाँ कार्यकक्ष बनाउन लगाएका हुन्।

द्वन्द्वात्मक भौतिकवादी पनि !

प्रधानमन्त्री निर्वाचित भएर सरकारी निवास बालुवाटार छिरेलगत्तै सबैजसो प्रधानमन्त्रीले आफूलाई फलिफाप होस् भनेर कालो बोकाको बलि दिनेदेखि पूजाआजा, होम आदिसमेत गर्ने गरेका छन्। यस मामिलामा आफूलाई खाँटी कम्युनिस्ट अर्थात् द्वन्द्वात्मक भौतिकवादी दाबी गर्नेहरूसमेत पछि परेका छैनन्।

जसको पहिलो उदाहरण त नेकपा एमालेका तत्कालीन अध्यक्ष मनमोहन अधिकारी नै हुन्। १४ मंसिर ०५१ मा अधिकारीको नेतृत्वमा एमालेले अल्पमतको सरकार बनाएको थियो। प्रधानमन्त्री पदको शपथ लिएको केही दिनभित्रै अधिकारी सरकारी निवास बालुवाटार पुगेका थिए। तर, उनले त्यहाँ पस्दा विगतको परम्परा तोड्न सकेनन्। कालो बोकाको बलि दिएर उनी प्रधानमन्त्री निवास प्रवेश गरे। भदौ ०६५ मा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल हुन् वा माघ ०६७ मा नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल, प्रधानमन्त्री हुनासाथ पूजाआजा गरेर मात्र सरकारी आवास छिरेका थिए। स्मरणीय छ, बालुवाटार प्रवेशमा पूजाआजा गर्ने प्रधानमन्त्रीमा झापा विद्रोहका अगुवा एवं अहिले नेकपा एमालेका अध्यक्ष केपी ओली र एमालेका वरिष्ठ नेता माधव नेपाल पनि हुन्।

प्रधानमन्त्री भएपछि बालुवाटार प्रवेश गर्ने क्रममा श्रीमतीका साथ झलनाथ खनाल

देउवाको ज्योतिष शक्तिप्रतिको मोह सानेपास्थित पार्टी कार्यालयभित्र तोडफोड र निर्माण गर्दा मात्र देखिएको होइन। ११ साउन ०५८ मा दोस्रोपटक प्रधानमन्त्री निर्वाचित भएपछि पनि उनले ज्योतिषीहरूसँगको परामर्श अनुसार प्रधानमन्त्री कार्यालयस्थित आफ्नो कार्यकक्षको कुर्सी र टेबलको दिशा परिवर्तन गर्न लगाएका थिए। तर, यो बेग्लै कुरा हो, त्यसबेला पनि कुर्सी र टेबलको दिशा परिवर्तनले उनको 'दशा' कटाउन सकेन। जस्तो : १८ असोज ०५९ मा तत्कालीन राजा ज्ञानेन्द्रले उनलाई 'अक्षम' आरोपित गर्दै बर्खास्त गरेका थिए।

यसपछि २८ जेठ ०६१ मा देउवा फेरि प्रधानमन्त्री नियुक्त भए, तिनै राजा ज्ञानेन्द्रबाट। तर, १९ माघ ०६१ मा राजा ज्ञानेन्द्रले पुनः उनलाई बर्खास्त गरे र शासन सत्ता पूरै आफ्नो नियन्त्रणमा लिए। यो शाही 'कू'पश्चात् नजरबन्दमा रहेका देउवालाई भ्रष्टाचार निवारण शाही आयोग गठन गरेर त्यसमार्फत राजा ज्ञानेन्द्रले जेल नै पठाए। सर्वोच्च अदालतले शाही आयोगलाई असंवैधानिक भन्दै खारेज गरिदिएपछि झन्डै १० महिना जेल परेका देउवा मुक्त भए। जेलमुक्त भएको भोलिपल्ट नै देउवाले नेपाली कांग्रेस (प्रजातान्त्रिक)को केन्द्रीय कार्यालय महाराजगन्जमा पत्रकार सम्मेलन गर्ने तयारी गरेका थिए। तर, त्यतिबेला पनि ज्योतिषी न्यौपानेले त्यस दिन दक्षिण दिशामा निस्कन शुभ नहुने सुझाव दिएपछि देउवाले बूढानीलकण्ठ घरमै पत्रकार सम्मेलन गरेका थिए।

देउवा केवल नेपाली ज्योतिषी वा तान्त्रिकसँग मात्र जोडिएका छैनन्। भारतबाट बेलाबखत आउने ज्योतिषी, तान्त्रिक वा आध्यात्मिक व्यक्तिका लागि उनको निवासको द्वार सधैँ खुला रहन्छ। उनी पत्नी आरजु यस्ता व्यक्तिहरूसँग भेट्न रुचाउने स्वभावकी छन्। विवाहपछि पत्नीको यस्तो रुचिसँग एकाकार हुँदै गएका देउवा पशुपतिनाथ मन्दिर परिसरमा भारतबाट आएर लामो समय बिताएका चुनचुन बाबालाई भेट्न जानेदेखि दुवाकोट, भक्तपुरका कथित तान्त्रिक हरिबहादुर खड्काको निवाससम्म पुगेर सल्लाह लिन पनि बाँकी राख्दैनन्।

समय-समयमा देउवालाई वास्तुशास्त्र र ज्योतिषीय परामर्श दिँदै आएका ज्योतिषी वासुदेवकृष्ण शास्त्रीको ठहर छ, "प्रधानमन्त्री देउवा तन्त्र, मन्त्र र झारफूकमा विश्वास गर्ने अति भाग्यवादी हुन्। कर्ममा कम, भाग्यवादमा बढी भरपर्ने नेता हुन् उनी।" त्यही भएर हुन सक्छ, उनी अहिले पनि धेरै ज्योतिषी वा वास्तुशास्त्रीको सम्पर्कमा छन्। र, यस्ता विषयमा सल्लाह लिइरहन्छन्। लामो समयदेखि देउवाकहाँ आउजाउ गरिरहेका ज्योतिषी न्यौपाने भन्छन्, "उहाँ ४९ प्रतिशत कर्म र ५१ प्रतिशत भाग्यमा विश्वास गर्ने नेता हो।" ◆

बम्पर उपहार १ किलो सुन

साथमा हरेक महिना १० तोला सुन र हरेक हप्ता १ किलो चाँदी

अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू

* शर्तहरू लागू हुनेछन् ।

एल.इ.डी टि.भी. | ल्यापटप | स्मार्टफोन | पावरबैंक | घडी | वाटर प्युरिफायर | गिफ्ट भौचर | रू २०० देखि रू २५०० सम्मको नगद छुट

ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।

“जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।”

थप जानकारीको लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण), 9851005217 (ध्रुव)
उपत्यका बाहिर: 9856044140 (शंकर)
SMS SUB to 38080

कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक हप्ता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को वार्षिक ग्राहक बन्नुहोस् ।

फरक मत

उज्ज्वल प्रसाईं

सिंगापुर होइन, बास्क मु

नेपालमा विकासबारे चर्चा गर्दा अक्सर सिंगापुर र ली क्वान यूको नाम लिइन्छ । आधुनिक सिंगापुरको विकास गरेका यूको जीवनी यहाँ सर्वाधिक बिक्री भएका किताबमध्येमा पर्छ । सतहमा देखिएका नयाँ राजनीतिक दलले समेत यूको बाटो समाते उपयुक्त हुने उपदेश नेपाली छापामा प्रशस्तै आइरहेका छन् । नयाँ ढंगले राजनीति गर्छु भनेर दाबी गर्ने युवा नेता र नयाँ दलका नेता आफैँले समेत बेलाबखत सिंगापुरका किस्सा सुनाउन भुल्दैनन् । अरू त अरू, सशस्त्र विद्रोहबाट खारिएका भनिएका माओवादी नेताले समेत छापा र टेलिभिजनमा सिंगापुरकै गफ गर्न थालेका छन् । केही वर्षअघि एक जानेमानेका कृषिविज्ञले यस पंक्तिकारलाई यूको जीवनी अनुवाद गर्न सल्लाह दिए । त्यसका लागि खर्च जुटाउने आश्वासन पनि दिए । अर्थात्, सिंगापुर धेरैका लागि आदर्श विकासको मोडल हो र ली क्वान यू धेरै नेपालीका हिरो हुन् ।

ली क्वान यूका कथा-कहानी पढ्दा कुनै बेफाइदा नहुने भए पनि विकासको सिंगापुरे रटान खासै काम लाग्दैन हामीलाई । सिंगापुरे रटानभन्दा बढी उपयुक्त अरू अध्ययन सामग्री हुन सक्छन् । जस्तो : भारतका प्रसिद्ध समाजशास्त्री दिपांकर गुप्ताले केही वर्षअघि लेखेको *रिभोलुसन फ्रम अबोभ: इन्डियाज फ्युचर एन्ड सिटिजन एलिट* नामको पुस्तकमा उल्लेख भएका केही दृष्टान्तहरूमा छलफल बढी सान्दर्भिक र उपयोगी हुन्छ भन्ने लाग्छ । गुप्ताको एउटा किताबले हामीलाई उन्नतिको बाटो देखाउन सक्छ र उनले भनेको बाटो नै सबैभन्दा उत्तम हो भनेर यहाँ दाबी गर्न खोजिएको होइन । उनका केही प्रस्तावमा प्रशस्त सन्देह पनि छ । तर, राज्यलाई बढीभन्दा बढी कल्याणकारी बनाउने, स्वास्थ्य र शिक्षाजस्ता क्षेत्रमा व्यापक लगानी बढाएर छोटो समयमा समतामूलक र उन्नत समाजको निर्माण गर्न सकिन्छ भन्ने उदाहरणका लागि यो किताब बहसको प्रस्थानविन्दु भने हुन सक्छ । राज्यको कल्याणकारी रूप कस्तो हुन्छ भनेर गुप्ताले आफ्नो अध्ययन र अनुभवबाट केही उपयोगी उदाहरण पेस गरेका छन्, ती सबैमा हामीले विमर्श बढाउन सक्छौँ । त्यसका लागि सञ्चारमाध्यम नै उपयुक्त थलो हुन सक्छ ।

गुप्ताले पेस गरेको एउटा उदाहरणबारे चर्चा गरौँ । भारतले स्पेन राज्य अन्तर्गत पर्ने बास्क राष्ट्रले गरेको उन्नतिबाट सिक्न सक्छ भन्ने हेतु उनले बास्क मुलुकको विगत र वर्तमानको छोटो तर स्पष्ट चित्र खिचेका छन् । यो उदाहरण भारतको छिमेकमा रहेको र धेरै सांस्कृतिक समानतासमेत भएको नेपालका लागि पनि उपयोगी हुन सक्छ । बास्क मुलुक आफ्नो विशिष्ट भाषा, संस्कृति र समाज सञ्चालनको मौलिक कानुनसमेत भएको राष्ट्र हो । स्पेनमा जनरल मार्कोजस्ता तानाशाहले शासन गरेका बेला बास्कलाई अधिनस्थ बनाएका थिए । यो क्षेत्र उनको अधीनमा त थियो नै, यहाँको विशिष्ट भाषालाई पनि उनले अवैध करार गरेका थिए । बास्कविरुद्ध चरम विभेद गरिएको थियो र त्यो विभेद कायम गर्न बास्केलीहरूमाथि उनले ठूलो अत्याचार गरेका थिए । त्यो क्षेत्रलाई स्पेन राज्यबाट अलग गर्नुपर्छ भनेर स्वतन्त्र बास्कका लागि सशस्त्र विद्रोह पनि भएको थियो । इकादी टा अकाटासुना अर्थात् 'ईटीए' भनेर चिनिने पृथकतावादी सशस्त्र समूहले स्पेनसँग लामो लडाइँ लडेको इतिहास छ । यो समूहले स्थानीय जनता र त्यहाँको प्रख्यात क्याथोलिक चर्चको समेत समर्थन प्राप्त गरेको थियो ।

तानाशाह फ्रान्कोका समर्थकहरूलाई तारो बनाएका कारण पनि सो समूह स्थानीयमाझ चर्चित थियो । फ्रान्कोले हिटलर र उनका इटालियन समर्थकलाई बास्क क्षेत्रमा शक्तिशाली बम खसालेर विस्फोटको परीक्षण गर्न अनुमति दिएका थिए । बास्क क्षेत्रको गुएर्निका नामको सहरमा त्यो बम सन् १९३७ मा स्थानीय चर्चमा चार सयभन्दा बढी भेला भएका बेला खसालिएको थियो । त्यहाँ भएको संहारको सम्झनामा नै प्रसिद्ध चित्रकार पाब्लो पिकासोले गुएर्निका नामको

लुकजस्तो

चित्र बनाएका थिए, जो अद्यापि चर्चित छ ।

बास्क क्षेत्र समुद्री यातायात र स्टिल उद्योगका लागि प्रख्यात थियो । स्पेन राज्यले सो क्षेत्रका यिनै दुई स्रोतलाई सक्दो दोहन गरेको थियो । तर, यी दुवै क्षेत्रको स्तरोन्नति गर्न भने उदासीन थियो । फलस्वरूप १९७० को आर्थिक मन्दीले सिंगो बास्क क्षेत्रलाई नराम्रोसँग गाँज्यो र विपन्नता भोग्यो । सन् १९८० मा स्पेनमा लोकतन्त्रको स्थापनापश्चात् बास्कले स्पेन राज्यसँगै रहने सम्झौता गर्‍यो । तर, सो क्षेत्रले आफ्नो स्रोतको प्रयोग आफ्नो तजबिजले गर्न पाउनुपर्ने सर्त राख्यो । स्थानीय कर बास्क सरकारले उठाउने उसको सर्त मान्य भयो । केही अंश केन्द्रीय सरकारलाई बुझाएर करको ठूलो अंश आफ्नो अनुकूलतामा प्रयोग गर्ने सो आर्थिक सम्झौताले नै बास्कलाई प्रगति र लोकतान्त्रिक व्यवस्थाको नमुना क्षेत्रका रूपमा विकास गरेको गुप्ताको दाबी छ ।

बास्क मुलुकले गरेको प्रगति हेर्न, त्यसबारे अध्ययन गर्न र त्यहाँ अभ्यास गरिएको कल्याणकारी राज्यको प्रकृतिबारे बुझ्न गुप्ताले पुस्तक र रिपोर्टहरूको अध्ययन मात्रै गरेनन्, त्यहाँ बसेर जिम्मेवार पदमा रहेर काम गर्नेहरूसँग अन्तरंग अन्तर्क्रिया पनि गरे । उनका अनुसार ईटीएजस्तो पृथकतावादी सशस्त्र विद्रोह गर्न सक्ने बास्कका नागरिकहरूको ऊर्जालाई पछिल्लो समयमा त्यस क्षेत्रको उन्नतिका लागि भरपूर उपयोग गरियो । २५ वर्षको छोटो अन्तरालमा उनीहरूले शिक्षा, स्वास्थ्य, उद्योग र पर्यटनमा असाध्यै ठूलो छलाङ मारे । सन् १९८० मा दुर्गन्धित लेदो बगाएर बसेको नर्भियन खोलालाई उनीहरूले सफा र नीलो पानी बग्ने सुन्दर खोलामा परिणत गरे । जम्मा तीनवटा पुल भएको यो खोलामाथि हिँडडुल सहज बनाउन अहिले १३ वटा पुल छन् । बिल्बाओ सहरलाई पर्यटकीय नगरका रूपमा विकास गरेर बडो शान्त र सुन्दर बनाएका छन् । आकाश उघ्रिएका बेला वरपर उभिएका हरिया पहाडमा पर्यटकहरूले निर्बाध चरिरहेका भेडा हेरेर दंग पर्ने गरेको गुप्ताले आफ्नो किताबमा लेखेका छन् । पुराना उद्योगहरू जो वातावरणीय प्रदूषणका मुख्य कारण थिए, लाई अत्याधुनिक मात्रै बनाएनन्, प्रदूषणलाई उल्लेख्य मात्रामा कम पनि गरे । त्यसैले पहाडमा हरियाली बँचेको छ, भेडाबाखा निर्बाध चर्न पाएका छन् । उद्योग र कलकारखाना चलाएर स्पेनले भन्दा दोब्बर निर्यात गर्ने क्षमताको वृद्धिसमेत गरेका छन्, बास्केलीहरूले ।

यसरी विकास गर्नका लागि उनीहरूले विगतका सांस्कृतिक विभेद र अन्यायी व्यवस्थाको अन्त्य गरे । अहिले उनीहरू पुराना घाउ सुमसुम्याएर बसेका छैनन् । विभेदका पुराना कथा दोहोर्‍याउनुपर्ने अवस्थाबाट समेत मुक्त भइसकेका छन् । कारण, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकतामा सबैले समान पहुँच पाएका छन् । गुप्ताले सन् २०१० को तथ्यांक उल्लेख गर्दै आफ्नो पुस्तकमा भनेका छन्, 'बास्कले कुल बजेटको ३५.८ प्रतिशत स्वास्थ्य क्षेत्रमा र २५ प्रतिशत शिक्षामा लगानी गरेको छ ।' औसत आयुमा युरोपमा बास्क क्षेत्रले सबैलाई उछिनेको छ । जबकि, नेपालले शिक्षामा कुल बजेटको ९.९१ प्रतिशत मात्रै छुट्याएको छ । एक दशकअघि कुल बजेटको १७ प्रतिशतसम्म पुगेको शिक्षाको लगानी निरन्तर घटिरहनु सुखद संकेत होइन ।

बास्कमा भव्य संग्रहालय, वैज्ञानिक अनुसन्धानका केन्द्रमा प्रचुर लगानी र उद्यमशीलता बढाउन गरिएको योजनाबद्ध कामबाट नेपालजस्तो देशले काम गर्ने हौसला प्राप्त गर्न सक्छ । गुप्ताको दलिल अनुसार यी सबै काम गर्नका लागि क्याबिनेटमा पुगेका केही 'भिजनरी' नेताहरू र तिनलाई सघाउन तत्पर अध्ययनशील मानिसहरूको भूमिका अहम् रह्यो ।

समाजशास्त्री गुप्ताको अध्ययनबाट सापटी लिएर यहाँ चर्चा गर्नुको ध्येय नेपाललाई अर्को बास्क बनाउने सपना देख्न थाल्नुपर्छ भन्ने होइन । वा, स्वीट्जरल्यान्ड बनाउने कोरा सपनाको नयाँ संस्करण जरुरी छ भनिएको पनि होइन । बस्, संसारमा जथाभावी निजीकरण नगरी, राज्यले लिनुपर्ने जिम्मेवारी बेइमान बजारको जिम्मा नलगाई भएका प्रगति हाम्रा लागि अध्ययनको विषय बन्न सक्छ भन्ने मात्र जिरह गर्न खोजेको हो । नेपालमा पनि हाम्रा राजनीतिक दलले कचल्टिएको नवउदारवादलाई शिरमा बोकेर हिँड्नुभन्दा राज्यलाई कल्याणकारी बनाउन अवलम्बन गर्न सकिने उपायहरूको खोजी गर्नु उपयुक्त हुन्छ । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषका प्रयोगशाला नबनेर शिक्षा र स्वास्थ्यमा राज्यको लगानी व्यापक बनाउन सकिन्छ । त्यो लगानीको सदुपयोग भए/नभएको चुस्त अनुगमन गर्न सकिन्छ । त्यसरी गरिएको प्रचुर लगानीबाट वर्चस्वशालीले मात्रै लाभ लिइरहने खतरा हुन्छ । त्यसैले राज्यलाई सक्दो समावेशी बनाउन र समावेशिता सिद्धान्तलाई अहिलेको संविधानले जस्तो भुत्ते नबनाउन सकिन्छ । साथै, आलोचनात्मक चेतनासहितको बलियो नागरिक समाज बनाउने खालको शिक्षा प्रणालीको विकास र त्यही अनुसारको उन्नत राजनीतिक संस्कार स्थापित गर्न सकिन्छ । यसरी छोटो समयमा उन्नत र समतामूलक समाजको निर्माण गर्न सम्भव छ ।

जथाभावी निजीकरण नगरी, राज्यले लिनुपर्ने जिम्मेवारी बेइमान बजारको जिम्मा नलगाई भएका प्रगति हाम्रा लागि अध्ययनको विषय बन्न सक्छ भन्ने मात्र जिरह गर्न खोजेको हो ।

यहाँनेर प्रश्न उठ्छ, के विद्यमान नेतृत्वबाट यो सम्भव छ ? खासै उत्साहित हुने ठाउँ छैन । तर, युद्ध, कलह र विभेदले क्षतविक्षत भएको बास्क फिनिक्स चराजस्तो खरानीबाट उठेर अहिले समुन्नत बनेको छ भने हामी पनि आशावादी हुनैपर्छ । बौद्धिक हस्तक्षेपले अहिले सुषुप्तजस्ता देखिएका भिजनरी र हिम्मतिला नेतृत्वले बल पाउनेछन् भन्ने आशा गर्न सकिन्छ । अहिलेलाई ली क्वान यूको सस्तो हल्लाखल्लाबाट मुक्त भएर गहिरो अध्ययन, चिन्तन र सार्वजनिक विमर्श व्यापक बनाउन सके काफी हुन्छ । ◆

वित्त

ब्याजदर बढेको बढ्यै

बैंक तथा वित्तीय संस्थामा अस्वाभाविक मुनाफा कमाउने ध्याउन्नले समस्या

■ सुरेशराज न्यौपाने

वर्ल्ड इकोनोमिक फोरमले हालै सार्वजनिक गरेको एक प्रतिवेदनले नेपालीहरूमा बेग्लै उत्साह थप्यो । प्रतिवेदनले सन् २०१७ मा विश्वकै उच्च आर्थिक वृद्धिदर हासिल गर्ने मुलुकहरूको सूचीमा ७.५ प्रतिशतको आर्थिक वृद्धिको प्रक्षेपणसहित नेपाललाई तेस्रो नम्बरमा राखेको थियो ।

तर, हाम्रो वित्तीय क्षेत्रमा देखिएका पछिल्ला सूचकहरूलाई केलाउने हो भने त्यो वृद्धिदर हासिल गर्न सहज देखिँदैन । अहिले वित्तीय क्षेत्र लगानीयोग्य रकमको अभाव तथा निक्षेप र कर्जाबीचको असन्तुलनजस्ता समस्याबाट आक्रान्त छ । र, त्यसको प्रत्यक्ष र परोक्ष असर अर्थतन्त्रका प्रायः सबै क्षेत्रमा देखिन थालेको छ । निक्षेपमा अपेक्षाकृत वृद्धि नहुँदा पछिल्लो समय कर्जा प्रवाहको वृद्धिदर पनि सुस्त छ । कर्जाबीचको असन्तुलनले अर्थतन्त्रको बिस्तारमै अंकुश लाग्ने हो कि भन्ने आशंका बढेको छ ।

पछिल्लो ६ महिनाको कर्जा र निक्षेपको वृद्धिलाई केलाउने हो भने पनि उक्त आशंकालाई बल पुग्छ । यस अवधिमा निक्षेप ७८ अर्ब रुपियाँले वृद्धि भएको छ भने कर्जा १ सय ३ अर्बले विस्तार भएको छ । निक्षेप र कर्जाबीचको यही असन्तुलनले वित्तीय क्षेत्रमा पछिल्लो तनाव सिर्जना गरेको सहजै बुझ्न सकिन्छ । यो असन्तुलनले कर्जाको तुलनामा निक्षेपको वृद्धि अपेक्षाकृत नहुँदा वाणिज्य बैंकहरूको औसत कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) तोकिएको मापदण्डभन्दा बाहिर गएको छ ।

नेपाल राष्ट्र बैंकले उक्त अनुपात ८० प्रतिशत तोकेको छ । यसको अर्थ बैंकहरूले एक सय रुपियाँ निक्षेपको बढीमा ८० रुपियाँ मात्र कर्जा प्रवाह गर्न पाउँछन् । तर, अहिले त्यो अनुपात ८४.८३ प्रतिशत पुगेको छ । जसले गर्दा अधिकांश बैंक थप कर्जा प्रवाह गर्न नसक्ने स्थितिमा छन् । र, निक्षेप आकर्षित गर्नमै बैंकहरूबीच चर्को होडबाजी छ ।

यो प्रतिस्पर्धाले गत वर्ष जेठमा मुद्दतीको ब्याजदर औसतमा पाँच प्रतिशतको हाराहारी रहेकामा यस वर्ष १४ प्रतिशत नाघेको छ । हालै नेपाल टेलिकमको तीन अर्ब रुपियाँ एकवर्षे मुद्दती निक्षेपका लागि केही बैंकले १४.६१ प्रतिशत ब्याजदर प्रस्ताव गर्नुले पनि वित्तीय क्षेत्रले भोगिरहेको निक्षेप संकट उजागर गर्छ । निक्षेपमा यति उच्च ब्याजदर दिँदा त्यसको प्रत्यक्ष असर कर्जाको ब्याजमा पर्न जान्छ । निक्षेपको लागत बढ्दै गएपछि बैंकहरूले पुराना कर्जाको ब्याजदर पनि क्रमशः बढाइरहेका छन् । त्यसको प्रभावबाट सामान्य उपभोक्तादेखि ठूला उद्यमीसमेत परेका छन् ।

कर्जा र निक्षेपबीचको खाडल बढी भएका कारण यो अवस्था देखिएको हो । बैंक तथा वित्तीय संस्थाको लगानीको प्रमुख स्रोत भनेको निक्षेप हो । निक्षेपको तुलनामा कर्जा प्रवाह बढी भएपछि त्यसबाट सिर्जना हुने असन्तुलनको असर सीधै मूल्यमा पर्न जान्छ । अर्थात्, ब्याजदरमा पर्छ । यसै कारणले नै अहिले ब्याजदर उकालो लागेको हो ।

उदार अर्थ व्यवस्थामा वित्तीय क्षेत्रको माग र आपूर्तिलाई सन्तुलनमा ल्याउने काम ब्याजदरले गर्छ । २६ भदौ ०४६ पछि सरकार नियन्त्रित ब्याजदर प्रणालीको अन्त्य भएयता बजारले नै



ब्याजदर निर्धारण गर्दै आएको छ। तर, पछिल्लो समय बैंक तथा वित्तीय संस्थामा अत्यधिक मुनाफा कमाउने प्रवृत्तिका कारण निक्षेपको तुलनामा कर्जा विस्तार अत्यधिक हुन गएको हो। जसका कारण फेरि एक पटक वित्तीय क्षेत्रमा तनावको परिस्थिति निर्माण भएको हो ।

यो परिस्थितिका लागि स्वयं वित्तीय क्षेत्र नै दोषी छ। अधिक मुनाफाका लागि घरकर्जा, सवारी, सेयर र ओभरड्राफ्टलगायतका सजिला वित्तीय साधनहरूमा कर्जा प्रवाह गरेका कारण यो परिस्थिति सिर्जना भएको स्वयं बैंकरहरू समेत स्वीकार्छन् । बैंक तथा वित्तीय संस्थाले गत वर्षको तुलनामा यस वर्ष घरजग्गा क्षेत्रमा मात्र ८० अर्बभन्दा बढीको लगानी थपेका छन्। यसै गरी सेयर, घरजग्गायलगायतका क्षेत्रमा चालू आर्थिक वर्षको पहिलो दस महिनामा गत वर्षको सोही अवधिको तुलनामा कर्जा प्रवाहमा करिब ३० प्रतिशतले वृद्धि भएको छ। वित्तीय क्षेत्रमा देखिएको यस्तो परिस्थिति विगत केही वर्षयता दोहोरिइरहेको छ । नेपाल बैंकर्स एसोसिएसनका कार्यकारी सदस्य तथा सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत भुवन दाहाल भन्छन्, “मुख्य कारण त कर्जाको तुलनामा निक्षेप वृद्धि नहुनु नै हो। परिस्थितिको आकलन गर्न बैंकहरू चुकेकै हुन्।”

गत वर्षको पहिलो ६ महिनामा करिब ६० अर्बको चारपांग्रे र १० अर्ब रुपियाँभन्दा बढीको मोटरसाइकल आयात भएको छ । त्यसै गरी २० अर्बभन्दा बढीको मोबाइल भित्रिएको छ । वित्तीय संस्थाहरूबीचको चर्किएको प्रतिस्पर्धाले घर तथा सवारी साधनको कर्जाको ब्याजदर पनि निकै तल झार्‍यो। घर कर्जाको ब्याज सात प्रतिशतमा आइपुगेको थियो भने सवारी कर्जा त ६ प्रतिशतभन्दा कम थियो ।

यसले गर्दा चालू आर्थिक वर्षको पहिलो त्रैमासिकमा तीन अर्बले बढेको थियो, कर्जा । त्यसपछि कात्तिकदेखि पुससम्म त झनै अकासियो। लहैलहै र अधिक मुनाफा कमाउने ध्याउन्नमा साना बैंकले समेत धेरै कर्जा प्रवाह गरे ।

अर्कोतर्फ बैंक तथा वित्तीय संस्थामाथि पुँजी वृद्धिको दबाब पनि थियो। राष्ट्र बैंकले दुई अर्बको चुक्ता पुँजी बढाएर आठ अर्ब पुर्‍याउनुपर्ने भनेपछि २८ वटा वाणिज्य बैंकले औसतमा प्रत्येकले तीन अर्ब पुँजी थप्नुपर्ने बाध्यता सिर्जना भयो। जसका लागि वाणिज्य बैंकहरूले मात्र ८० अर्बभन्दा बढी थप्नुपर्ने हुन्छ। त्यसै गरी विकास बैंक तथा वित्तीय संस्थासमेतको जोड्दा थप ५० अर्बभन्दा बढी रकम थपिनुपर्छ। त्यसका लागि समेत कर्जाको प्रयोग भएको अनुमान छ।

चर्को ब्याजदरले औद्योगिक उत्पादन हुन गई बजार भाउमा क्रमशः दबाब बढाउँदै गएको छ। र, यसले नेपाली उत्पादनको प्रतिस्पर्धात्मक क्षमता थप कमजोर बनाइरहेको छ। नेपाल राष्ट्र बैंकको ताजा तथ्यांक अनुसार चालू आर्थिक वर्षको पहिलो दस महिनामा अन्तर्राष्ट्रिय वस्तु व्यापार घाटा गत वर्षको सोही अवधिको तुलनामा ३७.५ प्रतिशतले बढेर ७४७ अर्ब ६५ करोड पुगेको छ । र, यो हरेक महिना बढ्दो क्रममा छ । व्यापार घाटाको यस्तो भयावह यथार्थ सार्वजनिक भइरहेका बेला ब्याजदरमा देखिएको वृद्धिले थप समस्या निम्त्याइरहेको नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका बताउँछन्। भन्छन्, “यही अवस्था लामो समय रहने हो भने भएका सीमित उद्योगहरू पनि धराशयी हुनेछन्।” त्यसमाथि चर्को ब्याजदरले विदेशी लगानीकर्तालाई पनि निरुत्साहित नै गर्छ। यसले युवा जनशक्तिको पलायनको क्रमले थप तीव्रता पाउने मुरारकाको दाबी छ।

ब्याजदरमा भएको वृद्धिका केही सकारात्मक पक्ष पनि नभएका होइनन् । यसले बैंक तथा वित्तीय संस्थाबाट सस्तो ब्याजमा कर्जा लिएर घरजग्गालगायतका क्षेत्रमा जथाभावी लगानी गर्ने प्रवृत्तिलाई निरुत्साहित गरेको छ। साथै, विश्लेषण नै नगरी लहैलहैमा सेयर बजारमा गरिएको लगानीलाई पनि अंकुश लगाएको छ । स्टक ब्रोकर्स एसोसिएसनका अध्यक्ष प्रियराज रेग्मी सेयर बजारमा देखिएको उतारचढावका पछाडि ब्याजदरमा भएको वृद्धि पनि प्रमुख कारण रहेको स्वीकार्छन् । भन्छन्, “चर्को ब्याजदर, सेयरको अधिक आपूर्ति, लगानीयोग्य रकमको कमीको असर बजारमा देखिएको हो ।”

ब्याजदरका कारण वित्तीय क्षेत्रको तनावबाट तत्काल राहत पाउने कुनै गुन्जायस देखिँदैन । सरकारको ढुकुटीमा रहेको २ सय ७० अर्ब रुपियाँ खर्च भएमा तरलता सहज बन्न गई ब्याजदर पनि नियन्त्रणमा आउने एकथरी विश्लेषक दाबी गर्छन् । तर, नेपाल राष्ट्र बैंकका अनुसन्धान विभाग प्रमुख नरबहादुर थापा बैंक तथा वित्तीय संस्थाले त्यसमा आँखा लगाउनु निरर्थक भएको बताउँछन्। भन्छन्, “सरकारले गर्ने खर्च वित्तीय प्रणालीमा आउला र फेरि घरजग्गा व्यवसायमा लगानी गर्न पाउँला भनेर कुरेर बस्ने पनि छन्। तर, त्यो पैसा पूरै बजारमा आउँदैन, सबै खर्च भएको खण्डमा पनि ।” सरकारले गर्ने पुँजीगत खर्चको ७० देखि ८० प्रतिशत हिस्सा आयातमा जाने भएकाले बैंक तथा वित्तीय संस्थाले रेमिट्यान्स, आर्थिक वृद्धिदर, ब्याजदर सबैलाई ध्यान दिनुपर्ने थापाको तर्क छ।

अर्कोतर्फ अहिलेको अवस्थामा सुधार आउन कम्तीमा नौ महिना लाग्ने बैंकरहरूको दाबी छ। तर, यस अवधिमा बजारले थप तनाव बेहोर्ने छ । गएको फागुनबाट मुद्दती निक्षेपको ब्याजदरले १२ प्रतिशतको विन्दु छोएको थियो । आगामी फागुनसम्ममा पनि अवस्थामा सुधार नआए त्यही दरमा नवीकरण गर्नुपर्ने हुन्छ। यसले कर्जाको दरमा थप चाप पर्नेछ । अहिले मुद्दती निक्षेपको हिस्सा ४० प्रतिशतको हाराहारीमा छ। र, ब्याजदर उच्च भएका कारण मुद्दती निक्षेपको हिस्सा बढिरहेको छ । यसले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर नयाँ उद्योग सुरु गर्ने वा भएका उद्योगहरूको क्षमता विस्तारको योजना रहेका उद्यमी तथा व्यवसायीहरूलाई आफ्नो पूर्ववत् योजनामा पुनर्विचार गर्नुपर्ने अवस्थामा पुर्‍याएको छ। ♦

जलविद्युत्मा समेत प्रभाव

वित्तीय क्षेत्रमा देखिएको असन्तुलनबाट जलविद्युत् आयोजना प्रवर्द्धकहरू पनि चिन्तित देखिएका छन्। ब्याजदरमा भएको वृद्धिको असर निर्माणाधीन जलविद्युत् आयोजनाहरूमा भन्दा पनि वित्तीय व्यवस्थापनको अन्तिम तयारीमा रहेका र नयाँ परियोजनामा सुरु गर्ने तरखरमा रहेका प्रवर्द्धकहरूलाई चिन्तामा पारेको छ । स्वतन्त्र ऊर्जा उत्पादक संघ (इप्पान)का पूर्वअध्यक्ष खड्गबहादुर विष्ट नेपाल विद्युत् प्राधिकरणले खरिद गर्ने मूल्य र अहिलेको ब्याजदरका कारण बढ्ने लागतले परियोजनाबाट प्रतिफल हासिल नहुने दाबी गर्छन् । भन्छन्, “प्राधिकरणले १६ प्रतिशतको प्रतिफल हिसाब गरेर विद्युत्को दर तोक्छ। अहिले ब्याजदर नै १४ प्रतिशत पुगेपछि कसले जोखिम लिन्छ ?”



अन्योलमा आयोजना

अन्तर सरकारी समन्वयको अभावले प्रसारण लाइन निर्माण अवरुद्ध

■ **श्यामशंकर पाण्डे**/भैरहवा

निर्माणाधीन बेलहिया-बुटवल व्यापारिक सडक मार्गको एक छेउबाट १३२ केभीए प्रसारण लाइन लैजान मोनोपोल राख्न स्वीकृति माग गर्दै बुटवल (गोरुसिंगे)-लुम्बिनी १३२ केभीए प्रसारण आयोजनाले व्यापारिक मार्ग विस्तार आयोजनालाई पत्राचार गरेको सात महिना भयो। २ मंसिर ०७३ मा मोनोपोल राख्न स्वीकृतिका लागि माग गर्दै पत्राचार गरेको विद्युत् प्रसारणलाई आयोजनाले कुनै जवाफ दिएको छैन। यसभन्दा पहिला प्रसारणले यही बेहोराको पत्र डिभिजन सडक कार्यालय बुटवललाई असार ०७३ मा पठाएको थियो। मोनोपोल राख्न दिने/नदिने भन्ने स्वीकृति व्यापारिक मार्गसँग लिन सुझाउँदै डिभिजन सडक कार्यालयले ६ महिनापछि विद्युत्लाई जवाफ लेख्यो । उक्त कार्यालयले सुझाए अनुरूप विद्युत्ले अनुमति लिन व्यापारिक मार्गमा पत्राचार पनि गर्‍यो।

बुटवलको योगीकुटीबाट प्रसारण विस्तार गरी शंकरनगर, भलबाडी, लखनचोक हुँदै रूपन्देहीको मैनहियामा स्टेसन रहनेछ। आयोजनाले मैनहियामा चार बिघा जग्गा खरिद गरी स्टेसन, कर्मचारी आवास र पर्खाल लगाउन बोलपत्र गरिसकेको छ। यीमध्ये कर्मचारी आवास र पर्खाल निर्माणको काम सुरु गरिसकेको छ र स्टेसन निर्माणमा परेका बोलपत्र मूल्यांकनमा छन्। तर, योगीकुटीबाट विद्युत् विस्तार र स्टेसन एकसाथ सुरु गरी ०७५ मा सम्पूर्ण काम सम्पन्न गर्ने लक्ष्य लिएको आयोजनालाई लाइन विस्तार गर्न सडक कार्यालयले कुनै जवाफ नदिँदा रोकिएको छ। जसले गर्दा यो वर्ष आठ करोड रुपियाँ बजेट फ्रिज हुने अवस्था सिर्जना भएको आयोजना प्रमुख इन्जिनियर हरिप्रसाद पाण्डे बताउँछन्।

१ अर्ब २० करोड रुपियाँ लागत अनुमान गरिएको आयोजनामा चालू आर्थिक वर्षमा स्टेसन निर्माण र प्रसारण विस्तार गर्न १३ करोड रुपियाँ बजेट विनियोजन भएको छ। यसमध्ये पाँच करोड स्टेसन निर्माणमा खर्च भए पनि बाँकी आठ करोड फ्रिज हुने भएको हो। सडक कार्यालयले जवाफ पठाउन गरिरहेको ढिलाइले विद्युत् आयोजनाको आयु पनि लम्बिने भएको छ।

अर्कोतर्फ सडक कार्यालयले मोनोपोल विस्तार गर्न स्वीकृति दिने सम्भावना कम छ। किनभने, व्यापारिक मार्ग बहुउद्देश्यसाथ निर्माण गरिएको र तत्काल विद्युत् प्रसारणका लागि ग्रिनबेल्ट दिन सक्ने अवस्था नरहेको आयोजना प्रमुख इन्जिनियर लीलाबहादुर भण्डारीको तर्क छ। "ग्रिनबेल्टबाट प्रसारण लाइन लैजाँदा विद्युत् सजिलो र सस्तो पर्न सक्छ तर सडकको बनोट र मानव स्वास्थ्यका हिसाबले जोखिमपूर्ण हुन्छ। त्यही पनि हामीले आफ्नो राय-सुझावसहित सडक विभागमा पत्र पठाएका छौँ," आयोजना प्रमुख भण्डारी भन्छन्, "स्वीकृति दिने/नदिने विभागबाटै हो। माथिबाटै जवाफ आएको छैन।"

सडक कार्यालयले स्वीकृत नदिएकै अवस्थामा तिलोत्तमा व्यापार संघ रूपन्देहीले राजमार्ग क्षेत्रबाट प्रसारण लाइन लैजान प्राविधिक र सुरक्षाको हिसाबले उपयुक्त नहुने भन्दै विरोध जनाइसकेको छ। संघका अध्यक्ष झविन्द्रप्रसाद कँडेलले सडक छेउबाट प्रसारण लाइन लैजाँदा दुर्घटनाको जोखिम बढ्ने, सवारीसाधन वा अन्य कारणले पोल ढलेमा त्यसबाट ठूलो क्षति हुने भन्दै जमिनमुनिबाट तार लैजानुपर्ने या दोस्रो विकल्प खोज्नुपर्ने बताउँछन्। उनले भनेजस्तै योगीकुटीबाट तिनाउ खोलाको किनार हुँदै लाइन विस्तार गर्ने दोस्रो विकल्पबारे प्रारम्भिक सर्वेक्षण गरिसकेको छ। तर, तिनाउ नदीको किनारमा पोल राख्दा बाढीको जोखिम, योगीकुटीबाट तिनाउसम्म घना बस्ती रहेका कारण जमिनमुनिबाट लैजानुपर्ने बाध्यता, व्यक्तिगत जग्गा र घर धेरै पर्ने हुँदा समस्या झन् ठूलो देखेर आयोजनाले सडक नै उपयुक्त ठानेको छ।

अन्तिम अवस्थामा तिनाउ किनार विकल्प हुन सक्छ। त्यो विकल्पमा जान पनि विद्युत्ले सडक कार्यालयको जवाफ कुरिरहेको छ। नेपालमा नमुनाका रूपमा प्रयोग हुन लागेको मोनोपोल सडकबाटै लैजानुपर्ने प्रसारण आयोजना प्रमुख पाण्डे बताउँछन्।

०६७ मा सुरु भएको यो आयोजना पाँच वर्ष निष्क्रिय रह्यो। ०७२ देखि फेरि पुनरावलोकन भएको आयोजनाको मुख्य लक्ष्य रूपन्देहीको भैरहवा, लुम्बिनी क्षेत्रको विद्युत् समस्यालाई समाधान गर्नु हो। सुरुमा भैरहवामा रहेको विशेष आर्थिक क्षेत्र (सेज), निर्माणाधीन अन्तर्राष्ट्रिय गौतम बुद्ध विमानस्थल, लुम्बिनी क्षेत्रमा रहेका होटल, लुम्बिनी करिडोरमा अवस्थित उद्योग तथा स्थानीयलाई विद्युत् वितरण गर्ने लक्ष्य थियो। पछिल्लो समय नयाँ औद्योगिक क्षेत्रका रूपमा अध्ययन भइरहेको तिनाउको मोतीपुर करिडोरमा समेत मैनहिया स्टेसनबाट विद्युत् लैजाने गरी योजना अगाडि बढाएको छ। मैनहियामा ९० एमबीएको स्टेसन निर्माण र प्रसारण लाइन विस्तारको काम सकिएपछि भैरहवा क्षेत्रसहित रूपन्देहीको विद्युत् समस्या हट्ने आशा गरिएको छ।

हाल बिजुली नभएकै कारण भैरहवामा निर्माण सम्पन्न भएको सेजमा उद्योग स्थापना हुन सकेका छैनन्। आगामी वर्ष निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुन पनि सुरुमा विद्युत् नै आवश्यक पर्नेछ। सिद्धार्थ उद्योग वाणिज्य संघ भैरहवाका अध्यक्ष रामकुमार शर्मा रूपन्देहीको समग्र औद्योगिक तथा पर्यटकीय विकास गर्न हाल मुख्य समस्या बिजुली नै भएको बताउँछन्। भन्छन्, "१३२ केभीए आयोजनामा विलम्ब गर्न नहुने र यसलाई जसरी भए पनि अगाडि बढाउनुपर्छ।" ◆

प्रसारण लाइनको स्केच

नगरभित्रको पीडित गाउँ

वैकल्पिक व्यवस्था गरेर सुरक्षित ठाउँमा स्थानान्तरणको आशा

तस्बिर : विमल खतिवडा

विमल खतिवडा/बाँदरझुला, चितवन

चितवन सदरमुकाम भरतपुरबाट करिब ८६ किलोमिटर दक्षिण-पूर्वमा पर्छ सुकुमबासी बस्ती बाँदरझुला अर्थात् यहाँको कालापानी । माडी नगरपालिका-९ मा पर्ने यो गाउँ पुग्न सदरमुकामबाट एक दिन लाग्छ । नगरपालिकाभित्रको यो गाउँमा सार्वजनिक यातायात सञ्चालनमा छैन । अझ, बालबालिकाले कक्षा-८ भन्दा माथि पढ्न यहाँ विद्यालय नभएकाले पर्साको ठोरी पुग्नुपर्छ ।

पटक-पटक चितवन राष्ट्रिय निकुञ्जको तारो बन्दै आएको बाँदरझुला हरेक चुनावमा राजनीतिक दल र नेताको खुसामद गर्ने ठाउँ बन्छ । ३१ वैशाखको चुनावमा पनि बन्यो । किनभने, यहाँ १ हजार १ सय मतदाता थिए । वैकल्पिक व्यवस्था गरेर सुरक्षित ठाउँमा स्थानान्तरण गरिदिने भनेर भोट मागे । चुनाव सकियो । त्यतिबेला गरिएका वाचा पनि हराए । कारण, ती पूरा नहुने चुनावी नारा मात्र थिए ।

माडी नपा-९ मा बाँदरझुला, कुसुमखोला र प्याउली पर्छन् । जहाँ मकवानपुर, तनहुँ, पर्सा, लमजुङ, चितवनबाट आएर बसोवास गर्ने सुकुमबासीहरू छन् । कात्तिक ०४७ बाट सुकुमबासी आउने क्रम बढेको हो यहाँ । यहाँ ७ सय ६० घरधुरी छन् र ६ हजार ५ सय जनसंख्या छ । जंगलको बीचमा रहेको यो बस्तीको भारतसँग सीमा जोडिएको छ ।

यो, निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्छ । तर, निकुञ्ज बस्ती हटाउन क्रुर रूपमा प्रस्तुत हुने गरेको छ । विसं ०५८ मा निकुञ्जले वन सुरक्षाकर्मी र हात्ती परिचालन गरेर यो बस्तीका घरमा आगो लगाइदियो । गाउँले अमुवा खोलाको बगरमा गएर ६ महिनासम्म बसे । विकल्प हुनेहरू अन्यत्र गए । नहुनेहरू खोलामै बसे । त्यो बेला यहाँ आठ सय घरधुरी थिए । निकुञ्जको बस्ती सार्ने प्रयास पटक-पटक विफल हुँदै आएको छ । गत वर्ष असारमा निकुञ्जले 'बस्ती खाली गर्नू' र 'खाली नभए राष्ट्रिय निकुञ्ज तथा संरक्षण ऐन, २०२९ अनुसार कारबाही हुने' बेहोरासहित सूचना जारी गऱ्यो । गाउँले डगमगाएनन् । सूचनालाई अटेर गरेपछि निकुञ्जले साउनमा ६ वटा हात्ती लगाएर बस्ती हटाउने प्रयास गऱ्यो । अमानवीय व्यवहार भन्दै गाउँले आन्दोलित भए । समस्या समाधानको माग गर्दै भरतपुर आइपुगे । स्थानीय प्रशासनसहित सर्वदलीय बैठक बसेर मंसिरसम्म विकल्प खोजिने भन्दै बस्ती हटाउने क्रम रोकियो । त्यसपछि स्थानीय तहको चुनाव आयो । श्री निम्न माध्यमिक विद्यालय बाँदरझुलाका प्रधानाध्यापक आशिष गोपाल परियार गाउँलेका माग सुनाउँछन्, "हामीलाई रोजगार र अन्नबाली लगाउने जग्गासहित व्यवस्था गरियोस्, हामी यो ठाउँ छाड्न तयार छौं ।"

यहाँ निकुञ्जले सार्वजनिक गाडी चल्न दिएको छैन । त्यसैले सडक छ तर गाडी गुड्दैनन् । हिँडेर नै गन्तव्यमा पुग्नुपर्छ । गाडी चढ्न अढाई घन्टासम्म पैदल हिँड्नुपर्ने बाध्यता छ । नारायणगढदेखि पर्सा ठोरी निकुञ्ज हुँदै सार्वजनिक बस चल्छन् । तर, बाँदरझुलामा सार्वजनिक बस चल्न रोक लगाइएको छ ।

चितवन निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र कँडेल भने प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन भएको र त्यही समितिले कार्यविधि तयार गरी प्रतिवेदन सार्वजनिक गरेपछि बस्ती सार्नेबारे थाहा हुने बताउँछन् । भन्छन्, "चुनावले गर्दा समितिको प्रतिवेदन आउन ढिलाइ भएको हो, प्रतिवेदन आउनासाथ बस्तीका बारेमा के गर्ने भनेर टुंगो लाग्नेछ ।" स्मरणीय छ, ८ चैत ०७३ मा राजपत्रमा प्रकाशित सूचना अनुसार बाँदरझुलाको बस्ती व्यवस्थापन समिति गठन गरिएको हो । माडी नगरपालिकाका नवनिर्वाचित मेयर ठाकुरप्रसाद ढकाल भन्छन्, "स्थानीयलाई आहाराको व्यवस्था नगरी सार्न हुन्न । वास्तविक सुकुमबासी कति छन्, छानबिन गरेर मात्र प्रक्रिया अगाडि बढाउनु पर्छ ।"

बस्ती नसार्दा यसको विस्तार हुँदै गएर वन फँडानी हुने खतरा बढेको छ । जंगलभित्रको बस्ती भएकाले जनावरहरूले सताउने कुरा त सामान्य नै भयो । स्थानीयलाई भने अन्यत्र जान मन छैन । नियम अनुसार सरकारले यहीँ बसोवास गराउनुपर्ने माग गाउँलेको छ । स्थानीय बिना थापा भन्छिन्, "लामो समयदेखि यहीँ बसोबास गर्दै आएका छौं, अन्यत्र सारेर पनि कहाँ लग्ने हो, दुःख मात्र पाइन्छ । बरू, यही जग्गाको लालपुर्जा दिएर राखिदिए हुन्थ्यो ।" तर, निकुञ्जको संरक्षणका लागि यो बस्ती स्थानान्तरण नगरी सुखै छैन, निकुञ्ज प्रशासनलाई । ◆

पुस्तक

युद्ध सहभागीको वर्णन



फोकल्यान्ड जर्नल
लेखक : गणेश राई
प्रकाशक : बी रिड
पृष्ठ : १५०
मूल्य : ३२५ रुपियाँ

सीताराम बराल

बेलायती मुख्यभूमिबाट आठ हजार माइल परको फोकल्यान्ड टापु जब २० चैत ०३८ मा अर्जेन्टिनाले कब्जा गर्‍यो, त्यसको तरंग नेपालसम्मै आइपुग्यो । कारण थियो, फोकल्यान्ड टापु अर्जेन्टिनाबाट बेलायतलाई फिर्ता गराउन गोर्खा सैनिकलाई समेत लडाइँमा पठाउने निर्णय । गोर्खा फौज त्यसतर्फ पठाउनुपूर्व बेलायती पक्षले गोर्खाली सैनिकहरू अति भयावह हुन्छन् भनेर प्रचार गरिदियो । शत्रु फेला पारेपछि तिनलाई छप्काएर मात्र गोर्खालीहरू शान्त हुन्छन् भन्दै चम्किलो खुकुरीसहित दुस्मनमाथि जाइलागेको तस्बिर *बीबीसी*लगायतमा छापिए ।

जीवन शर्माको गीत 'फोकल्यान्डको टापुबाट...'ले समेत फोकल्यान्डमा खटिएका गोर्खालीबारे त्यस्तै भाव सम्प्रेषित गरिदियो । यस गीतमा त्यस युद्धमा सहभागी कुनै गोर्खा सैनिकले पत्नीलाई पत्र पठाएको हुन्छ, जसमा आफूले युद्धका क्रममा अर्जेन्टिनीहरूको घर-झुप्रामा आगो लगाउनुपरेको, बालबच्चाहरूलाई कुल्चेर मारेको, आफूजस्तै वर्गीय हैसियत (गरिब)को संगीन रोपेर हत्या गरेको उल्लेख छ ।

तर, फोकल्यान्ड युद्धका एक सहभागी गणेश राई (खोटाङ डम्बर्खु, शिवालय)ले के दाबी गरेका छन् भने- हो, युद्धको नियमबमोजिम गोर्खालीहरूले लडाइँमा गोली चलाए, आफ्नो साहस र वीरताले शत्रुपक्ष अर्जेन्टिनी सेनालाई परास्त गरे । तर, त्यस्तो दानवता उनीहरूले प्रदर्शन गरेनन्, जस्तो प्रचार गोर्खालीहरूलाई रणभूमिमा पठाउनुअघि बेलायतले गरिदियो । उनको युद्ध संस्मरणात्मक पुस्तक *फोकल्यान्ड जर्नल* पढ्दा के थाहा हुन्छ भने मर्ने-मार्ने लडाइँमा खटिए पनि गोर्खालीहरूको पनि कोमल हृदय थियो । त्यसैले युद्धका क्रममा उनीहरूले त्यस्तो कुनै हर्कत गरेनन्, जसलाई युद्ध अपराधको रूपमा व्याख्या गर्न सकियोस् ।

दक्षिण अमेरिकी राष्ट्र अर्जेन्टिनाले फोकल्यान्ड टापुमाथि कब्जा जमाउँदा राई अर्को दक्षिण अमेरिकी राष्ट्र ग्वाटेमाला-सिमानामा रहेको बेलिजको सुरक्षाका लागि बेलायती फौज अन्तर्गतको फाइटिङ युनिट सदस्यका रूपमा गस्तीमा थिए । उनी बेलायती सेनामा प्रवेश गरेको भर्खर साढे दुई वर्ष मात्र भएको थियो । बेलिजमा नै उनले फोकल्यान्डमाथि अर्जेन्टिनाले कब्जा गरेको खबर सञ्चार सेटबाट सुने । संस्मरणको सुरुआत त्यही समाचारबाट हुन्छ । लगत्तै राई संलग्न गोर्खा फौज बेलिजबाट फिर्ता हुन्छ र युद्धका लागि फोकल्यान्डतर्फ लाग्छ ।

लडाइँमा जाने डर गोर्खालीहरूमा पनि हुँदो रहेछ, चाहे जतिसुकै वीरका रूपमा प्रचार गरिएको होस् । जस्तो : युद्धमा खटिनुपर्ने भएपछि गोर्खालीहरू कति पिरोलिएका थिए भन्ने कुराको शब्द मात्र होइन, तस्बिर पनि छ, पुस्तकमा ।

फोकल्यान्डमाथि अर्जेन्टिनी कब्जापछि बेलायती सेना र समाजमा अर्को कुनै विषयमा चर्चा नै हुँदैनथ्यो । अहिले सम्झँदा लेखकलाई के लाग्दो रहेछ भने यस्तो चर्चा सायद आफूहरूलाई लडाइँमा होम्नका लागि मानसिक रूपमा तयार पार्न पो गरिएको थियो कि ? 'उहिले हाम्रा बाउबाजेलाई घोडेरम खुवाएर शूरवीर बनाई दुस्मनमाथि जाई लाग्न लगिन्थ्यो रे !' उनी लेख्छन्, 'फोकल्यान्ड लडाइँसम्बन्धी अनवरत समाचार पनि हाम्रो निम्ति सायद आधुनिक घोडेरमजस्तै थियो, ताकि सिपाहीले युद्धबाहेक अर्थोक केही सोच्न नपाओस् ।'

युद्धभूमिमा जानुपूर्व यसरी एकोहोर्‍याइएका गोर्खाली सिपाहीहरूलाई बेलायतीहरूले जसरी बिदाइ गरे, त्यससम्बन्धी वर्णनले पाठकलाई भावुक बनाउँछ । बिदाइ हुने र गर्नेहरू दुवै पक्ष त्यो क्षण मर्माहतजस्तै देखिन्थे । दुवैथरीका आँखामा आँसुको खहरे बगेको थियो । खासमा उनीहरू मन्दिरमा चढाउन लगिएका बलिको बोकाजस्तै थिए, जसको फर्कने सम्भावना शून्यप्रायः थियो । हुन त विज्ञानको प्रगतिले दुई सय वर्षअघि र त्यससयताको युद्धको स्वरूपमा नै बदलाव ल्याइदिएको छ । हजारौँ माइल टाढाबाट एक मिसाइल प्रहारले शत्रुलाई तहसनहस पार्न सकिन्छ । यति हुँदाहुँदै पनि शत्रुको अखडामा आफ्नो पैदल फौज पुगेर झन्डा नगाड्दासम्म कसैको विजय भएको मानिँदैन । विजयको झन्डा फहराउन पैदल फौज रणभूमिमै पुग्नुपर्ने भएकाले गोर्खाली उतारिएका थिए, फोकल्यान्डमा । खुकुरी उज्याएका र भयावह तरिकाले शत्रुमाथि जाइलागेका गोर्खालीहरूको तस्बिर र समाचारको भित्री उद्देश्य पनि आखिर यही थियो ।

तर, गोर्खालीहरूले त्यस्तो लडाइँको चरणमा पुग्ने परेन । एकातिर फोकल्यान्डको मुख्य सहर स्ट्यान्लीमाथि गरिएको लगातारको भीषण बम वर्षा, अर्कोतिर गोर्खालीहरूले शत्रुको घाँटी काटेर मात्र छाड्छन्, जो फोकल्यान्ड पुगिसकेका छन् भन्ने बेलायती प्रचार । फोकल्यान्ड कब्जा गरेको ७५ दिनपछि ३१ जेठ ०३९ मा अर्जेन्टिनी फौजले बेलायतसँग आत्मसमर्पण गर्‍यो । अर्जेन्टिनाले आत्मसमर्पण गरेकाले लेखक राईको टोली स्ट्यान्ली पुग्ने पाएन, लडाइँको एउटा मोर्चा बनेको टम्बलडाउन डाँडाबाटै फिर्ता हुनु पर्‍यो ।

जितको खुसीयालीमा स्ट्यान्ली पुगेर झन्डा गाड्ने अवसर नपाएकामा राई दुःखी देखिन्छन्, पुस्तकमा । तर, डम्बलडाउन डाँडाबाटै सही, उनले अर्जेन्टिनी आत्मसमर्पणपछिको स्ट्यान्ली र दुवै पक्षका सैनिकको भाव शब्दमा उतारेका छन् ।

ठेट गाउँले शब्द प्रयोग गरिएकाले यो पुस्तकको भाषा सुरुदेखि अन्त्यसम्म मीठो छ । यस पुस्तकको सीमा के हो भने यसमा फोकल्यान्ड लडाइँमा लेखक राई सहभागी टोलीका गतिविधि मात्र सामेल छन् । त्यहाँ भएको लडाइँको सांगोपांगो विवरण पुस्तकमा छैन । दुवै मुलुकका लागि फोकल्यान्ड कब्जाको रणनीतिक महत्त्व किन थियो भन्ने चाहिँ लेखकले उल्लेख गरेका छैनन् । ◆

कारुणिक कथापुञ्ज

राजकुमार बानियाँ

होर्खे लुइस बोर्खेसका छोटा-चोटिला कथा स्पेनिस भाषाबाट हिन्दीमा छापियो, १५ वर्ष पहिले । १ सय २२ पृष्ठको पाकेट साइजमा १९ थान लघुकथाको संग्रह *कालजयी कहानियाँ*। *टाइम* म्यागेजिनले 'बीसौँ शताब्दीका स्पेनिस भाषाका महान् लेखक' घोषणा गरेका होर्खेलाई हिन्दीमा उतारेका थिए, उदय प्रकाशले ।

तिनै होर्खेका पारखी उदय प्रकाशलाई नेपालीमा ल्याएका छन्, लेखक-पत्रकार यज्ञशले । उदय प्रकाशको कथाकारितासँग उनको लामो 'अफेयर' नै देखिन्छ । उदय प्रकाशकृत लघु उपन्यास *मोहनदास*को अनुवाद गरेको आठ वर्षपछि पाँच कथालाई नेपालीमै ल्याएका छन्, *नेलकटर* । यसको आकार र पृष्ठ पनि होर्खेकै जस्तो छ । समकालीन भारतीय साहित्यमा उदय प्रकाश कस्ता लेखक हुन् भने अजमल कमालले लेखेका छन्, 'पाकिस्तानमा हिन्दुस्तानका सबै चीज छन्, उदय प्रकाशजस्तो अफ्सानानिगार (कथाकार)बाहेक ।'

शीर्षकथा 'नेलकटर' आमा र छोराको सम्बन्धको कारुणिक कथा हो । त्यसमा गाउँ, झरी, आमा अनि स्मृतिहरू छन् । नीलो काँचको सानो सितार झुन्डिएको नेलकटरमा घाँटीको क्यान्सरले आवाजविहीन आमाको अस्तित्व खोजिएको छ । आमाको स्मृति बोकेको नेलकटर सिरानीमुनि भेटिँदैन । कथा भन्छ- चीजहरू कहिल्यै हराउँदैनन्, ती त्यहीं रहन्छन् आफ्नो पूरा अस्तित्व र वजनका साथ । खालि हामी राखेको ठाउँ बिर्सिन्छौँ ।

अर्को कथा 'अपराध' जन्मजात पोलियोग्रस्त दाजुको सुन्दरता र क्षमतासँग इखालु भाइको कथा हो । हीनताबोध, उपेक्षा र नगन्यताका रापमा जलिरहेको भाइ बाबुआमासँग हुँदै नभएको चुक्ली लगाएर दाजुलाई सजाय दिलाउनसमेत पछि पर्दैन । अलि प्रौढ भइसकेपछि भयानक छटपटी र पश्चात्ताप गर्छ । तर, त्यतिबेला सत्य खोल्न न बाबुआमा रहन्छन्, न त दाजुकै सम्झना ।

तेस्रो कथा 'तिरिछ' सहरमा निर्ममतापूर्वक मारिएको एक ग्रामीण वृद्धको कहानी हो । अदालतको तारेख धाउन सहर जाँदा ऊ कसरी



नेलकटर

लेखक : उदय प्रकाश
अनुवादक : यज्ञश
प्रकाशक : फाइन प्रिन्ट
पृष्ठ : १२५
मूल्य : २२० रुपियाँ

मारियो भन्ने छोराको बयान छ यसमा । सहरको बाटो भुल्ने वृद्ध बरु जंगली विषालु छेपारोले टोक्दा मर्दैन । तर, सहरको अपमान, तिरस्कार र घृणाका कारण मारिएको छ । मार्खेजको 'क्रोनिकल अफ द डेथ फोरटोल्ड'को निकटवर्ती यस कथामा सहरीको संवेदनहीनता र कुरुपता झल्किन्छ । तिरिछ एउटा मेटाफर हो । भारतीय समाजका मनगढन्ते कहानी र अन्धविश्वास बोकेको छ यसले ।

भारतीय घर-परिवारका नितान्त निजी, आत्मीय र अविस्मरणीय कथा छन् *नेलकटर*मा । 'नेलकटर' आमा-छोराको, 'तिरिछ' बाबु-छोराको र 'अपराध' दाजु-भाइको सम्बन्धको कथा हो । उदय प्रकाशका कथामा बच्चाहरू स्थायी पात्रजस्ता छन् । तिनीहरू सत्यको ढाकछोप रुचाउँदैनन् । बाल संसारको सुन्दर चित्रण गरिएको अर्को कथा हो, 'अरेबापरेबा' । कपासका साना डल्लाजस्ता दुई खरायो एकै रात हराएपछि उत्पन्न बाल मनोदशा छ यसमा । न भोक, न प्यास, न निद्रा । शीर्षक प्रतीकात्मक छ । संसारका कोमल, पवित्र, निहत्था र सुन्दर जीवनहरूको जोखिम दर्साउनु नै कथाको उद्देश्य हो । लेखिएको छ, 'अचेल त बग्घाहरू झुन्ड र गिरोहमा डुल्छन् । मैले उनीहरूलाई ठूलठूला भवनभित्र कुर्सीमा बसेको देखेको छु । हाम्रो समयका प्रत्येक भित्तामा रगतका छिटा छन् ।'

अन्तिम कथा 'दिल्लीका पर्खाल' झन् विस्फोटक आख्यान हो । इज्जतदार र धनीहरूको सहर दिल्लीमा माग्ने, गरिब, रोगी र सर्वसाधारण अचानक गायब हुन्छन्, स्मृतिसम्म बाँकी नरहने गरी । महिला, दलित, गरिब, आदिवासी आदि किनाराका पात्रहरू छन् यसमा । कालो धनको कहानी पनि छ । दिल्ली महानगरमा झाडु लगाउने रामनिवासले जिमखानाको भित्तामा झाडुको मुठोले हान्दा भ्वाङ पर्छ । खोक्रो गुफाजस्तो भित्तामा १०-१५ करोडका नोटको बिटा फेला पर्छन् । झाडुवाला करोडपति बनेपछि के हुन्छ ? त्यो जान्न कथा नै पढ्नुपर्ने हुन्छ ।

कथाको शास्त्रीय सिमानामा नभेटिन पनि सक्छन् उदय प्रकाश । पात्र, परिवेश र भाषाका दृष्टिले कथाको प्राचीन पर्खाल उनले भत्काएका छन् । इतिहास-कल्पना, मिथक-यथार्थ, स्मृति-संवेदनाको मिश्रणलाई मार्खेजको जादुई यथार्थ पनि मान्छन् कतिपय । तर, उदय प्रकाश भने हजारीप्रसाद द्विवेदी र आफ्नो छुट्टै शैली भएको दाबी गर्छन् । मृत्यु या अनुपस्थिति उनको कथा-औजार हो । भारतीय जीवनको बदलिँदो यथार्थ लेख्ने उदय प्रकाशको कल्पनाशीलता ज्यादै डरलाग्दो छ ।

मार्क्सवादी, अझ सीपीआईएमका पूर्वनेता उदय प्रकाश लेखनमा कतै कार्यकर्ता देखिँदैनन् । बरू, उनी त आफूलाई 'स्पिरिचुअल बुद्धिस्ट, गान्धियन मार्क्सिस्ट' मान्छन् । एउटा कथाबाटै क्रान्ति हुन्छ भन्ने भ्रम उनमा छैन । उनमा कवि संवेदना कति छ भने हरेक कथा कविताको आख्यानात्मक विस्तारजस्तो लाग्छ । शिल्प र कथ्यमा नयाँपन हेर्दा उनी विलक्षण कलाकार लाग्छन् ।

मौलिक कृतिको आनन्दानुभूति दिनु कुशल अनुवादकको योग्यता हो । अनुवादलाई ऊँट बन्न नदिए पनि यज्ञशले ठेट नेपाली शब्द खोज्न भने अलिकति अल्छी गरेकै हुन् । समन, घाघ, महुआ, बग्घा आदि शब्दलाई निखुर नेपालीकरण गर्न नसकिने होइन । तपसिलका कुरा छाडिदिने हो भने सबैभन्दा उपलब्धि- उदय प्रकाशलाई अब हिन्दीमा खोज्नुपर्ने छैन । नेपाली स्वादमै हाजिर छन्, *मोहनदास* र *नेलकटर* । ◆

अनुभूति

॥ निरुपा प्रसून

असार प्रेम

पुर्खों की कमाई चन्द दिनों मे खलास किए
मै नेपाल से बम्बई आया, तुम्हारी तलास लिए ।

यो कुनै प्रसिद्ध हिन्दी कविको कविताांश होइन । आफ्नो प्रेमानुभूतिलाई अभिव्यक्त गरेको साह्रै साधारण कविता हो, यो । तर, मलाई यो कविता विशेष लाग्छ । किनभने, यो कविता मेरो बुबा हरिबहादुर ढुंगानाले सन् १९६३ मा भारतमा लेख्नुभएको हो । उहाँ चितवन, शिखरवासको साहित्यिक उपनामले चिनिनु हुन्छ ।

उहाँ कुनै बेला हिन्दी सिनेमाकी विख्यात नायिका मीनाकुमारीसितको एकतर्फी प्रेममा गजबले पर्नुभएको रहेछ । *घामकिरी*मा नयनराज पाण्डे उर्फ राजु पद्मिनी कोल्हापुरेको प्रेममा परेजस्तै । राजुजस्तै मेरो बुबा पनि आफ्नी नायिकालाई भेट्न मुम्बई नै जानु भएछ ।

मेरो बुबा मीनाकुमारीको बंगलाअगाडि उनको एक दर्शन पाउन दिनभरि ढुकिरहनुहुन्थ्यो रे, उता । तर, यता घरमा उहाँका बहिनीहरू र मुआलाई (बुबाहरू सानै हुँदा दिवंगत हुनुभएको थियो हजुरबुबा) भने अथाह चोट लागेको थियो । हजुरमुआलाई कसैले सत्यनारायणको पूजा गरेपछि मात्र छोरो फर्किन्छ भनेर लगाइदियो । आमाको मन न हो, पूजा लगाउनुभयो । संयोगवश बुबा पनि फर्किनुभयो ।

यति प्रसंग मैले मेरो बुबाभित्रको अथाह प्रेमभाव अभिव्यक्त गर्न लेखेकी हुँ । अब त्यस्तो 'पागल प्रेमी'की छोरी, जसले प्रेम कति छ भनेर बेलाबखत जाँच दिनुपर्छ ।

♦♦♦

एक दिन उसले भन्यो, 'तिमीमा प्रेमको उत्साह नै छैन ।'

मैले उसलाई कुनै जवाफ दिइनँ । फिस्स हाँसेँ र मनमनै भनेँ, 'पक्का प्रेम-पुजारी बाबुकी छोरी हुँ । म कम्ती प्रेमिल हुँला त ? बस्, तिमीले मेरो मनको त्यो प्रेमिल सतहलाई स्पर्श गर्न जान्नु पर्‍यो नि !'

उसले स्पर्श गर्न जानेन वा भनूँ सकेन । हाम्रो बाटो मोडियो ।

तर, बुबा र मभित्रको प्रेम भावमा गजबको फरक छ । म सिनेमाको प्रेमकथा खुब रुचाउँछु । मन पनि छुन्छ । हेर्दाहेर्दै आँसु पनि आउँछ । तर, म आफैँले त्यस्तो खालको प्रेम गर्छु या गर्नुपर्छ भन्ने मलाई लाग्दैन । त्यसैले मेरो सपनामा कहिल्यै पनि कुनै फिल्मी हिरो आएन । मैले त सपनामै पनि त्यस्ता कुनै नायकलाई आफ्नो सपनाको राजकुमार बनाइनँ र त्यससित डेटिङ गइनँ ।

मलाई त मैले प्रत्यक्ष भेटेका मान्छेहरूले छिटो प्रभाव पार्छन् । जब मलाई कोही मन पर्छ, सामान्य युवतीको जस्तै मेरो मुटुमा पनि हल्लीखल्ली हुन्छ । त्यहाँ कसैले आफ्नो दस बाई बाह्र साइजको फोटो भने झुन्ड्याइदिन्छ । केही दिन म आफ्नो मुटुमा त्यही फोटो लिएर हिँडिरहन्छु र मस्त भइरहन्छु । मन त पर्‍यो तर के म अभिव्यक्त गर्न सक्छु त ?

हिम्मत आउँदैन मलाई । तर, उसले मन पराओस्/नपराओस्, उसको मनमा मप्रति जस्तोसुकै भावना होस् । म भने उसलाई कल्पनामा बोलाएर डेटिङ जान्छु । उसको काँधमा शिर राख्छु, मायाका केही मीठा तर मौलिक संवाद बोल्छु । यसरी म काल्पनिक-स्वप्निल प्रेममा लिप्त हुन्छु ।

डेटिङ जान पाइनँ भने निदाउनुअघि उसको बिम्ब बोलाउँछु र उसलाई लोरी गाउन लगाउँछु । अनि, म मस्त निदाउँछु ।

मैले मन पराएको मान्छेलाई म अप्रत्यक्ष किसिमले फलो गरिरहन्छु । सामाजिक सञ्जालमा उसका गतिविधि नियालिरहन्छु । उसलाई झ्याउ लाग्ने गरी च्याट पनि गर्छु । जब उसले भाउ दिँदैन नि, हेर्नूस् न कम्ता रुन मन लाग्दैन ।

मलाई कसैको रूपले प्रभाव पार्छ, कसैको कामले । ठ्याक्कै यस्तै मान्छेले प्रभाव पार्छ भन्ने छैन । कहिलेकाहीँ त कसैको हाइटै देखेर पनि प्रभावित हुन्छु । कतिपल्ट त कसैको लेखन मन परेर पनि फिदा भएकी छु । कतिसित आफ्नो अनुभूति सामान्य पाराले अभिव्यक्त पनि गरेँ । तर, समस्या के भइदियो भने भोलिपल्टदेखि मलाई नै झ्याउ लाग्ने गरी उसैले पिछा गर्न थाल्यो ।

तर, एउटा यस्तो पनि छ, जसले मलाई अझै भाउ दिँदैन ।

अझै पनि । ह्या, के उसलाई याद गरेर बसेको भनेर आफैंलाई हकार्छु । तर, ऊसित यति फिदा छु कि उसको पक्षमा लागेर म आफ्नै छायासित झगडा गर्न थाल्छु र भन्छु, 'तँलाई के थाहा, ऊ कति प्रिय छ !'

आफ्नै छाया रिसाउँछ मसित र राती ठुस्स परेर मलाई छोडेर भाग्छ । त्यो भागेपछि म कल्पनामा ती मान्छेलाई बोलाउँछु र भन्छु, 'यार, कम्तीमा पहिलो प्रस्ताव तिमीबाटै आओस् न !'

तर, कल्पनामा तत्काल मेरो प्रिय मान्छेको पछाडि उसकै प्रिय मान्छे कुचो लिएर उभिन्छिन् । त्यसपछि म अलमलमा पर्छु । आफ्नो कल्पनाबाट आफैं भागूँ या भगाऊँ, प्रिय मान्छेलाई ! म दुवै गर्न सक्दिनँ । बस्, आफ्नै कल्पनाको कोठामा कुनै सुरक्षित स्पेस खोज्छु र त्यहीं लुक्छु ।

मेरो प्रिय मान्छे, त्यतिबेला आफ्नी प्रेयसीलाई फकाइरहेको हुन्छ । तैपनि, मलाई ऊ मन पर्छ त म के गरुँ हजुर !

यस्तै हो । यस्तै छ, मेरो ताल । अक्सर म जसलाई प्रेम गर्छु, त्योसम्म मेरो अभिव्यक्ति पुग्दै पुग्दैन । जब पुग्छ, म प्रेमको डोरीले बाँधिन्छु । त्यसपछि त्यो डोरी हतपती फुकाल्न सक्दिनँ । जसलाई प्रेम गर्छु, बेहद गर्छु । त्यसैले म डोरी लिएरै हिँड्छु । कहिले बाँधिन्छु । कहिले कपाल नदुखेको बेला, त्यही बाँधेर दुखाउँछु । प्रेममा दुख्न मजा हुन्छ ।

अहिलेसम्मको तथ्यांक अनुसार कसैप्रति प्रेमभन्दा आकर्षणको संख्या बढी छ ममा । प्रेम भएन भनेर ढाँट्नु किन ? प्रेम भयो । एक-दुई जनासित भयो । तर, सँगै मर्ने, सँगै बाँच्ने कसम ती दुईसित पनि खान सकिनँ । किनभने, मलाई कसममा विश्वास छैन । किनभने, म प्रेममा आनन्दित हुन चाहन्छु । जन्मजन्मान्तरको सम्बन्धमा बाँधिएर बस्न सक्छु जस्तै लाग्दैन ।

मलाई प्रेम औधि मन पर्छ । तर, विवाहको डर यति भयानक किसिमले मनभित्र गाडिएर बसेको छ कि कसैकी स्वास्नी भएर बस्न सक्छुजस्तै लाग्दैन । स्वास्नी भएपछिका दायित्वको भारी म केटाकेटीजस्तै स्वभाव भएकी युवतीले धान्न सक्छुजस्तो पटक्कै लाग्दैन । मलाई त आफू यसरी नै स्वतन्त्र र निर्बन्ध भएर बाँच्नै सर्वाधिक प्रिय लाग्छ ।

ए मेरो प्रिय मान्छे ! के तिमीले यो *नेपाल* पढिरहेछौ ? पढिरहेका छौ भने पक्कै अलिअलि त मेरो बेकुफीमा मुस्कुराइ पनि रहेका हौला । मुस्कुराऊ । तिमी मुस्कुराएको मन पर्छ मलाई ।

तर, तिमी मोटाउँदै किन गएको ? दुब्लाऊ के । किनभने, मेरो सपनामै सही, तिमी र म डेटिङ जानु परेन के ? उकाली-ओराली चढ्नु परेन ? यो मोटो कायाले थाक्दैनौ तिमी ? थाकेर बीच बाटैबाट मलाई छोडेर फर्कियौ भने ? तिमीलाई थाहा छ प्रिय मान्छे, मलाई तिमीसित विवाह गर्ने रहर छैन । तर, तिम्रो नाममा जिन्दगी रित्याउन भने मन छ ।

मेरो प्रिय मान्छे, त्यतिबेला आफ्नी प्रेयसीलाई फकाइरहेको हुन्छ । तैपनि, मलाई ऊ मन पर्छ त म के गरुँ हजुर !

तर, यो मेरो वैशाख-जेठतिरको भाव हो । असार-साउनमा के हुन्छ, म भन्न सक्दिनँ । जाडोमा झन् के हुन्छ, भन्न सक्दिनँ । त्यति बेलासम्म म उसको प्रेममा अझै डुबिरहेकी पनि हुन सक्छु । या, डुब्दाडुब्दै निसास्सिएर भागिसकेकी पनि हुन सक्छु ।

म काठमाडौं आएकै वर्ष मेरो दाइले एउटा कार्पेट एक्सपोर्ट गर्ने अफिसमा काम लगाइदिनुभयो । अफिसकै कामले विशालबजारको हिमालय बैंक जानुपर्ने भयो । त्यहाँ पुग्नासाथ ढोकैको क्याबिनमा एक जना सुन्दर युवक देखेर म हेरेको हेर्‍यै भएँ । ऊ थुकले खाम टाँसिरहेको थियो र ननस्टप चुइगम चपाइरहेको थियो ।

त्यो दिन त्यत्तिकै भयो । तर, दिमागमा ऊ आइरह्यो । लगातार अविछिन्न रूपमा आइरह्यो ।

मैले त्यो न्युरोडको अफिस छाडिदिएँ । त्यसपछि क्लासिक एफएम ज्वाइन गरेँ । फ्रन्टलाइन मिडियाले किनेको समय थियो त्यो । मैले साहित्यिक कार्यक्रम चलाउन थालेँ । कविता र गजलवाचन गर्थें । फोन र चिट्ठी प्रशस्त आउँथे ।

०६२/०६३ सालतिरको कुरा हो । बिहान डिल्लीबजार कन्या कलेज पढ्न जान्थेँ । साँझ ६:३० बजे अनएअर हुने मेरो कार्यक्रमको तयारीका लागि म दिउँसो नै एफएम जान्थेँ । एक दिन एउटा फोन आयो स्टुडियोमै । उसले मेरो आवाजको तारिफ गर्न फोन गरेको थियो । त्यसपछि फोन आउने क्रम चलिरह्यो । हामी फोनमा धेरै गफिन थाल्यौं । हामी फोनमै गज्जबका साथी भइसकेका थियौं । एकदिन भेट्ने निश्चय गर्‍यौं । बालुवाटार चोककै ट्रेन्डी क्याफेमा ।

ऊ आयो । म गज्जबले झस्किएँ । ऊ त त्यही व्यक्ति पो रहेछ, जो थुकले खाम टाँसिरहेको देखेकी थिएँ । जसको सुन्दरता देखेर म मुग्ध भएकी थिएँ । ऊ मेरो कल्पनामा सधैं आउँथ्यो, चुइगम चपाउँदै । त्यसपछि हामी आपसमा के-के चपाउँथ्यौं, चपाउँथ्यौं ।

म एकदमै नर्भस भएँ । सोचेँ, हामीबीचको मित्रतालाई यहीं पूर्णविराम दिनु जाती हुन्छ । हामी कफी खाएर छुट्टियौं । मैले बाई गरेँ उसलाई । सोचेँ, यही नै गुड बाई हो ।

तर, मित्रता रोकिएन । झन् झाँगियो । एक दिन मायालु पारामा मैले भनेँ, "हजुर काठमाडौं सहरको, म चितवनको गाउँकी । हजुर यति सुन्दर, म त राम्री छुइनँ ।"

उसले फकाउँदै भन्यो, "दिल लगी गधी पे तो परी क्या चीज है !"

यति भनेर ऊ मज्जाले हाँस्यो । उसको हाँसो नराम्रो थिएन । तर, मेरो मनमा साह्रै नमीठो गरी गाडियो त्यो हाँसो । के म 'गधी' नै थिएँ त ?

म त्यसपछि चुपचाप भएँ । त्यो दिन पनि बाई गरेँ । तर, त्यो दिनको बाई भने साँच्चिकै गुड बाई थियो, सदाका लागि । त्यसपछि मलाई गधी हुने रहर भएन । उसलाई भेट्ने रहर पनि भएन ।

प्रिय मान्छे ! तिमी यो मेरो अनुभूति पढिरहेका छौ, हैन ? हाँसिरहेका छौ, हैन ? तिमी हाँसेको मन पर्छ । हाँस्दा तिम्रो गालामा पर्ने डिम्पल पनि मन पर्छ । तर, प्लिज अलिक दुब्लाऊ न ल ? छिटो दुब्लाऊ ।

असार आउँदै छ । मेरो मन फेरि असार नहोला के ! ◆

चीनले ल्यायो स्मार्टबस

चिनियाँ रेलको चर्चा सर्वत्र छ । तर, चीनले भने हालै नौलो बस सार्वजनिक गरेको छ, रेलजस्तै बस । स्मार्टबस नाम दिइएको यो बस ३० मिटर लामो र ३ सय जनासम्मलाई राख्न सक्ने यो बसका तीनवटा डिब्बा छन् । रेलजस्तै भए पनि यसका लागि कुनै रेलवे लाइन चाहिँदैन । यसमा चालक पनि हुँदैनन् । बरू सामान्य पक्की सडकमै यसका लागि सेतो रङको लाइन कोरिएको हुन्छ, जसलाई सेन्सरले पछ्याउँदै स्मार्टबस गुड्छ । पूर्वाधारमा हुने यही कम लगानीका कारण यो सबवे र ट्रामभन्दा सस्तो पर्ने यसको निर्माणकर्ता चाइना रेल ट्रान्जिट फर्मले बताएको छ । चीनले यसको व्यावसायिक सुरूआत भने सन् २०१८ बाट गर्नेछ ।

ह्यापनिङ नाउ अब स्थायी फिचर



ट्वीटरमा चलिरहेका प्रत्यक्ष घटनाबारे धेरैले ह्यापनिङ नाउ ह्यासट्याग प्रयोग गरेर लेख्ने गरेको पाइन्छ । ट्वीटर भने अब त्यसलाई एउटा स्थायी फिचरका रूपमा ल्याउन आन्तरिक अभ्यास गरिरहेको छ । ह्यापनिङ नाउ त्यसपछि एउटा लेबलकै रूपमा रहनेछ, जहाँ प्रत्यक्ष समयमा भइरहेका विभिन्न घटना र बहसबारे प्रयोगकर्ता जानकार हुनेछन् । ट्वीटर कार्ड्समा प्रयोगकर्ताहरू दायाँबायाँ सार्दै चालू घटना हेर्न पाउनेछन्, जसमध्ये आफ्नो रुचिको कुनैमा क्लिक गर्नेबित्तिकै त्यो टाइमलाइनमा प्रवेश पाउनेछ । पछिल्लो समय ट्वीटरले आफ्ना फिचरमा नयाँ प्रयोग र परिवर्तन ल्याइरहेको छ । केहीअघि मात्र उसले अपरिचितबाट आउने डाइरेक्ट म्यासेज फिल्टर गर्ने सुविधा थपेको थियो ।

जिबोर्डमा कोर्नुस इमोजी

एन्ड्रोइडका लागि गुगलले आफ्नो जिबोर्डमा अब हातैले इमोजी कोर्न सकिने फिचर अपडेट गरेको छ । अब सर्चबक्समा आफूले खोजेको इमोजीको चित्र कोरेपछि गुगलले मिल्दाजुल्दा इमोजी देखाउँछ ।

अब अनर नाइन

हुवावेले ५.१५ इन्च आकारको स्क्रिन भएको स्मार्टफोन अनर नाइन ल्याएको छ । यो स्मार्टफोन एन्ड्रोइडको नुगाट अपरेटिङ सिस्टममा आधारित रहने हुवावेले नै पुष्टि गरिसकेको छ । हाल हुवावे स्मार्टफोन बनाउने तेस्रो ठूलो कम्पनी हो ।

अनर नाइनको विशेषता भनेको यसको क्यामेरा हो । यसमा दुईवटा रियर क्यामेरा छन्, १२ र २० मेगापिक्सेलको सेन्सर भएका । यी दुई क्यामेराको क्षमताको संयोजनबाट तस्बिरको गुणस्तर निकै बढ्नेछ । सेल्फीका लागि पनि यसमा छुट्टै आठ मेगापिक्सेलको क्यामेरा छ ।

यसको स्क्रिनको डिस्प्ले क्वालिटी १,०८० पिक्सेल क्षमताको छ । र, यसमा कर्भड डिस्प्ले छ । यो स्मार्टफोन चार वा छ जीबी न्यामसहित ६४ वा १२८ जीबी आन्तरिक मेमोरी क्षमताको छ । ३२ हजार एमएएचको ब्याट्रीसहितको अनर नाइन चार फरक रङमा पाइनेछ । र, यसको मूल्य ३ सय ४० देखि ४ सय ४० डलर पर्नेछ ।



इमोजी कम्पोजिसनका कोड थाहा नहुनेहरूका लागि यो फिचर सबैभन्दा उपयोगी हुनेछ । जिबोर्डमा थपिएको यो फिचरसँगै खोजिका नतिजाहरू समेत अझ बलियोसँग ल्याउने बनाएको छ । यद्यपि, जिबोर्डले अहिलेसम्म अंग्रेजी भाषालाई मात्र सर्चमा लैजान सक्छ । अरू भाषामा समेत यसको प्रयोग बढोत्तरी गर्न यसले काम गरिरहेको उसले बताएको छ ।



तस्बिर यसरी लुकाउने

इन्स्टाग्रामले फेरि अर्को फिचर सुरू गर्दै छ, पुराना तस्बिर लुकाउन मिल्ने । आफ्नै पुराना तस्बिर धेरैलाई मन नपर्नु स्वाभाविक हो । अझ परिवर्तित रूप र समयका कारण धेरैले पुराना तस्बिरहरू कसैले नदेखोस् भन्ने चाहन्छन् ।

इन्स्टाग्राममा राखिएका त्यस्ता पुराना तस्बिरहरू मेट्नुबाहेक अन्य कुनै उपाय थिएन । अब भने प्रयोगकर्ताले त्यस्ता तस्बिर लुकाउन मिल्ने भएपछि मेटाउन नपर्ने भएको छ । यो फिचर अझै सुरू भइसकेको छैन । तर, यसको परीक्षण भइसकेकाले यो सुविधा प्रयोग गर्न अब धेरै कुर्नु नपर्ला ।

हरेक तस्बिरको दायाँतिरको माथि रहेको मेनुमा अर्काइभ भन्ने विकल्प आउनेछ । तस्बिर लुकाउन प्रयोगकर्ताले अर्काइभ नै गर्नुपर्नेछ । यसरी अर्काइभ गरिएका सबै तस्बिर नितान्त व्यक्तिगत हुन्छन् । र, अन्य कोहीले हेर्न पाउने छैनन् । यसको राम्रो पक्ष के भने आर्काइभ गरिएका तस्बिरहरू पछि फेरि सबैले देख्न मिल्ने बनाउन सकिन्छ । यसो गर्दा ती तस्बिर सुरूमा अपलोड गर्दाखेरीकै अर्डरमा जान्छ । र, यसो गर्दा अन्य साथीलाई यसको नोटिफिकेसन पनि जाने छैन, जुन यसको सबैभन्दा उत्तम पक्ष हो ।

संयोजन : ज्ञानेन्द्र आचार्य


श्री ५ को सरकार
जिल्ला कार्यालय तनहुँ
नेपाली नागरिकताको प्रमाण-पत्र
ना.प्र.नं. ३०
नाम थर बमबाबा
जन्मस्थान गण्डकी अञ्चल तनहुँ जिल्ला
देवघाट नगर/गाउँ पञ्चायत २ नं. वडा
हालको वतन:- अञ्चल जिल्ला
नगर/गाउँ पञ्चायत नं. वडा
जन्म मिति १९७१।४।१५
बाबुको नाम, थर, वतन:- चन्द्र प्रसाद भट्टराई
पतिको नाम थर:- X

'उनी आएनन्, म पनि गइनँ'

■ रवि मानन्धर

धार्मिकस्थल देवघाटस्थित गलेश्वर आश्रमको आँगनमा भेटिए, बम बाबा । १५ साउन १९७१ मा जन्मिएका उनी केही दिनमा १ सय ४ वर्ष प्रवेशमा गर्दै छन् । ०४६ मा मात्र नागरिकता लिएका उनी चुनावमा मत हाल्न भनेपछि औधि रमाउँछन् । ०४८ यताका सबै चुनावमा मत हालेका उनी यसपटकको स्थानीय निर्वाचनमा मत खसाल्न नागरिकता बोकेरै पुगेका थिए, मतदान केन्द्रमा । उनले नागरिकता देखाउँदै भने, "मेरो नाम नै छैन भनेर भोट हाल्न दिएनन् ।" कहिल्यै बिरामी नपरेका यी बाबाको शरीरमा अहिलेसम्म एउटा पनि इन्जेक्सनको सुई घुस्न पाएको छैन । गत पुस महिनादेखि बढेको दम बिसेक पार्न औषधि खान थालेको दुई साता भयो । भन्छन्, "भाङ न भुत्तो, थोपो छोएको छैन औषधिले ।"

उनी महात्मा गान्धी, जवाहरलाल नेहरूदेखि ज्ञानेन्द्र शाहसम्मको गफ लडाउँछन् । आजभन्दा ७० वर्षअघि उनी देवघाट आए र यही भूमिलाई आफ्नो जरोकिलो बनाए । राजा त्रिभुवनलाई चारपटक, महेन्द्रलाई तीनपटक, वीरेन्द्रलाई दुईपटक भेटेको सुनाउँछन् । भन्छन्, "राजा ज्ञानेन्द्रसित चाहिं भेट भएन । उनी आएनन्, म पनि गइनँ ।" ◆

भिडियोले राहत

ऋचा शर्माको अभिनय र लगानी रहेको फिल्म *आधा लभ* २६ जेठमा रिलिज भयो । खासै प्रचारप्रसारबिना प्रदर्शित यस फिल्मले औसत समीक्षात्मक प्रतिक्रिया बटुले पनि बक्स अफिसमा सुक्खा लाग्यो, प्रदर्शनको पहिलो दिनबाटै । अर्थात् फिल्म निर्माणको पहिलो गाँसमै ढुंगा भेटिन् ऋचाले । तर, फिल्मले दिएको यो घाउमा मल्हमपट्टी लगाएको छ, एक म्युजिक भिडियोले । चन्दा देवानको स्वरमा सजिएको 'छानो हाल्ने सपनीमा...' गीतको भिडियोले सामाजिक सञ्जालमा निकै चर्चा बटुलिरहेको हो । विदुर खतिवडा निर्देशित म्युजिक भिडियोमा ऋचाले बेचिएकी चेलीको भूमिकामा आफूलाई जीवन्त रूपमा प्रस्तुत गरेकी छन् । यसले उनको भविष्य फिल्मभन्दा भिडियोमा उज्यालो रहेको संकेत गरेको त होइन ? ◆

गुमनाम महिमा

अक्सर हिरोइन फिल्म नपाएर गुमनाम हुन्छन् । बल्लतल्ल एकाध फिल्म खेल्छन्, त्यही पनि हिट हुन्न अनि बाध्यताले गुमनाम हुनुपर्छ । महिमा सिलवाल भने यो कोटिमा पर्दिनन् । न उनलाई फ्लप हुँदा फिल्मको अभाव भयो, न एक दर्जन फिल्म खेलिसक्दा पनि 'लाइमलाइट'मा आउन सकिन् । बरू फिल्मले दिन नसकेको चर्चा हट फोटोसुटले दियो । महिमा त्यसमै दंग परिन् । विडम्बना के भइदियो भने उनी अभिनीत आधा दर्जन फिल्म कहिले प्रदर्शन हुन्छन्, टुंगो छैन । *कमिना, ब्याइफ्रेन्ड*लगायतका फिल्म प्रोडक्सनमै अल्झिएका छन् । यही बेला क्षमतावान् नवहिरोइनको लर्को लागेको छ । अनि, महिमालाई किनारा नलागेर भो त ? सोही कारण अहिले फिल्म र फिल्मवृत्तमा उनको निधिखोजी शून्यसमान छ । ◆

तस्बिर : महेश प्रधान

पुनरागमनको प्रयास

जय *पर्शुरामबाट* दरिलो पुनरागमन गर्ने दाउमा थिए, विराज भट्ट । किनभने, मुम्बईबाट फर्किएका उनका समकक्षी अभिनेता निखिल उप्रेतीले *भैरवबाट* तहल्का मच्चाइसकेका थिए । त्यसैले भोजपुरी फिल्ममा व्यस्त हिरो विराजलाई नेपाली फिल्ममा आफ्नो क्रेज फर्काउने चुनौती अझ टड्कारो बनेको थियो । तर, *जय पर्शुरामले* उनलाई विजय गराउन सकेन । न पैसा कमायो, न प्रशंसा । बरू, विराजको साख गुमेको विश्लेषण गरियो । तैपनि, उनले हार मानेनन् । त्यसैले अर्को फिल्म *हर्के राजामार्फत* दर्शकको मन जित्न लागिपरेका छन् । साउन अन्तिम साताबाट छायांकन हुने यस फिल्ममा विराज एक्सन भूमिकामै देखिनेछन् । आखिर उनी 'हटकेक' बनेको पनि एक्सनबाटै त हो । तर, *जय पशुर्रामले* दिएको पीडा *हर्के राजाले* मत्थर पार्ला ? सवालचाहिं यो हो । ◆

निशाको प्रतीक्षा

नखेलेको हो वा प्रस्ताव नै नआएको, निशा अधिकारी आफैं जानून् । तर, सत्य के हो भने उनलाई फिल्मको खडेरी लागेको छ । कुनै बेला वर्षमा आधा दर्जन फिल्मको सुटिङ भ्याउने यी हिरोइनको यतिबेला एउटै फिल्म प्रदर्शनको तयारीमा छ, *रोमियो* । दुर्भाग्य ! यही फिल्म पनि तोकिएकै समयमा प्रदर्शन हुन सकेको छैन । सुरूमा अघिल्लो प्रणय दिवसमा प्रदर्शन गर्ने भनिएको थियो । पछि २९ वैशाखमा सारियो तर स्थानीय निर्वाचन बाधक बनिदियो । अब एकैपटक २७ कात्तिकमा प्रदर्शन हुने भएको छ । उक्त अवधिमा जसरी पनि प्रदर्शन हुने निर्माण पक्षको दाबीलाई धेरैले पत्याएका छैनन् । यस अवधिमा निशाका अरू फिल्म सायदै प्रदर्शन हुनेछन् । यसले उनको मन कति पोल्दो हो कुन्नि ! तैपनि, *पोखराकी कालीमा* अनुबन्ध भएपछि उनलाई राहत मिलेको छ । ◆

छुटाउन नहुने सुपरहिरो

गोकर्ण गौतम

सुपरहिरो फिल्म हलिउडको प्राथमिकतामा पर्छ, सधैँ । जहाँ ठूलो बजेट, स्टार कास्ट अनि जादूयी भीएफएक्सको बोलवाला हुन्छ तर मानवीयता र संवदेनालाई छुन सक्ने सुपरहिरो फिल्मको भने खडेरी छ । यसरी साख खस्किरहेको यो समयमा एउटा जबर्जस्त सुपरहिरो फिल्म आएको छ, *वन्डर वुमन* । जसले आँखा मात्र लोभ्याउँदैन, मन पनि जित्छ । अनि, हलबाहिर निस्केपछि पनि कथा र पात्र मस्तिष्कमा खेलिरहन्छन् । प्याट्टी जेन्किन्स निर्देशित यस फिल्मले शान्ति स्थापनार्थ लागिपरेकी एउटी शक्तिसम्पन्न राजकुमारीको कथा भन्छ । जेन्किन्सले आफ्नो मूल चरित्र प्रिन्सेस डायनालाई 'युद्धको भगवान्'को विपक्षमा उभ्याएकी छन् । अलि गहिरिएर हेर्दा निहित स्वार्थका लागि युद्धलाई प्रश्रय दिने कथित शासक र मानवीय सोचप्रतिको रोष देखिन्छ । हरेक दर्शकले आत्मसात् गर्नुको मूल कारण यही हो ।

अम्याजोनकी राजकुमारी डायना (गल गडोट)ले बच्चैदेखि कठिन युद्ध तालिम लिएकी छन् । बाँकी दुनियाँबाट पूर्ण बेखबर रहेको उनको थेमिस्क्रिया टापुमा एक दिन एउटा विमान दुर्घटनाग्रस्त हुन्छ । सोही क्रममा उनले अमेरिकन पाइलट स्टिभ ट्रेभर (क्रिस पिन)लाई बचाउँछिन्, जो जर्मन सैनिकको फन्दाबाट भागेर त्यहाँ पुगेका हुन्छन् । जासुस स्टिभबाट डायनाले विश्वमा भयंकर युद्ध र त्यसले दिएको अथाह पीडाबारे थाहा पाउँछिन् । र, युद्ध अन्त्यकै लागि थेमिस्क्रिया टापुबाट बाहिर निस्कन्छिन् । उनले चाहेजस्तै संसारमा शान्ति स्थापना गर्न सफल होलिन् त ? किनभने, यहाँ युद्ध कारणसहित होइन, नियोजित र स्वार्थसिद्धका खातिर भइरहेको हुन्छ ।

प्रथम विश्वयुद्धले पिरोलिरहेका बेला डायनाको उदय हुन्छ । उनी जसरी हुन्छ, युद्धका नायकहरूलाई सिध्याउन चाहन्छिन् । शक्तिले भरिएकी पनि छन् तर युद्ध यसरी जेलिएको हुन्छ कि त्यसलाई तोड्न साँच्चै मुस्किल पर्छ । फेरि उनी त महिला मात्र भएको टापुबाट यो दुनियाँमा आएकी हुन्छिन् । तर, निर्देशक प्याट्टीले डायनाको एकोहोरो देवत्वकरण गर्नुभन्दा उनी युद्धविरोधी हुनुको कारणलाई खोतलेकी छन् । जसले गर्दा डायनाप्रतिको दर्शकको प्रेम जीवन्तता र तार्किक हुन्छ । उनलाई युद्ध उकास्नुभित्रको फोहोरी खेल बुझाउन स्टिभको प्रयोग सुन्दर छ । अरू फिल्ममा मूल चरित्र पुरुष हुन्छ, उसलाई महिलाको सहयोग मात्र हुन्छ । यसमा मूल चरित्र महिला छिन्, पुरुष उसको सहयोगी बनेको छ ।

डायनाको चरित्रकरण, मनोविज्ञान र सोच स्थापित गर्न त यथेष्ट प्रयास गरिएकै छ, महिला मात्र भएको टापु अनि युद्धका बहुआयामिक असरलाई पनि पटकथामा जीवन्त शैलीमा बुनिएको छ । सोही कारण दर्जनौं युद्धपिपासुलाई डायना एक्लैले परास्त गर्दा पनि विश्वसनीय लाग्छ । खासमा तर्कसहित सिर्जना गरिएको सुपरहिरो हुन्, डायना । त्यसैले पनि *वन्डर वुमन*लाई विशेष बनाएको छ । जर्मन सैनिकसँग टापुका महिला योद्धाको भिडन्त होस् वा क्लाइमेक्सको एक्सन, गज्जब शैलीमा खिचिएको छ । टापुमा स्टिभ पुगेपछि र टापुबाट डायना निस्किएपछिका कतिपय दृश्य हास्यप्रधान छन् किनभने दुवैका लागि त्यो माहौल बिलकुलै अनौठो हुन्छ । क्रिसको आगमनअगाडिका केही दृश्यले कथालाई तन्काउने काम मात्र गरेको छ ।

डायनाको भूमिकामा गल गडोट बुलन्द रूपमा प्रस्तुत भएकी छन् । सन् २०१२ मा *काठमाडौं* नामक इजरायली टेलिसिरियलमा देखिएकी गडोटको यो पहिलो एकल फिल्म हो । र, उनले जस्तोसुकै चुनौतीपूर्ण भूमिकामा पनि जम्न सक्ने प्रमाणित गरेकी छन् । पुरुष सुपरहिरोको भीडमा उनी अलग मात्र होइनन्, अग्लो पनि देखिन्छिन् । जबकि, कतिपय दृश्य छायांकन गर्दा उनी पाँच महिनाकी गर्भवती थिइन् । क्रिस पिनसँग उनको रसायन सुहाएको छ । क्रिस अर्का प्रशंसाका हकदार हुन् । बृहत्तर हित र शान्तिका लागि उनको चरित्र सम्झनालायक छ । फिल्मका अन्य सहायक पात्र पनि निकै बलिया छन् ।

रोमाञ्चकतासँगसँगै गहिरो दर्शन र भावनाले भरिएको *वन्डर वुमन* जोकोहीले हेर्दा पछुताउनु पर्दैन । अर्थात्, यसलाई बिनासन्देह हेर्नैपर्ने फिल्मको कोटिमा राख्न सकिन्छ । ◆

★★★★☆

अचानक

'अनुहार बिगारेर क्यारिकेचर हुँदैन'

काठमाडौं विश्वविद्यालयबाट पेन्टिङमा स्नातक **नवीन नाल्बो**, २९, मूलतः पोट्रेट पेन्टिङ कोर्न मन पराउँछन् । नाल्बोले क्यारिकेचर विधामा समेत आफूलाई अब्बल साबित गरे, ३० र ३१ जेठमा सम्पन्न पहिलो क्यारिकेचर प्रतियोगिता जितेर । 'नेपाली क्यारिकेचर- ०७४' नाम दिइएको प्रतियोगितामा नाल्बोले बनाएको कलाकार मनुजबाबु मिश्रको क्यारिकेचर पहिलो भयो । यही सेरोफेरोमा नाल्बोसँग गरिएको कुराकानी :

क्यारिकेचर भनेको के रहेछ ?

ड्रइङ, पेन्टिङ, ग्राफिकका माध्यमबाट बनाइने चित्र । समाजमा नाम चलेका व्यक्तिहरूको 'क्यारेक्टर'लाई बिगारेर प्रस्तुत गरिन्छ । जुन चीजबाट ऊ चिनिन्छ, त्यसलाई नै बिगारेर चिन्ने बनाइन्छ, क्यारिकेचरमा । राजनीतिक व्यक्ति, कलाकार, सेलिब्रिटी र नाम चलेका जोकोही यसका पात्र हुन्छन् ।

तपाईंले चाहिँ राजनीतिक व्यक्तिभन्दा कलाकारकै क्यारिकेचर बढी बनाउनुभएको छ, किन ?

जसको 'क्यारेक्टर' आफूलाई थाहा छ, उसैको बनाउने हो । आफूले पेन्टिङ गर्ने पात्रको क्यारेक्टर जति बढी थाहा भयो, त्यति नै आफ्नो सिर्जनालाई धेरै तरिकाले प्रस्तुत गर्न सकिन्छ । मैले कलाकारितामै लागेका व्यक्ति बढी चिनेकाले उनीहरूलाई छान्ने गरेको हुँ ।

'कार्टुन' र 'क्यारेक्टर' दुवैमा हास्य र व्यंग्य त हुन्छ तर फरकचाहिँ के हो ?

'क्यारेक्टर'मा पात्रको हाउभाउ, अंगका आकारप्रकार बढाइचढाइ प्रस्तुत गरिन्छ । त्यो पेन्टिङ हेर्नासाथ दर्शकले फलानो भनेर चिन्छन् । तर, कार्टुनमा भने स्टोरी हुन्छ । कार्टुन व्यक्ति र घटनाकेन्द्रित दुवै हुन्छ । जबकि, क्यारिकेचर पात्रकेन्द्रित नै हुन्छ । बरू घटनाबाट पात्रले देखाउने हाउभाउचाहिँ क्यारिकेचरको विषय बन्न सक्छ । धेरै कुराचाहिँ यी दुईबीच मिल्छ ।

'पोट्रेट पेन्टिङ'मा रुचि भएको व्यक्ति कसरी 'क्यारेक्टर'तिर लागेर प्रतियोगिता नै जित्नुभयो ?

म पोट्रेट पेन्टिङ बढी गर्छु । पोट्रेट, क्यारेक्टर र कार्टुन यी तीनवटै 'इलस्ट्रेसन'का विधा हुन् । त्यसैले कहिले कुन, कहिले कुन बनाउन सकिन्छ नै । पोट्रेट बनाउँदै जाँदा एकपटक कलेजका सरहरूले मलाई तिम्रो आर्टमा क्यारिकेचर पनि मिसाउँदा राम्रो हुन्छ भनेपछि त्यही गर्न थालेँ । क्यारिकेचरमा अनुहारको हाउभाउ, स्वरूप देखिने हुँदा मलाई त पोट्रेट पेन्टिङ नै गरेजस्तो भयो ।

क्यारिकेचरको आकर्षणचाहिँ के हो ?

हेर्न र बनाउने दुवैका लागि छोटो समय खर्चिए पुग्छ, यसमा । हेर्नासाथै बुझिन्छ । अनि, बनाउन पनि धेरैबेर लाग्दैन । तर, नेपालमा आमरूपमा अझै स्थापित हुन सकेको छैन ।

किन स्थापित हुन सकेन ?

हाम्रोमा क्यारिकेचरको अभ्यास नै भएको छैन । बाहिरतिर स्थलगत रूपमै क्यारिकेचर गर्छन् । कलाकारहरू 'स्पट'मा गएर त्यहीँ तुरुन्त क्यारिकेचर बनाउँछन् । वर्कसपहरू भइरहन्छन् । बाहिर क्यारिकेचरका म्युजियम नै बनेका छन्, जुन पर्यटकीय गन्तव्यसमेत हुन् । तर, हाम्रोमा यी कुरा छैनन् ।

क्यारिकेचरको बजार कस्तो छ यहाँ ?

बिस्तारै राम्रो बन्दै छ । कलेजमा पढ्न आउने विद्यार्थीहरूसमेत बढिरहेका छन् । तर, यसमा मात्रै निर्भर रहेर जीवन चलाउने अवस्था आइसकेको छैन ।

बजारले विश्वास गर्न नसक्नुको कारण ?

होइन कला, पेन्टिङ किन्ने भनेको दुईवटा अवस्था हुन्छन् । पहिलो कि त यसको 'क्रेजी' मानिस नै हुनुपर्‍यो, जो आफ्नो खान्कीको रकम कटाएर भए पनि किन्छ । दोस्रो, हामीलाई आधारभूत कुराको अभाव हुनुभएन । त्यसपछि मात्रै उसले पेन्टिङ किन्नेतिर मन लगाउन सक्छ । यी दुवै अवस्था नेपालमा छैन ।

विदेशमा जस्तै क्यारिकेचरका लागि कलाकारलाई 'स्पट'मै लैजाने चलन हामीकहाँ छैन ?

त्यस्तो संस्कार हाम्रोमा भित्रिसकेको छैन । बरू, हामीजस्तै कलाकारको संगठन नेपाल कार्टुनिस्ट क्लबले यो प्रतियोगिताका विजेतालाई विदेशमा हुने प्रतियोगितामा भाग लिन पठाउने गर्छ ।

फोटोसपबाट क्यारिकेचर बनाउन सकिन्न ?

सकिन्छ । तर, यो क्यारिकेचरको सही मार्ग होइन । अनुहार बिगारिदिँदैमा क्यारिकेचर हुँदैन । क्यारिकेचरमा चित्रित विशेषता हेरेर दर्शकले सहजै मानिस चिन्न सक्नुपर्‍यो । हास्य चेत भर्न सक्नुपर्‍यो ।

॥ मनबहादुर बस्नेत

नोटबुक

॥ रवि मानन्धर

पर्सको झमेला

बिहान १० बजे बन्द हुने मुग्लिन–नारायणगढ सडक खण्ड छिचोल्न हामी चढेको टुरिस्ट बस तीव्र गतिमा बत्तिँदै थियो । हाम्रो सिटमुनि एउटा पर्स हुत्तिँदै आइपुग्यो । कसको हो भनेर हल्ला गर्दा जोसुकैले दाबी गर्न सक्थ्यो । त्यसैले पर्स उठाएर जाँच–पड्ताल गरियो । पर्सको माथिल्लो भागमै मतदाता परिचयपत्र थियो । नाम थियो, कसम बानियाँ । ठेगाना : भरतपुर–१६, चितवन । फोन नम्बर थिएन । एकै थर भएकाले चिनेकै मानिसको हो कि भनेर संगै रहनुभएका सहकर्मी राजकुमार बानियाँ एकछिन घोत्लिनुभयो । तर, पार लागेन ।

हाम्रो हर्कत संगैको सिटमा बसेकाहरूले नियालिरहेका थिए । फोन नम्बर पाइने आशमा हामीले फेरि पर्स खोतल्न थाल्यौं । पाँच सयका केही थान नोटका साथमा अरू नोट पनि थिए । तर, कति थियो गन्नतिर लागिएन । पर्सको अर्को भागमा एनसेलको नम्बरसहित सिमकार्डको खोल भेटियो । मैले त्यही नम्बर डायल गरें । 'हेलो...'

उताबाट फर्किएको आवाज आयो ।

'बानियाँजी बोल्नुभएको हो ?'

'हो, को ?'

पर्स हराएको तनाव थियो सायद, कर्कश थियो स्वर । मैले नरम हुँदै सोधें । तपाईंको केही हराएको छ ? अब स्वर परिवर्तन भयो । 'हो, हो, पर्स हराएको छ । हिजो चितवनबाट काठमाडौं आउँदा हराएको । महत्त्वपूर्ण कागज पनि छ ।' उनले एकै सासमा भनिसिध्याए । मैले पर्स सुरक्षित रहेको र हामी पाँच दिन चितवनकै वरिपरि रहने भएकाले कुनै पनि बेला आएर पर्स लैजान सकिने जानकारी दिंदै कुरा टुंग्याएं ।

पाँच मिनेट नबित्दै फोन बज्यो । फोन उठाएँ । उताबाट महिला आवाज आयो, 'मेरो भाइको पर्स तपाईंले भेट्नुभएको छ रे, मलाई दिनूस् ।' 'अरे तपाईंलाई कसरी दिने ? यसका लागि त बानियाँजीले मलाई भन्नुपर्‍यो नि,' मैले भनें । मिनेटभरमै पर्स दिनु भन्दै काठमाडौंबाट बानियाँजीको फोन आयो । हस् भन्दै फोन राखें । आधा घन्टा नबित्दै हैरानी सुरू भयो । कहिले तिनै महिलाको त कहिले म भाउजू हो अनि कहिले बहिनी हो भन्दै नारायणगढ कति बेला आइपुग्ने भन्दै तारन्तार फोन आउन थाले । स्वर पनि रूखो । त्यसमाथि बसको सहचालक नै सम्झिएछन् क्यारे, 'ए गाडीको भाइ कति बेला आइपुग्ने' भनेर सोध्न थालेपछि रिसको पारो चढ्यो । अति भएपछि कडा स्वरमा बानियाँजीलाई फोन गरें । भनें, 'हेर्नुस् तपाईंको पर्सबारे धेरैले सोधखोज गरेर हैरान पारे । अब हामी कुनै प्रहरी कार्यालयमा पर्स बुझाइदिन्छौं, तपाईंले प्रहरीबाटै पर्स लिनुहोला ।' मेरो भनाइ सक्दा नसक्दै बानियाँजी नरम भए । भने, 'अब कुनै फोन आउनेछैन । पर्स पुलिसकहाँ नबुझाउनु होला, म आफैं तपाईं भएकै ठाँउमा आएर लिन्छु ।'

त्यसपछि पर्सबारे मेरो फोनको घन्टी बजेन । तेस्रो दिन उनै बानियाँ फोन गरेर देवघाटमा हामी भएकै ठाउँमा आइपुगे । उनले पर्स बुझे र ४२ डिग्रीको तापक्रममा निथ्रुक्क भिजेको हत्केलाको पसिना मेरो हत्केलामा सार्दै थुप्रैचोटि माफी माग्दै धन्यवाद दिएर बाटो लागे ।

खुला मिटर

रिपोर्टिङका क्रममा तनहुँ, देवघाटमा देखिएको अनौठो दृश्यले मेरो ध्यान खिचिरहेको थियो । त्यो के भने त्यहाँ केही घर र आश्रममा बिजुलीका मिटर खुला अवस्थामा थिए । जहाँबाट विद्युत् चोरी गरिएको प्रस्टै देखिन्थ्यो । दुइटासम्म खासै ध्यान दिइनँ । तेस्रोपटक जब निर्माणाधीन एक आश्रममा मिटर खुला देखेपछि फोटो खिच्न थालें । फोटो खिच्दै थिएँ, माथिबाट ४०–४५ वर्षका दुई मानिस झरे । मैले खुला मिटरको फोटो खिच्दै गरेको देखेर एक जना आफ्नो गोडाको गतिलाई दुगुना पार्दै बाहिरिए । अर्कोलाई भने मैले छेकेरै यो बिजुलीको मिटर किन खुला हो भनेर सोध्न भ्याएं । उनी अकमकिए तर होसियार भइहाले । पहिले दुवै हात आफ्ना दुई कानमा लगेर हल्लाए अनि एक हात मुखमा लगेर हल्लाउँदै आफू सुन्न पनि नसक्ने र बोल्न पनि नसक्ने इसारा गर्दै बाहिरिए । माथिबाट एकअर्कासंग बोल्दै ओर्लिएका उनीहरूको चलाखीसामु म लाचार भएँ ।

फर्कने क्रममा बाटोमा पर्ने अर्को एक सशुल्क वृद्धाश्रममा पनि बिजुलीको मिटर खुला अवस्थामा देखें । मैले खुला मिटरको फोटो खिचें तर कसैलाई सोधिनँ । किनभने, यहाँ पनि यस विषयमा बोल्ने र सुन्ने मान्छे भेट्न सकिँदैन भन्ने मैले बुझिसकेको थिएँ ।

मूर्खलाई निषेध



प्रसंग फेरि पनि देवघाटकै । फर्कने दिन मध्याह्न १२ बजेको घामबाट राहत पाउन हामी श्रीमणि मुकुन्देश्वर चक्रवर्ती आश्रमको कार्यालयमा छिर्‍यौं । भित्र टेबलभरि किताब असरल्ल छरिएका थिए । सरसर्ती हेरेपछि एउटा किताबले मेरो ध्यान तान्यो । *प्रबुद्ध* शीर्षकको किताबको कभर पेजमा नै ठूलठूला अक्षरले मूर्ख बन्धुहरूले नपढ्नुहोला भनेर लेखिएको थियो । माथिबाट तातो हावा फाल्दै गरेको पंखामा शीतलता खोजिरहनुभएका सहकर्मी राजकुमारजीलाई देखाएँ । पसिनाले निथ्रुक्क भिजेको उहाँको मुखमा हाँसोको फोहोरा छुट्यो । भित्र नियालें । म र म, तिमी र तिमी, अज्ञानी मूर्ख र माओ आवो खावो जस्ता शीर्षकका लेख थिए । हामीसँग समय निकै कम थियो । दुर्गाप्रसाद अमात्यकृत १ सय ४६ पृष्ठको त्यो किताब पढ्न हामीसँग समय थिएन । किताब यथास्थानमा राखेर लेखकको प्रचार शैलीबारे कुरा गर्दै हामी बाहिरियौं । केही त हामीले पढ्यौं, पूरै मूर्ख त बनेनौं नि भन्दै बाटोमा हिंड्दै गर्दा हाम्रो हाँसोसँगै पसिना पनि छुटिरहेको थियो । ♦

shanker

JAGDAMBA STEEL
देशको मेरुदण्ड

चिन्ता हैन निश्चिन्तता छ
किनकि जगदम्बा ई छ

यसले दिन्छ भूकम्प प्रतिरोधक निर्माण र जीवनभरको निश्चिन्तता ।

PRISMA - O&M/16

*भूकम्प प्रतिरोधक घर, भवन तथा संरचना निर्माणका लागि गुणस्तरिय निर्माण सामाग्री र नियम अनुसार निर्माण प्रविधि कार्यान्वयन आवश्यक पर्दछ ।

JAGDAMBA E

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भूकम्प प्रतिरोधक छड ।

- अन्तर्राष्ट्रिय उच्चस्तरीय कच्चापदार्थमात्र प्रयोग गरी नेपालकै एक मात्र अत्याधुनिक गुणस्तर नियन्त्रण प्रविधि तथा स्वचालित प्रणालीद्वारा उत्पादित
- अन्तर्राष्ट्रिय गुणस्तर

facebook.com/jagdambasteels

किनकी हामी दिन्छौं तपाईंले सोचे भन्दा बढी गुणस्तर

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

यो योजना शिखर शुजका उपत्यका का सबै
Showroom हरुमा पनि लागु हुनेछ ।

MANAKAMANA SHOE AND FANCY, NEWROAD, 9801015709/ 9851154371, **SHIKHAR SHOE CENTER ,KICHAPOKHARI**, NEWROAD (BESIDE EVEREST BANK), 9801015767/ 9840019436. **PATAN SHOE CENTER**, PATAN, 9801015708/ 984920027. **BOUDHA SHOE CENTER**, BOUDHA KTM, 9801015710/ 9849906780. **BANESHWOR SHOE AND BAG HOUSE**, NEW BANESHWOR, 9816357159/ 9841582695. **THE BANESHWOR SHOE HOUSE**, NEW BANESHWOR (NEAR K&K COLLEGE), 9801015714/ 9825110850. **LIWASH ENTERPRISES MITRANAGAR(S)** MITRANAGAR,GONGABU BUSPARK, 9801015731/ 9801054677. **KIRTIPUR SHOE CENTER**, KIRTIPUR, 9849421771/ 9810265758. **BANEPA SHOE CENTER**, BANEPA, 9801015817. **SPANDAN ENTERPRISES,** SAMAKHUSHI, 9801015734/ 9841657533. **COLLECTION YOUR SHOP**,KOTESHWOR, 9801015808. **NEW BHOTAHITY SHOE CENTER**, BHOTAHITY (TRIVENI), BHOTAHITY (SHAJA BHAWAN), 9848560462/9801015781. **KOSELI HOUSE**,BHOTAHITY, (SHAJA BHAWAN), 9801015711. **SHIKHAR SHOWROOM**, DILLIBAZAR, 9819668527. **SHIKHAR SHOWROOM,** JORPATI, 9861688419.